Agnichakra National Monthly

# अग्निचक्र

ISSN 2362-1109
www.agnichakranews.com

राष्ट्रिय मासिक



८९ औं यात्रा



- क्षमता प्रदर्शन गर्ने समय
- हिराहरूको अनमोल खानी
- श्रीरामको जन्मभूमि नेपाल
- साहित्यको वैज्ञानिकीकरण
- सुश्री भद्रकुमारी घलेको वेद
- लगानीका लागि ढकालको आग्रह

# जथाभावी बाटो नकाटौँ, अकाल मृत्युबाट बचौँ ।

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना विभाग**

वर्ष ९ अङ्क ९ पूर्णाङ्क ८९
By the Grace of God
*Edited & Published by L.N. Bhattarai*
**संरक्षक** : प्रभा राज्यलक्ष्मी राणा
Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक
का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२
॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥
सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१–४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com
ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई
**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य
**डाइरेक्टर**
गोपाल घिमिरे
**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य
**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य
**व्यवस्थापक**
कमला मिश्र
**संवाददाता/सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना
**फोटोग्राफर**
अग्निप्रसाद निरौला
**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)
**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# स्थिरता र समृद्धिका लागि काम गर

*हाम्रो मुलुकमा वि.सं. ०४० सालदेखि विभिन्न प्रकारले सुन तस्करी हुदै आएको कुरा तस्करहरूको बयानले प्रष्ट्याएको छ । सुन तस्कर गर्नेहरूका लागि नेपाल उर्वरभूमि झै देखिन गयो । अनुसन्धानलाई टुंगोमा पुऱ्याएर भोलिका दिनमा नेपालमा हुन सक्ने सुन तस्करीलाई पूर्णरूपमा निस्तेज नगर्ने हो भने अर्थतन्त्रले सोचेअनुरुप सफलता प्राप्त गर्न सक्दैन ।*

*नेपालमा एयरपोर्ट तथा राज्यका सबै संयन्त्रमा व्यापक सुधार गर्नै पर्ने भएको छ । सुन तस्करहरूको साँठ गाँठ नेक्सस राजनीतिक नेतृत्वसम्म रहेको हुन सक्ने आँकलन गर्न थालिएको छ । लामो राजनीतिक अस्थिरताका कारण मुलुक अराजकताको भुमरीमा परेको फाइदा उठाएर तस्करहरूले नेपालको बेइज्जत हुने अवस्थाको स्थिति बनाएकोमा सच्चा देशभक्त जनताहरू दुःखित बनेका छन् ।*

*वाम एकता भई पार्टी एकताको घोषणाबाट ओली र प्रचण्डले नेपाल कम्युनिष्ट पार्टी घोषणा गरेपछि ओली सरकार अब ५ वर्ष टिक्छ भनेर जनतामा केही आशा छाएको छ । राजनीतिक अस्थिरताको अन्त्य भएको छ र अध्यक्षद्वय ओली र प्रचण्ड बधाईका पात्र बन्न सफल हुनु भएको छ । नेता-कार्यकर्ताको व्यवस्थापन गरी सरकारलाई ढुक्क साथ ५ वर्ष शासन गर्न दिन सबैले सहयोग गर्ने हो भने नेपालले ठूलो प्रगति हासिल गर्न सक्ने स्थिति देखिँदै गएको छ । लोकतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा, असमानताको अन्त्य र समृद्धिको सुनिश्चितता गर्ने काममा ओली अघि बढ्नु र प्रचण्डले ओलीलाई भरपुर सहयोग गरून्, जनताको चाहना यही त हो ।*

*स्थिरता र समृद्धिका लागि सरकारले काम गरोस् । समग्र सामाजिक रूपान्तरणको विषय नै नेपालको गणतन्त्र भएकाले गणतन्त्र नेपाली मौलिकतामा आधारित उत्कृष्ठ शासन व्यवस्था रहन सफल भइरहोस् । ओली सरकारको गन्तव्य विकास, समृद्धि, स्थिरता र सुशासनमा केन्द्रीत भइरहोस् । नेपाल र नेपाली सधैँ सुखी र समृद्ध भइरहुन्, सार्वभौमसत्ता सधै केवल जनतामा मात्रै निहित होस्, गणतन्त्र दिवस नेपाली जनताको साझा दिवस बन्न सकोस् । गणतन्त्र दिवस ०७५ को उपलक्षमा अग्निचक्र सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ । जय गोरख ॥*




# ॐ सत्‌गुरू वन्दना

**गोरक्ष् वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ॥**

## भावार्थः



प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## उत्कृष्ट लाग्यो त्रिप्रवरको सिर्जना

अग्निचक्र राष्ट्रिय मासिकमा श्रीमद्भागवतमहापुराणबाट सन्दर्भ स्रोत बनाई भट्टराई डीपी त्रिप्रवरले लेख्नु भएको अध्यात्मिक सिर्जना "धर्मका तीस लक्षण" एकदमै मन पर्‍यो र मेरो मनमा त्यसले सधैका लागि डेरा जमायो । निकै गहिरो अध्ययन गरी त्यसबाट रस निकालेर आफूले पर्याप्त रसको स्वाद लिएर छोटकरीमा समग्र भागवतको ज्ञानलाई धर्मका तीस लक्षण शिर्षक दिएर भट्टराई डीपी त्रिप्रवरले कवितालयमा लेख्नु भएको यो अध्यात्मिक रहस्य मैले २४ पटकसम्म खुरू खुरू पढें । भन्छन् कृष्ण अनादि नित्य पनि हुन्, ब्रह्माण्डका व्यापकबाट शुरू गरेर थियो के उचित अनुचित पनि, ख्याल गर्नु मनैले- श्रीमद्भागवतं पुराणहरूका हुन् धर्मका लक्षण ॥ सम्म प्रस्तुत गरेर लेखक भट्टराई ज्यूले हामी अध्यात्म पारखीहरूलाई ठूलो गुन लगाउनु भएको छ । हुनत "गुरू" शिर्षकमा पनि यस्तै आध्यात्मिक ज्ञानका कुरा त्रिप्रवरले यस अघि पनि अग्निचक्रमा लेखिसक्नु भएको हो । जेहोस् मैले यी दुवै चीजलाई सुरक्षित राखेको छु । उत्कृष्ट लागेर त्रिप्रवर ज्यूको सिर्जना सधैं पढिरहन्छु, जय होस् भट्टराई देवको !!

**– यमन दुलाल,** पाल्पा

## महतज्यूसँग कसरी भेट हुन्छ ?

अग्निचक्रको ८७ औं अंकमा बलदेवराज महत नेपाली सेनाका सेवा निवृत्त अधिकारी हो भन्ने कुरा थाहा पाएको थिएँ । पुनः अग्निचक्रको ८८ औं यात्रामा प्रकाशित बलदेवराज महतज्यूकै हास्य व्यङ्ग्य "फाइदै फाइदा" पढेपछि चाहि महतज्यू सेना होइन कि जस्तो लाग्यो । सेना भनेका त गम्भिर स्वभावका, रिसाहा जस्ता देखिने, अत्यन्तै कम हास्ने भन्ने बुझाइ थियो मेरो । तर महत ज्यूको त्यो व्यङ्ग्य पढ्दा म त तीनछक परें । कति फाइदा, कति फाइदा भन्दै वहाँको लेखाई हेर्दा महत ज्यू वरिष्ठ साहित्यकार झै लाग्यो । सेना भएर पनि व्यङ्ग्यमा कलम चलाउँन सक्ने महत ज्यूको क्षमता बडो सम्मान गर्न लायक छ भन्ने मलाई लागेको छ, यस्ता महान् स्रष्टा ज्यूसँग एकपटक भए पनि भेट गर्न मन लाग्यो ! कृपया भेट गरूम् है हजुर !! **– उमेश थापा,** उर्लाबारी ।







## 'अग्निचक्र' को महानता

अग्निचक्र मासिकले हिन्दी भाषामा इन्जिनियर चन्द्रेश्वरप्रसाद रौनियार ज्यूले लेख्नुभएको 'स्मृतियों का साया' अन्तर्गत किताबी ज्ञान शीर्षकमा २०७५ वैशाख अंकमा प्रकाशित सामग्री बहुत राम्रो लाग्यो । हिन्दी भाषामा 'अग्निचक्र'ले यस अधिका अंकहरूमा पनि लगातारजसो लेखरचना प्रकाशित गरिर हेर हामी हिन्दीका पाठकलाई पनि प्रेम गरेको पाइयो । 'अग्निचक्र' को यो महानताका लागि मेरो सलाम छ ।

**– अहमद भाइ,** गौर ।



दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# नेपालको उज्वल भविष्यका लागि क्षमता प्रदर्शन गर्ने समय

निर्वाचन मार्फत प्राप्त नेपाली जनताको शुभेक्षा र नैतिक बल अहिले पनि प्रचण्ड र केपी ओलीले पाइरहेकै छन् । दुई ठूला कम्युनिष्ट पार्टीहरू आपसमा विलय भएर एउटै "नेपाल कम्युनिष्ट पार्टी" निर्माण गरेपछि ओली र प्रचण्डलाई विश्वभरबाट बधाई र धन्यवादको ओइरो नै लागेको छ । नेपाली राजनीतिमा अझ भनौं नेपालको कम्युनिष्ट आन्दोलनका लागि यो वाम एकतालाई ऐतिहासिक महत्वको राजनीतिक घटना भन्नै पर्ने हुन्छ । नेपाली अस्थिर राजनीतिलाई निमिट्यान्न पारी विगतमा एक-अर्काका प्रतिस्पर्धी र प्रतिरोधी रहेका दुवै पार्टी बीच लगातार आठ महिनाको गृहकार्य पछि यति सहज ढंगले पार्टी मर्ज गराएर नयाँ नाम नेकपा (नेपाल कम्युनिष्ट पार्टी) बनाएर ओली र प्रचण्डले इतिहासमा आफ्नो नाम सधैंका लागि "नेपाली ऐतिहासिक कम्युनिष्ट नायकहरू" को दर्जामा राख्न सफल भए ।



पुष्पलालले वि.सं. २००६ सालमा स्थापना गरेको नेपाल कम्युनिष्ट पार्टी आज आएर ६८ वर्षको ऐतिहासिक कालखण्डमा ओली र प्रचण्डको प्रयास र त्यागमा एउटै कम्युनिष्ट पार्टी बन्न सफल भएको हो । जनस्तरमा तराई-मधेशमा भारतले मधेसी जनतामा फूट ल्याई आफ्नो स्वार्थ लाद्न केही मधेसी नेतालाई काखी च्यापेर संविधानमा असंन्तुष्ट मधेश भन्दै नाकाबन्दी गरी जुन घृणित खेल खेलेको थियो, त्यसमा राष्ट्रिय अडान लिएकै कारण आम नेपालीले ओलीलाई रूचाए पछि लज्जित भई भारतले नाकाबन्दी तोड्नु परेको थियो । नाकाबन्दीबाट रूष्ट भएका नेपालीले भारतसँग नझुकेपछि र ओलीले चीनको समर्थनमा नयाँ सम्झौता गरेपछि भारत झस्केको थियो । ओली पहिलो पटक प्रधानमन्त्री बन्दा मधेशीदललाई ओली विरूद्ध प्रयोग गराएको भारतले अहिले आएर ओलीलाई नै प्रिय मित्र भन्न थालेको छ ।

आजसम्म नेपालको इतिहास हेर्ने हो भने विश्व नै छक्क पर्ने चीज नेपालमा रहेका छन् । भारत माथि ब्रिटिस औपनिवेशिक दासता रहदा समेत नेपाल स्वतन्त्र थियो । यो मुलुकमा चार हजार वर्ष पुराना पुरातात्विक सम्पदाहरू छन् । दुर्लभ मानिने खानीहरू पनि छन् । १२० नटीकल माइलको दूरीमा दुईसय मिटर देखि सगरमाथाको चुचुरो ८ हजार ८ सय ४८ मिटरको उचाई छ भने ५ हजार वर्ष पुराना मानव वस्तीका उत्खनन् प्रमाणहरूका साथै एक करोड दश लाख वर्ष पुराना मानव अवशेष नेपालमा रहेको हुँदा संसारले नै चकित मानेको छ ।

कतिपय विद्वान्हरूले नेपालमा संघीयता टिक्न सक्दैन भन्दै गरेतापनि ओली र प्रचण्डले अब टिकाएरै देखाउँने भएका छन् । ५ वर्ष संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले आफ्नो पिल्लर राम्रोसँग टेक्यो भने नेपालमा संघीयता फाप्ने पक्का छ । भाषण कम, काम धेरै, भ्रष्टाचार सून्य र जनता सुखी हुने काम गरे भने ओली र प्रचण्डले नेपाललाई विकासै विकास र समृद्धि नै समृद्धिले ढाकेको बनाउँने विश्वास जनताले गरेका छन् ।

गणतन्त्र, संघीयता, समानुपातिक समावेशिताका आधारमा जनताको अधिकार र सहभागितालाई यसरी नै बिस्तार गर्दै विकास र समृद्धि तर्फ मुलुकलाई अघि बढाउन जरूरी छ ।

चीन होस् या भारत, अमेरिका होस् या युरोपियन युनियन कसैको बहकाई र उक्साहटमा नलागिकन ओली र प्रचण्डले नेकपालाई एक ढिक्का बनाई राखेर नेपाल र नेपालीको हितमा काम गर्ने हो भने ओली र प्रचण्ड यी २ कमरेडले आफ्ना सहकर्मीसँग एकजुट भई नयाँ नेपालको उज्वल भविष्य कोर्न सफल हुन्छन्, यसमा कुनै दुईमत छैन । नेपाल कम्युनिष्ट पार्टीले अहिले व्यापक जनसमर्थन आर्जन गरेको हुँदा यो मौका ओली-प्रचण्डले गुमाउनु हुदैन । स्थिर सरकार र उज्वल नेपालको आधारशिला खडा गर्न दुई नेता सक्षम रहने विश्वास सबैको छ ।

विधिको शासन जोगाएर लोकतन्त्रका प्राप्त मूलभूत विशेषताहरूमा अतिक्रमण हुन नदिई लोकतन्त्रका मूल्य मान्यता अनुसार इमान्दार भएर शासन सञ्चालन गरे भने अब नेपालमा राजनीतिक स्थिरता सुनिश्चित भएको हुँदा यो मुलुकलाई अराजकता र दण्डहीनताको भुमरीबाट मुक्त गरेर सही दिशामा अग्रसर गराउँन ओली-प्रचण्ड लागुन् । चीन र भारतसँगको सम्बन्ध नयाँ उचाईमा पुगेको हुनाले र पूर्ण बहुमत प्राप्त सरकार गठन भएको हुदा यस अवसरलाई ठूलो चुनौती सम्झेर सबै राष्ट्रहरूसँग विश्वास जिति विश्व जनमत समेत (यस नेकपाको सरकारलाई) आफ्नो पक्षमा प्राप्त गर्दै ओली नेतृत्वको सरकारले धैर्य, सहनशीलताका साथ आफ्नो क्षमता प्रदर्शन गरी नेपालको भविष्य उज्वल बनाउन लागुन् । राणा, पञ्चायत र निरंकुशताबाट उम्केका स्वतन्त्र नेपाली नागरिकको अबको इच्छा यही हो । ◆◆

This is very rare. Almighty gives it only to Man, once or *twice in millions of years* in his cycles of births and deaths. He has lost his Way; so God is kind enough and has given him a chance to correct himself. Human life is **the field of action,** where you earn merits or demerits and, as a result, go up or down or both. Added to this, you have got also a chance in this life to earn *Eternal Freedom,* i.e. *from birth and death cycles.* Life of other creatures is **the field of enjoyment or suffering** according to their past earnings.

*****

All other animals have **general Senses;** man alone has **Common Sense.** All animals including man have hunger, sleep, fear & sex and no more! Man alone can go to God, others cannot.

*****

Truly speaking life is a wretched thing; it is a punishment. Life is a story of complaints; everybody complaining against everybody. Life is a nasty thing; we must abandon it forever. Only when we understand this, we are admitted in **RL.** Therefore we must concentrate in the search for Truth.

### Wealth


Pure wealth earned by **RL** is usually not stolen or lost. If we give 10% of our earning in Charity, even if we are not careful, they would not be stolen. One must however be reasonably careful.

### Imitation

You must know the meaning of **RL** properly. Do not forget that **RL is private and personal.** For example, you have a cloth; you make your dress according to your build and choice. The design too should be yours, not others'. Even though by accident somebody's dress may fit you, you must have your own choice.

**Ramkrishna Paramhamsa (RP)** loved God with complete renunciation (*Vairagya*); he also practised a profession (as a *pujari* of Daksineswara temple) even though he neglected personal and household duties. RP's ways were right for him, but not for us. RP's life may give inspiration for Devotion (*Bhakti*) which may not be of much value to you!

**Raman Maharshi (RM)** had great Renunciation (*Tyag*). He continued this with till the last.



# HUMAN LIFE

**Dr. YB Shrestha Malla**

### Humility

SB said that a man with perfect humility is more beautiful than the most beautiful woman in earth. If you have humility, it will express itself through every pore of your body.

**Humility** is the highest, **the king of virtues.**

In company one should behave with humor and humility.

(*Then SB cited the example of a young recently married girl/woman*):

But according to the nature of the company also one should speak! we should not be considered dry people; We should be able to create pleasantness in whichever company we may be. For example, in Mahabharat the warriors "sleeping" with their weapons as their pillows and were happy as if their heads were in the thighs of their beloved women! According to the nature of the subjects, one should write! Vyasa was writing for the worldly people... There should be navaras (*nine kinds of merits/demerits/ in our speech and writings!*)

**Remember:** *There are 84 lakhs of cells in our body. The senses of tongue, touch, sex and other pleasures "kill" them. They are there to focus on the Highest; but we are spending them in unworthy things.*

**Q: How to save ourselves from these senses?**

A: By **Harmonious breathing, sweet music and dance, regulated living** and **sleeping**: the best time to go to sleep is between 9-10 pm. Strong and noble mind improves your health; checks restlessness for a long time. Sitting in one position for a long time too checks restlessness of Mind and improves your health. Try to meditate in a *fixed position* for *fixed time*, chanting *fixed mantra;* some even try to *fix their breath* also.

**Meals** should be light, especially in the night. More than necessary **sleep/food** take away much of our strength.

**But remember:** Enjoyment only or Renunciation only (*Bhog only or Tyag only*) may both be bad. But RP's way was right for him, because every man is different. A **RL** man should not imitate others' living; it is wrong to judge others without taking into account their living properly.

### Maya

Maya is misconception. It is a delusion: it shows the False "I" and hides the Real "I".

### Monotony

1. **You should know the technique:**
1. **Change of place** may be tried. In order to kill monotony SB used to go to Godavari etc. for bath and so on.
2. **Focus your attention on your Duty, do it with dexterity and with relish.**

Till you have monotony you have not controlled your mind. Our **dress** should be properly made; our **speech** and writings should be impressive and convincing. Remember that we need to deal with all sorts of people. So we should therefore, for example, **read** *Gita/Bhagavat,* etc. and other **sacred books -** they are good for meditation too.

**Q: How to know our progress in RL?**

No progress should be regarded as progress except seeing the Beyond.

### Patience

**Rome** was not built in one day. For example: just by lighting a fire, you cannot feel the heat immediately. So with the sun. It takes time, you know! A soldier has to practice shooting for a long time, before he becomes an expert. You must wait. You must not despair.

For **RL** I give you 10 years for the First Discipline to live it perfectly. Go slowly: you cannot climb Shivapuri hill in 15

minutes! Also do not use excessive effort; otherwise you will become quickly tired!

Also don't despair quickly. You are a fool, if you say, "All or Nothing!" Believe that God is in your heart; so the power in the whole universe is equal to the power in you!

### One's Nature

It is difficult to change your nature, but one is able, you know! But you can do so if you go on trying. *Yuktise mukti mitlaahai.*

### Nirvikalpa Samadhi

In NS death is not conquered. Omnipotence etc. are still to be attained.

**Q: How to Study and gain maximum knowledge?**

A: Put all sorts of questions about the subject concerned and try to answer them yourself. Then you will come to know the answers! Don't forget that there are 3 meanings in every object--1) **Literal** (*Shabdaartha*) word-by-word meaning 2) Inner meaning (*Bhaabaartha*) and 3) **Goal** (*Laksyartha*).

### Sin & Violence

To speculate on the horrors of Death & Pain is a sin. Generally committing any act of Commission & Omission is violence. Harming others wilfully, except in self-defence, is also violence.

**Q: One incurs sin, if he does not look after his family: is that correct?**

A: Yes...But if he wants God and nothing else, not even life, he can repay his debts later and also achieve God.

*****

Praying to God to reveal Himself to us is entering into *Samadhi.* So is giving up egoism; in fact it is giving up life.

**Q: Is it necessary to leave home for God?**

A: No!

However in the last stage of your journey, you must be able to *minimize even your personal duties and do meditation alone.* If you can do this, you can see the Truth even in your own room. *Two years before you should go into complete seclusion,* you should start this as a preparation, Gradually reduce association with other people including your wife and children: you should however see that they are properly established in life.

*****

You can change even some useless and harmful works into God-worship e.g. *Teaching students* selflessly at school or *killing men* who are engaged to destroy innocent people in a spirit of God-dedication. He is pleased with such people, who help to maintain order in this world.

If you have a cottage, a cow and a garden, that would be very good indeed! If one knows the art of living, how beautiful life becomes! Try to spend some years trying to live RL; later you can live it perfectly.

**Warning during Meditation e.g. The mantra "Aham Brahmasmi** means, "I belong to *Brahma*"; not that "I am *Brahma*". You should not say this, till you realise the Truth!

*****

**Sufferings** are our greatest friend.

**(To one who took part in Spiritual Fellowship):**

Suppose you have to teach Geography to children or BA students, you should teach Physical Geography to the former, and Cultural Geography to the latter. Your study is gross now. Listen to the story of Guru Dhaumya in Mahabharata: Faithful obedience to the Guru is first necessity. You are worse than Veda, his third student.

Study **Ramayan, Mahabharat and Bhagavat.** It takes time to rightly understand them. But even if takes you 1000 years, don't worry.

Read one sentence for one day, not the whole. *Contemplative Study* is needed.

To learn Sanskrit half-an-hour daily is necessary e.g. The book **Amarkosh** is good for this.

### Fate/Destination/Prarabdha

Our *lower life* is determined by our past activities. The higher life (Devotion) has nothing to with this. One is responsible for one's troubles. *Fate cannot be eliminated nor modified; it can be postponed* however...For example, Krishna too had to suffer at the hands of a hunter: Bali had not done wrong to Rama, but he killed him hiding. So His punishment was postponed till He could enjoy it as Krishna.

Living **RL** betters fate.

### Progress

No progress should be regarded as progress except seeing the Beyond.

### Scholarship

It is not compulsory, but can be recommended as a useful thing. Scholarship can make our speeches or writings impressive and convincing.

**Q: What is Soul? What is Ego?**

A: When you say, "I am this" with pride this is Ego; what you call "I" "I", it is your Ego.

### MASTER/SPIRITUAL TEACHER

1. Master is necessary till you are securely established in **RL.**
2. Strength of a **king** lies in his Army, the strength of a **bird** lies in his wings; the strength of **a seeker** in his Discipline and having an accessible and true Master/Guru--a Realized Soul.
3. Thakur Lal understands **RL** but not its importance; J. G. Bennett understands the importance of **RL** but not **RL.**
4. There are various methods of meditation. For example, the poet Kalidas was too much sensual, but wanted to meditate! He was given a *specific method* by his Master which he could use while he indulged with his women!
5. Strength of a seeker lies with his Master: but he must be accessible and realized.

If a Policeman arrests you for some crime, you should blame the Ruler, not the Policeman. Likewise, if somebody harms you when you are trying to live **RL,** you must blame God, but not the harm-doer, who is only an instrument.

Actually you yourself are responsible for it. Remember that God is so kind that He has sent you to this life to purify yourself. If you get happiness, that is your own earning/Prarabdha.

### AVATAARS/DESCENT FROM THE HIGHEST

They are Descents from the Higher Consciousness. Krishna is one of them. When their work is finished, they go back. Realized Souls do not save their commitments. There are "partially" realized Souls like Dhruva. When they leave their bodies, they go to an infinite space first and live there, the world created by themselves.

### HAPPINESS

If somebody has not worked for himself, it is sheer humbug to say that anybody can give happiness to anybody. If one is not happy himself, how can he help others to become happy.

| SB = Shivapuri Baba | RL = Right Life |
|---|---|

व्यक्तिगत दृष्टिकोण – **लोक मणि पौडेल**



# श्रीराम को जन्मभूमि पनि नेपाल नै हो

## भगवान् राम हाम्रा छोरा हुन् ज्वाईं होइनन्

सीता जनकपुर की छोरी भएकीले र राम इण्डिया को लखनऊ नजीक रहेको अयोध्या का बासिन्दा हुन् भन्ने भ्रम भएकाले हामीले राम लाई ज्वाईं ठान्दै आएको अवस्था छ । तर यो कुरा सत्य होइन भन्ने तर्फ विभिन्न तर्क र प्रमाण ले संकेत गर्छन् ।

१. साथ मा पुष्पक विमान भएका हुनाले रावण सर्वसुन्दरी सीता को स्वयंबर का बेला श्रीलंका बाट जनकपुर आउनु अनपत्यारिलो होइन तर झण्डै ५०० किमी टाढा रहेको अयोध्या बाट रथ मा चढेर जनकपुर आउनु पत्यारलाग्दो र सम्भव कुरा होइन ।

२. श्रीलंका बाट रामहरू फर्किसके पछि धोबी को भनाई लाई लिएर सीता लाई वनबास पठाउँदा लक्ष्मण ले सीता लाई वाल्मीकि आश्रम नजीकै छाडेर उसै दिन फर्केको प्रसंग रामायण मा छ । इण्डिया को अयोध्या बाट वाल्मीकि आश्रम पुग्न ऊ बेला २५० किमी भन्दा लामो बाटो पार गर्नु पर्थ्यो । भनेपछि जाऊ आऊ गरेर ५०० किमी बाटो रथ को सहायता ले एकैदिन मा पूरा गर्नु सम्भव कुरो होइन ।

३. इण्डिया का प्रसिद्ध उपन्यासकार स्वर्गीय कमलेश्वर ले सन् २००० मा प्रकाशित गरेको उपन्यास "कितने पाकिस्तान" मा पनि सो अयोध्या राम को जन्मभूमि नभएको पुष्टि गरिएको छ जसलाई नामवर सिंह, अमृता प्रितम, हिमांशु जोशी, विष्णु प्रभाकर जस्ता लेखक साहित्यकार ले प्रशंसा गरेका थिए र इण्डिया का सबैजसो पत्रपत्रिका मा तेसको समीक्षा छापिएको थियो ।

४. जसरी अहिले केही इण्डियनहरू ले इण्डिया मा रातारात नक्कली लुम्बिनी बनाएर बुद्ध इण्डिया मा जन्मेका हुन् भन्ने कुरा सिद्ध गर्ने प्रपञ्च रचेका छन् तेसरी नै शतकौं अघि रामायण मा वर्णित अयोध्या लाई उत्तर प्रदेश मा देखाएर तेसको श्रेय सँगै त्यहाँ भएको बाबरी मस्जिद माथी हिन्दुहरू ले हमला गरून् र अयोध्या लाई हिन्दुहरू को धार्मिक केन्द्र बनाउन सफलता मिलोस् भन्ने अभीष्ट लुकेको हुन सक्छ ।

५. नेपाल को चितवन जिल्ला मा रहेको माडी, जो प्राचीन समय देखि नै अयोध्यापुरी का नाम ले पनि जानिन्थ्यो, त्यो नै वास्तविक रामजन्म भूमि अयोध्या हुनुपर्छ । केही समय पहिलेसम्म त्यहाँ स्थित एउटा गाविस को नाउँ अयोध्यापुरी रहेको थियो । अहिले टाँडी नगरपालिका भए पछि उक्त गाविस वडा नं ७ र ८ मा परेको छ । सो ठाउँ बाट जनकपुर करीब १८० किमी पूर्व मा पर्छ भने वाल्मीकि आश्रम झण्डै ७० किमी पश्चिम मा पर्छ । त्यहाँ बाट रथ मा चढेर एकै दिन मा वाल्मीकि आश्रम पुगेर फर्कन सकिन्छ ।

६. उता वाल्मीकि आश्रम अहिले पनि नेपाल मै पर्छ । यो सबैले मानिआएको विषय हो । चितवन राष्ट्रिय निकुञ्ज तथा पर्सा वन्यजन्तु आरक्ष को दक्षिणी सीमाना मा अवस्थित एस आश्रम मा नेपाल कै भूमि भएर पुग्न सहज छैन । अहिले पनि त्रिवेणी बाट नारायणी पार गरेर इण्डिया को टंकी बजार पुगी इण्डिया कै वाल्मीकि बाघ संरक्षण क्षेत्र हुँदै सुननदी र पतनदी तरेर पुग्नुपर्ने अवस्था छ । एसमा नेपाल सरकार को खासै ध्यान पुगेको छैन ।

७. रामायण को अन्तिम तिर वाल्मीकि सीता र लव कुश लाई लिएर पैदल यात्रा गरी राम लाई भेट्न गएको वर्णन छ । वाल्मीकि ले सीता को पवित्रता का बारे मा राम लाई अवगत गराएर सीता तथा लव कुश तीनै जना लाई राम का जिम्मा लगाउने योजना थियो । उनीहरू को भेट भएको ठाउँ अहिलेको देवघाट हो । त्यो बेला राम ले सीता लाई स्वीकार गर्दा जनता मा गलत सन्देश जाने सोचेकाले सहजता सँग वाल्मीकि को आग्रह शिरोपर गर्न सकेनन् । एसबाट दुःखी भएकी सीता ले धरती माता लाई पुकारिन् । धरती फाटिन् र सीता धरती मा समाहित भइन् । त्यो ठाउँ को दर्शन गर्न अहिले पनि देवघाट मा तीर्थालुहरू को भीड लाग्छ ।

८. अहिलेको अयोध्यापुरी देखि पश्चिम नारायणी नदी पार गरे पछि रामग्राम आउँछ । अयोध्यापुरी देखि उत्तर तिर रामपुर छ । अयोध्यापुरी देखि पूर्व सुनसरी जिल्ला को जंगल मा राम ले धुनी जगाई आगो तापेको ठाउँ अद्यापि रामधुनी का नाम ले प्रसिद्ध छ । उता देवघाट सँग जोडिएको रामनगर पनि बिर्सन हुँदैन । पाल्पा मा पनि रामपुर छ । रामपुर सँगै काली नदी को किनार मा रामघाट छ जहाँ बाट राम अन्तर्ध्यान भएका थिए । रामायण मा राम ले आफ्नो राज्य विस्तार गरेको प्रसंग उल्लेख छ । वरिपरि का रामनाम युक्त ठाउँहरू राम ले विजय प्राप्त गरेका ठाउँहरू हुन सक्छन् ।

९. रामायण मा वर्णित एक घटना मा राजा दशरथ शिकार खेल्न जाँदा श्रवणकुमार ले पानी भर्न डुबाएको गाग्री मा पानी भरिँदा को आवाज सँग झुक्किएर दशरथ ले वाण चलाएका थिए । सो वाण लागेर श्रवणकुमार को मृत्यु भएको थियो । श्रवणकुमार का दुवै मातापिता अन्धा थिए । छोरा को मृत्यु थाहा पाए पछि उनीहरू ले दशरथ लाई पनि आफ्नै जस्तो पुत्रवियोग को श्राप दिए र वियोग भएको पीडा ले बूढाबूढी धेरै दिनसम्म रोइरहे । श्याङ्जा मा अहिले पनि अन्धाअन्धी दह का नाम ले प्रसिद्ध कुवा छ र त्यो दह नै आँधीखोला को मुहान हो ।

१०. राम का चारै जना दाजुभाई लाई सानै छँदा दरबार मै पुगेर पढाउने गुरू वशिष्ठ को जन्मभूमि पनि नेपाल नै भएको पुष्टि गर्ने धेरै आधारहरू छन् । राजाहरू किशोर भए पछि धनुर्विद्या आदि सिकाउने गुरू विश्वामित्र सँग जोडिएको एउटा प्रसंग रामायण मा छ । जसमा विश्वामित्र सँगै राम लक्ष्मण ले कोशी नदी तरेको उल्लेख छ । त्यो कोशी नदी अहिले नेपाल मै बगिरहेको कोशी नदी हो भन्ने कुरा मा कुनै सन्देह छैन । अहिले मानिरहेको लखनऊ नजीकै को अयोध्या बाट घुम्दै हाम्रो कोशी नदी सम्म आइपुगेको कुरा पत्याउन सकिँदैन ।

११. यो सत्य कुरा को थप अनुसन्धान गरी एसको प्रचार प्रसार गरेर बुद्ध को मात्र होइन राम को जन्मभूमि पनि नेपाल नै भएको कुरा विश्व सामू राख्नु पर्छ । अनि इण्डिया सँग हाम्रो झुकेको नाता ( सीता को माइती भएका कारण) लाई समाप्त गरिनुपर्छ । राम जन्मभूमि को विवाद लाई लिएर इण्डिया को अयोध्या मा हजारौं मानिसहरू को ज्यान गइसकेको छ र झगडा यथावत् छ । रामायण मा वर्णित सरयू नदी माडी या नारायणी या राप्ती मध्ये कुनै एक हुनुपर्छ । यी तथ्यहरू ले राम को जन्मभूमि नेपाल नै भएको सिद्ध गर्ने हुँदा भगवान् राम हाम्रा ज्वाईं होइनन् हाम्रै देश का सन्तान हुन् छोरा हुन् भन्ने कुरा लाई सगर्व हृदयंगम गर्नुपर्छ ।



# पाठकका मानसिक भोक, जिज्ञासा र चिन्तनलाई गतिला पौष्टिक खुराक होस्

**साहित्यमा किन लाग्नुभयो ?**
- यसै कारण भन्ने थाहा छैन । यो कुरा फूल किन फुल्छ भनेजस्तै होला कि ?

**कुन कुन र के के विधामा लेख्नुभयो ?**
- कथा, कविता र निबन्ध लेखेँ ।

**कविता र निबन्धै किन ?**
- थोरै शब्दले कुनै एउटा कुरा वा थोरै शब्दले धेरै कुरा भन्न मनलाग्दा कविता होला र धेरै शब्दले कुनै एउटा कुरा भन्न मनलाग्दा निबन्ध होला जस्तो लाग्छ, तर साँच्चै किन हो थाहा छैन ।

**के निबन्धमा अरू विधाले नदिएको चिन्तन दिन सकिन्छ ?**
- सकिन्छ जस्तो लाग्छ । सबै विधाका आ-आफ्नै केही विशेषता हुनुपर्छ, नत्र बेग्लाबेग्लै विधा हुने थिएनन् होला । निबन्धमा एउटा विषयवस्तुलाई चारैतिरबाट घेरेर, छेकारो मारेर पाठकको सम्म आँफूले चाहे जसरी पुऱ्याउन अलिक सजिलो हुन्छ कि जस्तो लाग्छ ।

**भोलिको नेपाली निबन्ध कस्तो होस् जस्तो लाग्छ तपाईंलाई ?**
- पाठकलाई आनन्द दिने होस्, आन्दोलित पार्ने होस्, मन छुने होस्, जटिल कुरालाई सरलतापूर्वक खोलिदिएर पाठकलाई मिठो आश्चर्य पस्किने होस्, सतहमा सजिलो र स्वभाविक देखिने तर त्यसको गहिराईमा केही लुकेको छ भने त्यसमा डुबुल्कि मारेर ती कुरालाई बाहिर ल्याईदिने खालको होस्, पाठकका मानसिक भोक, जिज्ञासा र चिन्तनलाई गतिला पौष्टिक खुराक होस् जस्तो लाग्छ ।

**नेपाली कविताले कस्तो फट्को मारिरहेको देख्नुहुन्छ ?**
- राम्रो फट्को मारिरहेको देखेको छु, तर यही हो भनेर चोरी औंलाले औंल्याउन नसके पनि कतै केहि नमिलेको जस्तो पनि लागेको छ । सबै कुराले राम्रो र स्वादिष्ट तर अलिकति कतै नून नलागेको तरकारी जस्तो लागेको छ ।

**साहित्यमा लाग्नुको कुनै प्रेरणा स्रोत छ कि ?**
- यही नै हो भन्न त सक्दिन तर थुप्रै कुराको प्रभाव होला जस्तो लाग्छ । सानामा अरूले लय हालेर भनेका कविता, गीत र तिनमा रहेका अनुप्रास आदिले आकर्षण गर्‍यो । अनि पछि शब्दका बेजोड शक्तिले मोहित पार्‍यो । प्रेरणाको स्रोतभन्दा मान्छे चैं को होला भनेर सोध्न खोज्नुभएको भए शुरूमा मेरो बुबा, अनि पछि त कति जना हो कति, भनेर साध्य छैन ।

**तपाईंको दृष्टिमा जीवन के हो ?**
- जीवन यस्तो हो भन्न म सक्तिन - किनभने कुनै मान्छेले जीवनको एउटा सानो अंश मात्र पाएको हुन्छ, बाकी अंश अरू मान्छे, जीवजन्तु, किराफट्यांग्रा आदि समेतले पाएको हुन्छ । आफ्नै जीवन पुरै बुझ्न पनि अन्तिम समयसम्म पर्खनु पर्ला- अनि कसरी भन्न सक्नु ? यसमा पुरै निबन्ध लेख्न सकिन्छ । वास्तवमा मैले मेरो निबन्ध संग्रह झ्याम्ली बाख्राको पाठोको एउटा निबन्धमा यो विषयलाई उठाएको छु ।


**अध्यात्मलाई कसरी हेर्नुहुन्छ ?**
-साँच्चै चाहिं थाहा छैन तर अध्यात्म शब्द भने प्रशस्तै सुनेको छु र केही अन्दाज पनि गरेको छु । एउटा कुरो चैं के पनि होला जस्तो लाग्छ भने यो मान्छेको मानसिक सुविधा र सन्चोको लागि सिर्जना गरेको वा भएको हो कि जस्तो लाग्छ । जस्तो आधुनिक कार हवाइजहाज र अरू अविस्कारहरू मूख्यत शारीरिक सजिलो, सुविधा र अरामीका लागि अविस्कार गरिएका हुन्, त्यस्तै अध्यात्म मनमस्तिष्कको सुख, सुविधा, शान्ति, आराम आदिको लागि होला कि जस्तो पनि लाग्छ । सुन्दा सुन्दा होला मलाई यो थाहा छ जस्तो भान हुन्छ । कुनै कुरा सुन्दासुन्दा थाहा नभए पनि भएजस्तो लाग्छ । त्यस्तै होला यो पनि । के होला त यो वास्तवमा भनेर घोत्लिन थालेपछि हातलाग्यो सुन्ना हुन्छ । मेरो निबन्धसंग्रह 'झ्याम्ली बाख्राको पाठो' मा संकलित एउटा निबन्ध 'आटसउटुस' मा यो विषयमा मिल्दोजुल्दो एउटा कुरा अघि बढाएको छु ।

**तपाई अमेरिका किन जानुभयो ?**
- उच्च शिक्षा हासील गर्न । कताबाट दिमागमा उच्च शिक्षा हासिल गर्नुपर्छ भनेर पस्यो (सायद समाजिक परिवेशले होला), अनि त्यसले मोहनी लागेर अमेरिका गएको ।


**उतैको हुनुभयो नि त ?**
- होइन भन्दिन, तर हो भन्न पनि सक्दिन । शुरूमा जाँदा पढाइ सकेको भोलिपल्टै नेपाल फर्किन्छु भन्ने अठोट गरेर गएको थिएँ तर उतै अल्झिएको कुरा साँचो हो । यत्तिकैमा उतैको भएको जस्तो लाग्दैन । यताउता सरिराख्ने र आफ्नो ठाउँलाई मनले चटक्कै छोड्न मान्छेको भित्रको विरोधाभास बडो अचम्मको हुन्छ । आदिकालदेखि नै मान्छे एक ठाउँबाट अर्कोमा सर्दै आएको छ । तर फेरि आफ्नो ठाउँ संगको लगाब झन्डै लत जस्तै हुन्छ । मैले मान्छेमा मात्र हैन जनावरमा समेत यो देखेको छु । गाउँबाट धेरै मान्छे काठमाडौं आएपछि गाउँ फर्किंदैनन् । कुनै बेला पाल्पा भन्ने ठाउँ गोर्खालीका लागि विदेश हुन्थ्यो । म अमेरिका बसे पनि अरूप्रकारले नेपाली नै छु । नेपालका कति मान्छे नेपालमा बसेर पनि अमेरिकन छन् (भेष, भाषा, रहनसहन, चालचलन इत्यादि हेर्दा) । यो कुरा मन्दिरभित्र बसेर बाजेले जस्तै अपराध गर्दा पनि पाप नहुने र मन्दिरभित्र नपसी बाहिरबाटै (टाडैबाट) देउतालाई ढोग गर्दा पाप भयो भने जस्तै हो, एकप्रकारले । नेपालमा बसेर जघन्य अपराध (तस्करी, सांस्कृतिक धरोहरहरूको चोरी, भ्रष्टाचार, हत्या, हिंसा आदि) गरे पनि नेपालमा बसेकोले त्यो सबै माफ, अनि नेपाललाई माया गर्ने, नेपाली भाषा चालचलनलाई माया गर्ने, जतन गर्ने, तर विदेशमा बस्नेलाई जुठो वा झुटो ठान्न अलिक मिल्दैन होला कि । अनि फेरि हामी दार्जिलिंग, सिक्किम आदिको नेपालीलाई त्यसो भन्दैनौं नि होईन ।

**नेपालमा भित्रिएको रेमिट्यान्स युरोप अमेरिका जानेबाट होइन, खाडी र कोरिया जापान गएर मजदुरी गर्नेको मात्र हो भनेँ भने के भन्नुहुन्छ ?**
- त्यसमा धेरै सत्यता होला । अमेरिकामा विदेशीले पाउने कानूनी सहुलियत अन्त छ जस्तो लाग्दैन । अमेरिका छिरेपछि तपाईलाई कसैले विदेशी होला ठान्दैन किनभने त्यहाँ सबै प्रकारका मान्छे हुन्छन् । शायद त्यसैले






होला कि ! भोली परिस्थिति बदलियो भने अमेरिकाबाट पनि रेमिट्यान्स आउन थाल्छ होला ।

**युरोप अमेरिका जानेले त यहाँको घरबार बेचेर यताको सम्पत्ति उतै पो बरू लगेको देखिन्छ नि ? के यो देशको खाएर, हुर्केर, जवान भएपछि यो देश चाहिँदैन भनेर युरोप अमेरिकामा स्थाई ग्रिनकार्ड लिएर बस्ने मान्छे राष्ट्रघाती होइनन् ?**

– प्रश्नको पहिलो भागको हकमा–जहाँसम्म जग्गा बेचेर पैसा उता लाने कुरो छ, त्यसलाई कानून बनाएर व्यवस्थित गर्न सकिन्छ जस्तो लाग्छ । फेरि अलिकति यसो आंशिक सत्य पनि हेरौं न । कोही बिरामी हुँदा जग्गा जमिन बेचेर विदेशमा ओखति गर्न गयो भने त्यो राष्ट्रघाती होला त ? यताको सम्पत्ति उता लगेर जुवा खेल्यो, उडायो, त्यसै मास्यो भने अलिक बेग्लै कुरो भयो । बाहिरै बस्नु बाहिरको बसाइलाई सोझै राष्ट्रघात भन्न अलिक मिल्दैन कि ? नेपाल संसारमै एउटा गरिब मुलुक हो । यहाँका कति मान्छेले स्विस ब्याङ्कमा अरबौं खरबौं रुपियाँ राखेका समाचार आइरहेका छन्, त्यो राष्ट्रघात भएन ? देशका कुनाकुनाबाट कलासंस्कृतिका धरोहर चोर्ने, अबैध लागूपदार्थ कारोबार र तस्करी गर्ने, राष्ट्रघाती काम हैन ? देशलाई कंगाल बनाएर युवायुवतीलाई बाहिर जान बाध्य बनाउनु मात्र हैन उनीहरूले पसिना, रगत र यौन बेचेर भित्रिएको पैसाले देशको बजेट चलाउनु राष्ट्रघात हैन ? यसरी आफ्नो देशको मान्छेलाई बाहिर पठाउन बकाइदा अफिस खोल्नु, जाओ जाओ भन्दै उक्साउनु अनि पठाउनु राष्ट्रघात हैन ? काठमाडौंको सडकको धूलोधुवा, मोटरले किचिएको दिसापिसाबसँग मिसिएको धूलोको कण मान्छेको नाकमुखबाट पसेर फोक्सोमा मिसाइल बनेर प्रहार गर्दा हानी भैराखेको कुरालाई वास्ता नगर्नु राष्ट्रघात हैन ? यस्ता कुरा कति छन् कति, तर यो सबको जिम्मेवार नेपालमै छन्, मस्ती गरिराखेका छन् ।

नेपालले र अमेरिकाले दुबैले मेरो शिक्षा दीक्षामा आदिमा योगदान गरेका छन्, अमेरिकाले अझ बढि गरेको छ । मैले नेपालको सोझो गर्ने छोडेको छैन, सोझो नगरी बस्नै सकिन्न । बिडम्बना के जस्तो पनि लाग्छ भने अमेरिका आएर नेपाललाई जे जति गर्न मौका मलाई मिलेको छ, नेपालमै भएको भए त्यसको एकछेउ पनि मिल्ने थिएन ।

यस्तै कुरा अरूको बारेमा पनि लागू होला । जे होस् यस्ता कुरा देख्ने र हेर्नेका आँखा अनुसार पनि हुन्छन् होला ।

**अग्निचक्रका नेपाली साहित्यका पाठकलाई अरू केही भन्न छुटेका कुरा छन् कि ?**

– अग्निचक्रलाई धेरै धेरै धन्यवाद ! सबैमा नमस्कार, जय नेपाल !

सर्वसाधारण जनताको सेवामा नेपाल खाद्य संस्थान

**संस्थानको स्थापना** : देशको भूबनौटका कारणबाट देखिएको असमान खाद्यान्न उत्पादनले गर्दा माग र वितरणमा देखिएको असहजता र ठूलो अन्तरलाई व्यवस्थित गरी सर्वसाधारण जनताको खाद्यान्न माथिको पहुँच र अधिकारलाई प्रत्याभूत गर्दै खाद्यान्न मागलाई परिपूर्ति गर्न नेपाल सरकारको पूर्ण स्वामित्वमा संस्थान ऐन २०२१ अन्तरगत स्थापित यो संस्थान आपूर्ति मन्त्रालय अन्तर्गत सरकारद्वारा गठित संचालक समितिको रेखदेख तथा नियन्त्रणमा संचालित छ ।

**नेपाल खाद्य संस्थान**

**प्रधान कार्यालय : काठमाडौं ।**

# साहित्यको वैज्ञानिकीकरण आवश्यक छ



*कवि त्रिभुवनचन्द्र वाग्लेले समकालीन पुस्तामा सशक्त कविता लेखनको पहिचान बनाउनु भएको छ । विम्ब प्रयोग र वैकल्प चिन्तनलाई कविता बनाउन खप्पिस वाग्ले प्रत्येक मानव मस्तिस्कमा कविता रहन्छ भन्नुहुन्छ तर थप्नुहुन्छ ती सबै मानिसका कवितामा काव्यतत्व रहँदैनन् र सबै मानिस कवि बन्न सक्दैनन् । आफूले कविता कम लेख्ने बरू कविताले आफूलाई लेखाउने गरेका अनुभव सुनाउने वाग्ले आफ्नो पहिचान कविता नै हो भन्नुहुन्छ । पत्रकारितामा लामो समय बिताउनु भएका वाग्लेका कथा, लघुकथा, निबन्ध, गजल, गीत प्रकाशित छन् । प्रस्तुत छ अग्निचक्रका लागि कवि वाग्लेसँग गरिएको कुराकानीको विशेष सम्पादित अंश :*

**तपाई कविता किन लेख्नु हुन्छ ?**

– मैले मेरा दुई कविता सङ्ग्रहको लेखकीयमा भनेको छु, तीनचार पुस्ता अघिदेखि हाम्रो परिवार लेखनी कार्यमा संलग्न थियो । वृद्ध प्रपिता, प्रपिता र पिता कविता/श्लोक लेख्नु हुन्थ्यो । दाजुभाइ सबैले कविता, लेख लेखेका छौं । मेरो पेशा पत्रकारिता भएकाले पनि कविता लेखेको हुँला । तर, खासमा समाजका दृश्यहरूले ममाथि रङ पोत्छन् । मलाई चिमोट्छन् । ती परिवेशले 'ए लेख्न हो हामीमाथि कविता' भनेर अह्राउँछन् । अनि म कविता लेख्छु । मलाई कविता लेख्न समाजले निर्दिष्ट गर्छ । कहिलेकाहीं त बाध्य पार्छ ।

**कहिलेबाट लेख्नुभयो कविता ?**

– विद्यालयमा हुने पटकपटकका कविता प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो भएको थिएँ । २०३५ वा २०३६ सालमा केही कविता पिताजीलाई सुनाएको थिएँ । त्यसको प्रमाण मसँग छैन तर छापिएको आधारमा भन्ने हो भने २०४५ चैत १८ गतेको निर्माण साप्ताहिकमा 'प्रकृति आफै प्राकृतिक जीवन्त हुन्छ' भन्ने मेरा कविता छापिएको छ ।

**तपाईको विचारमा कविता के हो त ?**

– म कवितालाई परिभाषाले बन्धन गर्न चाहन्न । यसलाई म अनुभूत गर्न मात्र चाहन्छु र त्यही अनुभूतिमार्फत् कवितालाई चिन्न चिनाउन चाहन्छु । कविता मानव अनुभूति व्यक्त गर्ने सबैभन्दा सुन्दरतम् अभिव्यक्ति हो । शब्दका बुट्टाले सजाइने चित्र हो कविता । मानव मस्तिष्कमा सामिप्यता राख्नसक्ने अनुभवको अन्तरक्रिया र समाजको चित्रण पनि हो कविता । हरेक पाठकले कवितालाई आफ्नो अनुभूति जसरी आत्मीकरण गर्न सकोस् त्यो कविता हो । कविताको लेखन पक्ष, प्रस्तुति, झन्कार, शब्द र आकारजस्ता प्राविधिक पक्ष पनि अन्य साहित्यिक कृतिभन्दा फरक हुन्छन् ।

**कविता लेख्न विशेष समय वा सन्दर्भ आवश्यक पर्छ ?**

– हरेक काम गर्न विशेष सयम र सन्दर्भ आवश्यक हुन्छ । लेखन भनिसकेपछि पहिला कलम र कापी चाहिन्थ्यो, अहिले सिधै कम्पुटरमा लेख्छु । टिप्पणी गरेर र त्यो हेरेर लेख्ने चलन छैन । कथा लेख्दा पहिला मानसपटलमा उठान विन्दु र गन्तव्य तयार हुन्छ अनि बाँकी तानाबाना मिलाउछुँ । कविता लेख्दा एउटा चित्र मस्तिष्कमा आउँछ । अथवा जीवन प्रक्रिया जसरी भ्रुणले आकार लिन्छ र विभिन्न उतारचढाव, परिष्करण र परिमार्जनपछि अनुभव तथा अनुभूतिहरूले कविताको आकारमा जन्म लिन्छन् । लेख्नलाई एकान्त हुनुपर्छ, वनजङ्गल हुनुपर्छ, सबै सुतेपछि लेख्नुपर्छ भन्ने मलाई लागेन । भान्छामा खाना पकाउँदै गर्दा पनि मैले कविता लेखेको छु ।

**तपाई आफूलाई प्रतिभा, व्युत्पत्ति र अभ्यास कुन कोटीको सर्जक मान्नुहुन्छ ?**

– पहिलो कुरा त यो सनातनी शैलीमा भनिने प्रतिभा, व्युत्पत्ति र अभ्यासबाट सर्जक भइन्छ भन्नेमा मेरो सहमति छैन । प्लेटोलाई विश्वास गर्नुहुन्छ भने कुनै पनि मानिसले नयाँ सिर्जना गर्दैन । प्रकृतिले गरेको सिर्जनाको अनुकरणमात्र गर्छ मानिसले । वन जङ्गलको कविता मानिसले सिर्जना गर्दैन मात्र अनुकरण गर्छ । सुकरातले यो कुरा अस्वीकार गर्छन् र भन्छन् मानिसले सिर्जना गर्छन् । व्युत्पत्ति स्वयम् प्रतिभा हो । व्युत्पत्ति नभएको व्यक्तिमा प्रतिभा हुँदैन । प्रतिभा भएको व्यक्तिमा व्युत्पन्न गर्ने शक्ति हुन्छ । प्लेटोले यसै भनेका हुन् । अभ्यास भनेको साधना हो जसले मानिसलाई परिपक्क बनाउँछ । उसका सिर्जनालाई परिपक्क बनाउँछ । त्यसैले यी तीन तत्वलाई छुट्टाएर व्याख्या गर्नु नै गलत छ । अर्कोतिर पोजिटिभिजम, आधुनिकवाद र उत्तर आधुनिकवादको सन्दर्भमा भन्नुहुन्छ भने अहिले लेखनको पनि वैज्ञानिकीकरण भएको छ । जसरी सामाजिक शिक्षा सामाजिक विज्ञान भएको छ । प्रतिभाका नाममा काल्पनिक, उडेन्त र लहराज्याउराको कथन अबको साहित्य हुन सक्दैन । मेरो विचारमा अबको कविता वा साहित्य अनुभवजन्य हुँदै गएको छ । अनुभवले पाठकसँग प्रोक्सिमिटी राख्दछ । त्यसैले अबको कविता स्वर्ग इन्द्र वा परीको बारेमा लेखिदैन बरू भरियाको कविता लेखिन्छ । त्यो अनुभवले लेखिएको कविता हो । अनुभवलाई वैज्ञानिकीकरण गर्न सकिन्छ ।

**नेपाली कविताको स्तर र प्रवृत्ति कस्ता छन् ?**

– पछिल्लो पुस्तामा राम्रा कविता आएका छन् । कविताको फाँट पनि त फराकिलो भयो । राजनीतिमा मात्र होइन समाज र साहित्यमा पनि समावेशीकरणको परिणाम देखिएको छ । यसले गर्दा हाम्रा जातीय भाषा, विम्ब, मूल्य, विश्वास, मिथ, लोकोक्ति र मान्यताहरु कवितामा आएका छन् । नेपाल साहित्यका हिसावले अझ फराकिलो भएको छ ।

लेखनको प्राविधिक पक्षमा सुधार देखिएको छ । पूराना मूल्यको विनिर्माण हुँदैछन् । नयाँ पुस्ताले नेपाली कवितालाई उन्नत बनाएका छन् तर लेखक, भूगोल, जनसङ्ख्या र सञ्चारको कारण पनि नेपाली कविताको अन्तर्राष्ट्रियकरण हुन सकिरहेको छैन ।

**उत्तरआधुनिकवाद शब्द प्रयोग गर्नुभयो, यो भनेको के हो ?**

– यसको लामो व्याख्या हुन सक्छ । म यसको व्याख्याका लागि प्रत्यक्षवाद (पोजिटिभिजम) सम्म जानुपर्छ भन्छु तर उदाहरण दिएर भन्ने हो भने हरेक समय चरण आफैमा उत्तरआधुनिकवाद हो । यसले पुराना मान्यता भत्काउँछ, केन्द्रियताको विघटन गर्छ, भाषा र शैलीमा नयाँ संरचना वा शैली स्थापना गर्छ, स्थापित मूल्य मान्यतालाई वैकल्पिक विचारले व्याख्या गर्छ, निषेधको सट्टा समावेश गर्छ, एकलको सट्टा बहुलमा

विश्वास गर्छ भने, नेपालमा सबैभन्दा ठूलो उत्तरआधुनिकवादको प्रवेश रामायणको नेपालीकरणबाट भएन ? यसले साहित्य पढ्ने वर्गलाई विकेन्द्रित गर्‍यो । घरघरमा साहित्य (कविता) वाचन हुँन थाल्यो । यसरी नै भाषा, शैली, नेपालीत्व आदिको प्रवेश गराएन ? यो नै कविताका सन्दर्भमा मैले बुझेको उत्तरआधुनिकवाद हो । यसको आयाम कलाबाट शुरू भएर मानव जीवनका हरेक पक्षमा परेका छन् ।

**मन पर्ने कविहरू कोही छन् ?**

- धेरै कवि मन पर्छन् । धेरै कवि मन पर्दैनन् । व्यक्तिका दृष्टिले होइन कविताका दृष्टिले यस्तो हुन्छ । खासगरी एकथरि कविता लेख्ने मानिसहरूले कवितालाई राजनीतिको बाइप्रडक्ट बनाउन चाहन्छन् । उनीहरु कवितालाई नारा र घोषणापत्र बनाउन चाहन्छन् । अर्कोथरि छन्-हिमाल, झरना र लहराका कविता लेख्छन् । अर्थात सौन्दर्यका नाममा मानिसलाई छुदैनन् कविताले त्यसैले म चाहीँ मानिसलाई छोएकाकविता मन पराउँछु । हिमालको कविता पनि हुन्छ तर त्यो हिमाल मानिससँग जोडिएको हुनुपर्छ । मानिसको भोगाइसँग जोडिएको हुनपर्छ । त्यसैले त मैले माथि भनेको थिएँ- अबको साहित्य अनुभवजन्य (इम्पिरिकल) हुँदै गएको छ । मेरो मनाइको अर्थ अबको कथाले मानिसको आत्महत्यालाई दैवको लेखोट, तक्दिरको भोगाइ भन्नुभएन । अबको साहित्यले मानिसले आत्महत्या गर्नुको सामाजिक कारण खोज्नु पर्‍यो । दिग्दारीले वा गरिवीले के ले मर्‍यो ऊ भनेर । कवितामा पनि यही नियम लागू हुनुपर्छ । यो साहित्यको वैज्ञानिकीकरण हो ।

**तपाईका कविताका विशेषता के हुन् ?**

- यो मैले भन्ने उत्तर होइन सायद । तर, यसो भनेर समालोचक दृष्टा हो उसले मात्र देख्छ सर्जकले देख्दैन भन्ने परम्पारगतभनाइ वा मान्यतामा पनि म विश्वास गर्दिन । पहिलो दृष्टा त कवि हुनुको नातामा म आफै हो । त्यसैले मेरा कविताका मुलभूत विशेषता मेरा कविता सौन्दर्यको नाममा सन्देश शुन्य छैनन् । सन्देशको नाममा नारा मात्र छैनन् सुन्दर पनि छन् । म कवितामा चेतना र सौन्दर्य जोड्न चाहन्छु । ***पाठकसँगको सामिप्यता, विम्बको प्रयोग, लेखनमा नयाँ अभ्यास, आञ्चलिक स्वाद र स्पष्ट निजत्व नै मेरा कविताका खास विशेषता हुन् ।***

**कविता कसका लागि लेख्नु हुन्छ ?**

- कविता म मेरा लागि लेख्छु । फेरिभन्छु म मेरा लागि कविता लेख्छु तर प्रकाशन भने पाठकका लागि पनि गर्छु । विषय भने पाठकबाट लिन्छु ।

**समालोचना र सर्जकको सम्बन्ध नेपालको सन्दर्भमा कस्तो पाउनु भएको छ ?**

- समालोचना विशिष्ट विधा हो । म यसको सम्मान गर्छु । अर्कोले देखेको कुरालाई सिद्धान्तले निरूपण गर्नुपर्ने यो एउटा अनुसन्धान पनि हो । अनुसन्धान भन्ने वित्तिकै यसका विविध सीमा हुन्छन् । नेपालमा लेखकको मानोविज्ञान, तत्कालीन परिस्थिति, त्यस्तो लेख्नुको कारण र प्रेरक तत्व वा सन्दर्भका बारेमा अनुसन्धान गरेर कृतिमाथि समालोचना गर्ने प्रवृत्ति छैन । यसको अभावमा व्यक्तिमाथि समालोचना केन्द्रित हुन पुग्छन् । त्यसले गर्दा लेख्ने र देख्ने व्यक्तिमा भिन्नता आउने नै भयो ।


हामी कहाँ साहित्यमाथि लगानी छैन । अनुसन्धान कसले गरिदिने ? साहित्यिक अनुसन्धानको अभावमा किताव पढेर मात्र समालोचना गर्नुपर्छ । व्यवहारमा फटाह व्यक्ति साहित्यमा साधु पो देखिएको छ कि ? बीपी कोइरालाका साहित्यलाई फ्राइडवादी भनेर सजिलै भनिदियौं तर जेल जीवनमा उहाँमा यौन कुण्ठा उत्पन्न भएकाले त्यसलाई साहित्यमार्फत ड्रेनिङ गर्नुभएको थियो कि ? यस्ताबारे अनुसन्धान गरिएन । अनुसन्धान गरिएको भए जेल साहित्य र यौनका बारेमा नेपाली मौलिकता समालोचना सिद्धान्तले आकार लिन सक्थे । कुन परिवेशमा उहाँले ती साहित्य लेख्नु भयो । यस्तो अध्ययन गरिने प्रचलन बसाउन सक्ने भए समालोचनालाई प्रभावबाट मुक्त गर्दै वस्तुवादी बनाउन सकिन्छ ।

**नेपाली साहित्यकारहरूमा कसलाई बढी मन पराउनु हुन्छ ?**

- थोरैबाहेक अन्य धेरै मन पर्छन् । केहीको नाम लिंदा अन्यलाई अन्याय होला तर आख्यानमा बीपी कोइराला, पारिजात, दौलतविक्रम विष्ट, लीलाध्वज थापा, रमेश विकलका कृति बढी सम्झन्छु । कवितामा मोहन कोइराला, द्वारिका श्रेष्ठ, बैरागी काइँला र भूपि शेरचन सम्झन्छु । शिखरनाथ सुवेदीको 'थरगोत्र प्रवलावली' र जनकलाल शर्माको 'हाम्रो समाज एक अध्ययन', डोरबहादुर विष्टको सबैजातको फूलबारी र फेटाजिजम एण्ड डेभलपमेन्ट पटकपटक दोहर्‍याएर पढेको छु ।

**प्रविधिको विकासले कविताका पाठक घटेका छन् जस्तो लाग्दैन ?**

- जनसङ्ख्याको हिसावले पाठक घट्दैनन् । प्रतिशत वा अनुपातको कुरा गर्नुहुन्छ भने




मानिसले मनोरञ्जनका विभिन्न विकल्प पाएकाले छापापत्रिका भन्नुस् वा टेलिभिजन वा हलमा जाने दर्शकको सङ्ख्यामा कमी आएको होला तर वैज्ञानिक अनुसन्धान भएको छैन । अनुमानमा म विश्वास गर्दिन । दोस्रो कुरा समाज विकसित हुँदै गर्दा चाहे श्रममा होस् वा जीवनका अन्य पक्षमा विशिष्टीकरणका परिणाम देखिन्छन् । यो विशिष्टीकरणको युगमा सबैले साहित्य पढ्नु पर्छ भन्ने छैन । खेलकुदमा लाग्नेले साहित्य पढेन भनेर चिन्ता मान्नु पर्दैन ।

अर्को कुरा मैले एकपटक फेसबुकको वालमा अन्तर्राष्ट्रिय कविता दिवसका सन्दर्भमा लेखिदिएको थिएँ-'कवितालाई कविहरुबाट बचाऔं' यसमाथि थुप्रै प्रतिक्रिया आए । बच्चाले खाना खाएन त आमाले मिठो पकाउनु भएन कि ? कि उसको पेट सञ्चो छैन ? हो, हामी कविता लेख्नेले कविताका नाममा कथा, नाटक, घरायसी पत्र आन्दोलनको नारा पो लेख्यौं कि जसबाट हाम्रा पाठक बिच्किए ?

**अहिले के गर्दै हुनुहुन्छ ?**

- दलित स्रष्टा तथा प्रतिभाहरूको जीवनी सङ्ग्रह, बालकथा, कथा, निबन्ध चारवटा कृतिका लागि समय विनियोजन गरेर काम गरिरहेको छु ।

**अन्त्यमा केही ?**

- करिव एक दशकदेखि प्रकाशित अग्निचक्रमा मलाई स्थान दिनुभएकोमा धन्यवाद । कविता वाचन र समीक्षाका श्रृङ्खला चलाएर विश्व कविताको स्तर र प्रवृत्ति यहाँ प्रसार गर्ने, यहाँका बाहिर पठाउने र साहित्यमाथिको वैज्ञानिक अनुसन्धानलाई संस्थागत गर्ने प्रयास हुनुपर्ने देखेको छु । ◆◆



# महाभारतको कहानी : हिराहरूको अनमोल खानी

श्रीकृष्णलाई नरकृष्णलाई
वाणी र पाराशर कृष्णलाई
सहर्ष ढोगेर जयाभिनाद-
साथै चूमूँ चिन्मयको प्रसाद ।१।

युधिष्ठिर स्वर्गलोकमा पुगे । उनले देखे- दुर्योधन आदि सयभाइ कौरव दिव्य आभायुक्त भएर भव्य सिंहासनमा बसेका । उनका साथै थिए साध्यगण । युधिष्ठिरलाई रनक्क लाग्यो - उनले आफ्नो जीउ मरक्क मर्काए । उनले कराएर सोधे- देवताहरू हो ! यही दुर्योधन हो जसको कारणले हामीले वन भड्केर त्यत्रो दुःख बेसायौं, भयानक युद्ध लड्यौं, धर्ती उजाड बनाइदियौं । यही पापीले द्रौपदीलाई राजसभामा त्यत्रो बेइज्जती गर्‍यो । आज यो स्वर्गको सिंहासनमा आरूढ भएछ । यो दुष्ट दुर्योधन बस्ने स्वर्गमा बस्ने इच्छा मलाई भएन । म त त्यहीं जान चाहन्छु जहाँ मेरा भाइहरू छन् ।

देवर्षि नारदले प्रतिरोध गरे- युधिष्ठिर ! त्यसो भन्नुहुँदैन । स्वर्गमा आएपछि पृथ्वीको वैर शान्त हुनुपर्छ । यहाँ दुर्योधन सम्मानित छन् । यिनले वीरतापूर्वक लडाइँ लडेथे । यिनमा डर भन्ने रत्ती पनि थिएन । यिनले जूवामा गरेको अपराध अब बिर्सिदेऊ । उहाँको याद यहाँ ल्याउनु ठीक छैन ।

दुर्योधन यस्तो सिंहासनारूढ भएछ, कर्णलाई कुन लोक मिल्यो त ? - युधिष्टिरले सोधे- सात्यकिपुत्रहरू र हाम्रो अभिमन्यु खोइ नि ! अरू धर्मानुसार लडाइमा मरेका लाखौं क्षत्रियहरू कहाँ
छन् ? आमा कुन्तीकै प्रिय पुत्र कर्ण, भीमसेन, अर्जुन, नकुल, सहदेव र द्रौपदी कता छन् ? तिनै प्रियजन नभएको स्वर्ग, के स्वर्ग ?

देवताहरूले देवदूतलाई भने- केटा ! युधिष्ठिरलाई उनका भाइ र पत्नी कहाँ छन्, देखाइदे ।

देवदूत अघि हिंड्यो, युधिष्ठिर पछि लागे । उसले दुर्गम र अन्धकारपूर्वक बाटो पक्ड्यो । दुर्गन्ध पनि उग्ररूपमा फैलिएको थियो । त्यहाँ मासु र रगत जमेको देखिन्थ्यो । स्याखुपाते (डाँस), लामखुट्टे र झिङ्गा भन्कन्थे । गनाउने भालु पनि थिए । युधिष्ठिर अघि बढ्दै जाँदा गिद्ध, काग र पहाड जत्रा प्रेत पो देखा पर्न थाले । घनघोर अन्धकार पनि फैलिँदै थियो ।

युधिष्ठिरले देखे- लासहरू छरिएका । शरीरबाट बोसो र रगत बगेर डुङ्डुङ्ती गनाउने । हेर्दै जाँदा देखियो- भकभकी पकाएको तातो पानी, हुन्हुनाउने वैतरणी नदी, त्यो तर्नै कठिन थियो । यता किनारामा पातैभरि धार भएको असिपत्रवन । कतै तातो बालुवा छ त कतै छुँदै डाम्ने फलामे चट्टान । काँडे सिमलका बोट पनि देखिन्थे ।

युधिष्ठिरको नाक फुट्न थाल्यो । उनले सोधे- देवदूत ! अब कति हिंड्नुपर्छ ? मेरा भाइहरू
खोई ? हामी कहाँ आयौं ?

अब हामी आइपुग्यौं - देवदूतले भन्यो । - तपाईं आत्तिए फर्कन सक्नुहुन्छ, मलाई देवताहरूले यही भनेका छन् ।

युधिष्ठिरलाई चक्कर आउला जस्तो भएको थियो । उनी फर्कन लागे । तर तत्काल उनले आवाज सुने- हे धर्मपुत्र ! तपाईं यहाँ आएर शीतल एवम् पवित्र हावा चल्न लाग्यो, जसले हामीलाई केही सुखद अनुभूति भएको छ । तपाईं दुई घडी मात्रै भए पनि बस्नुहोस् ।

कठै ! यी बिचराहरू दुःखमा पिल्सिएका रहेछन्- युधिष्ठिर दयार्द्र बने । उनले सोधे- तपाईंहरू
को हुनुहुन्छ र यहाँ कसरी आइपुग्नुभयो ?

म कर्ण हुँ - एउटा चिच्यायो । - म भीमसेन, - म अर्जुन, - म नकुल, - म सहदेव - यस्तै भनेर सबै एक एक गरेर कराउन थाले । म द्रौपदी हुँ स्वामी !- नारी स्वरले पनि वेदना पस्कन थाल्यो । हामी द्रौपदी पुत्र हौँ - अर्काथरी चिच्याउन थाले । आआफ्नो नाम बताएर कराउँदा होहल्ला बढ्दै थियो- युधिष्ठिरलाई खनन्न मनमा लाग्यो- विधिको यो कस्तो विधान हो ? मेरा दाजुभाइ, पत्नी र पुत्रहरूले के पाप गरेर यो नारकीय पीडा भोग्दैछन् ? उहाँ दुर्योधनले के पुण्य गर्‍यो र त्यो स्वर्गको सिंहासनमा विराजमान भइरहेछ ? मेरा भाइहरूले जीवनमा गरेको पुण्य कता गयो, दुर्योधनादिको त्यो घोर पापको परिणाम के भयो ? यो के अनर्थ हो ? म निदाएको छु कि जागै छु ? म चेतमा छु कि विचेतमा ? मलाई भ्रम त भएन ?

युधिष्ठिर उद्विग्न भए । उनका हातगोडा लल्याकलुलुक भए । उनमा धर्म प्रति नै सन्देह उत्पन्न भयो । देवताहरूसित पनि रिसाउन थाले । उनले भने- देवदूत ! तिमी फर्केर जाऊ । म यहीं नरकमा बस्छु । मेरा भाइबन्धुहरू जहाँ रहन्छन् म त्यहीं सुखी हुन्छु, मेरा भाइबन्धुहरू पनि मेरो सान्निध्यमा सुख महसूस गरिरहेछन् ।

देवदूत फर्क्यो र इन्द्रलाई युधिष्ठिर नरकमै रहेको खवर भन्यो । इन्द्र र अरू देवताहरू दुई घडीभित्रै युधिष्ठिर भएको नरकमा पुगे । देवताहरूको उपस्थितिले नरकको दृश्य परिवर्तन भयो- त्यहाँ झलमल्ल उज्यालो भयो । न त्यहाँ वैतरणी नदी छ, न त असिपत्रवन न त सिमलको बोट । त्यहाँ ताता चट्टान वा तातो बालुवा केही पनि छैन । त्यहाँका सबै अपाङ्ग लास वा विकृत शरीर लोप भए । त्यो हाहाकार हरायो । मन्दपवनले सुगन्ध फैलायो ।

युधिष्ठरका वरिपरि उपस्थित थिए- मरूद्गण, वसुगण साध्यगण, अन्यदेवता, ऋषिमुनिहरू । देवराज इन्द्रले भने- हे युधिष्ठिर-यतिञ्जेल जो भयो सो भयो, अब धैर्य लेऊ । तिमीले अक्षयलोक पाइसक्यौ । शुभाशुभ कर्मका अलग-अलग सञ्चय भोगद्वारा नै समाप्त हुन्छन् । तिमीले अशुभकर्मको भोग भोगिसक्यौं । पहिले स्वर्गादिमा पुग्नेहरू पनि पछि अशुभकर्मको परिणामस्वरूप नरकमा
आउनैपर्नेछ । जसको पुण्य धेरै छ र पाप थोरै छ त्यो पहिल्यै थोरै पापको परिणाम भोगेर पनि चिरसुख प्राप्त गर्न स्वर्गमा जान्छ । दुर्योधनहरूले कुकर्मको परिणाम भोग्नै बाँकी छ । बरू तिम्रा भाइ र द्रौपदीहरूका केही अशुभका परिणाम पनि यही दृश्यद्वारा सिद्धिए ।

इन्द्रले भीमसेन, अर्जुन आदि भाइहरू र द्रौपदी एवं द्रौपदीपुत्रहरूलाई युधिष्ठिरकै परीक्षाका लागि पनि नरकको नजीक ल्याएको स्पष्ट पारे । वास्तवमा ती सबै मुक्त भइसकेका छन् । अब युधिष्ठिरले मान्धाता, भगीरथ, दुष्यन्त, भरत आदिले भोगेका स्वर्गीय सुख भोग्नेछन् । यसका लागि इन्द्रले आदेश दिए- युधिष्ठिर ! तिमी देवसरिता गङ्गाजीमा

डुबुल्की मार अनि सांसारिक रागद्वेषबाट मुक्त होऊ ।

यसै बीचमा धर्मस्वरूप देवताले पुत्र युधिष्ठिरलाई भने- राजन् । मैले तिमीलाई तीनवटा परीक्षा लिएँ- तिमी ती सबै परीक्षामा उत्तीर्ण भयौ । पहिले द्वैतवनमा यक्षरूपमा तिमीलाई गहन प्रश्न सोधेथें । हिमालययात्रामा कुकुररूपमा तिमीलाई फेरि समस्या फ्याँकेथेँ । तेस्रोपटक यो नरक देखाएर तिमीलाई भाइप्रतिको अनुराग जाँचेथेँ । यी तीनै परीक्षामा तिमीले आफ्नो आदर्श मर्यादा र धर्मको वास्तविक मर्म छोडेनौँ । तिमीले नकुल रोज्यौ, कुकुरलाई छोडेनौ र अहिले भाइका लागि नरकै बस्न राजी भयौ, तिमीमा पापको नामै छैन । हुन्छ जाऊ, गङ्गाको जलमा गोता लगाऊ ।

युधिष्ठिरले मन्दाकिनीमा स्नान गरे । अब उनको पार्थिव देह छुट्यो । उनको शरीर स्वर्गीय बन्यो, भाव दिव्य बन्यो । सांसारिक रिस राग हराएर गए । उनलाई ऋषिहरूले प्रशंसापुष्पले पुरे ।

झलमलाउँछ दिव्य कलेवर
अमरजीवन बीच युधिष्ठिर
हुन गए अभिनन्दित स्वर्गमा
मधुपले मधु तुल्य निसर्गमा ।२।
अब वृकोदर, अर्जुन आदिको
मिलनले सुख मिल्छ समाधिको
दिल हुँदैछ कपास बरोबर
अचल झैं छ प्रकाश सरोबर ।३।
खलनिकन्दन कंशनिषूदन
नजिकमै हुनुभो मनमोहन
गगनमा सरी लाखवटा रवि
झकमकाउँछ चिन्मयको छवि ।४।
हरि र अर्जुन छन् मुसकानमा
सकलबाट सुपूजित शानमा
मुनि-महर्षि सुनाउँछन् ध्वनि
कुसुमका दिनमा चिडिया बनी ।५।
अफ्न उतातिर कर्ण विराजित
झलल बाह्रवटा सवितासित
अनि वृकोदर वायुसितै बसी
नजिक बाबु हुँदा शिशुझैँ खुसी ।६।
नकुल र सहदेवमा पियार
दिन लालायित अश्विनीकुमार
सँग-सँग रहँदा भयो कि क्यारे
नभमा झैं छवि झल्ल तीनतारे ।७।
अग्निकी सुमन तुल्य निराली
द्रौपदी द्रुपदकी कुल-लाली
मग्मगाईकन वास तिलस्मी
बन्दथिन् अमरकी शुभलक्ष्मी ।८।
समरबिच मरेका जो थिए शूर वीर
अमरनगर आई दिव्य पाई शरीर
मुदित मन बनाई बन्दछन् शोभमान
शिखरकुसुमलाई चैत आए समान ।९।

देवराज इन्द्रले युधिष्ठिरसित सबै स्वजनको परिचय टक्राउन

**यस महाभारत नामक इतिहास ग्रन्थको अर्को नाम 'जय' ग्रन्थ हो । यसको अध्ययन सबै वर्णका व्यक्तिका लागि अति उपयोगी छ ।**

थाले । गन्धर्वराज धृतराष्ट्र त्यहीं थिए । पाण्डुपत्नीहरू साथ उहीं थिए । इन्द्रले तिनीहरूलाई दर्शन गर्न युधिष्ठिरलाई अह्राए । उनले द्रौपदीपुत्रहरू र अभिमन्यु समेतको परिचय दिए । त्यहाँ थिए द्रोणाचार्य र भीष्म पितामह । देवराजले ती महामना व्यक्तिहरूको चिनारी दिए । भोज भए, वृष्णि भए, अन्धक भए, यी सबै कुलका सात्यकि, कृतवर्मा आदि वीरहरू आज विश्वदेव र मरूद्‌गणसितै विराजमान छन् । भीष्म वसुहरूसाथ र द्रोणाचार्य बृहस्पतिसाथ रहेर प्रसन्न छन् । भोग समाप्त भएपछि पनि सबै व्यक्ति मूल कारणमा मिल्न सक्तैनन् । कुनै कुनै मात्रै मूलकारणमा समाहित हुन जान्छन् । जस्तो अन्ततोगत्वा भीष्म आठ वसुमा मिल्न गए । द्रोण बृहस्पतिमा एकाकार भए । कृतवर्मा मरूद्‌गणमा मिले भने धृतराष्ट्र कुवेरको दुर्लभ लोकमा पुगे । गान्धारी पनि साथै गइन् । पाण्डु कुन्ती र माद्रीका साथमा देवराजकै दरबारमा पसे । विराट, द्रुपद, अक्रूर, साम्ब, कंस, उग्रसेन, वसुदेव आदि व्यक्ति विश्वदेवमा मिले । यस्तै प्रकारले अभिमन्यु चन्द्रमामा, कर्ण सूर्यमा, धृष्टद्युम्न अग्निमा र शकुनि द्वापरयुगमा समाहित भए ।

युधिष्ठिर धर्मदेवका अंश थिए- अंशीमा मिल्न पुगे । श्रीकृष्ण पुराणपुरूषोत्तम भगवान् नारायणका सोह्र कलायुक्त पूर्णावतार हुनुहुन्छ । अवतारका कार्य सम्पन्न गरेर उहाँ आफ्नै स्वरूपमा विराजमान हुनुभयो । श्रीकृष्णका सोह्र हज्जार पत्नीहरूले सरस्वती नदीमा डुबेर देह त्याग गरेथे- ती सबै बैकुण्ठमा अप्सरा भएर श्रीकृष्णको सेवामा संलग्न भए ।

दुर्योधनका सहायक राक्षसहरू समेत कुनै कुवेर लोक, कुनै इन्द्र लोक र कुनै भने वरूण लोकमा भित्रिएका थिए ।

**उपसंहार**

तक्षशिलामा गरिएको विशाल सर्पयज्ञमा यजमान् सम्राट् जनमेजयलाई व्यास शिष्य वैशम्पायनले यो महान् रोमाञ्चपूर्ण महाभारत कथा भनेर सिध्याए । आफ्नै पुर्खाको यो बृहत् आख्यान सुनेर राजा जनमेजयलाई अत्यन्त आश्चर्य भयो । मधुर भाषामा रचिएको यो रोमाञ्चक कथा त्रिवर्गको प्राप्ति गराउने दिव्य कथा हो । योद्धाहरूका पराक्रम, ब्राह्मणहरूका प्रभाव, नारीहरूका तेज सबै यो कथाबाट छर्लङ्ग भयो । बदला लिने भावनाको सांसारिक रूप पनि यहाँ देखिन्छ । यो महाभारत गाथा अनेक चरित्रले पूर्ण छ । यज्ञकर्म पनि चल्थ्यो, कथा पनि चालु हुन्थ्यो । कथा सिद्धिएपछि यज्ञकर्मको पनि पूर्णाहुति भयो । आफ्नो मातृकुलका सर्पहरूलाई जोगाउन सकेकोमा मुनि आस्तीक पनि आनन्दित भए ।

अन्त्यमा टीको-टालो, दान-दक्षिणा आदिको काम सम्पन्न भयो । ब्राह्मणहरू प्रसन्न बने । यज्ञ समाप्त भएपछि सबै घरघर लागे । जनमेजय पनि तक्षशिलाबाट राजधानी हस्तिनापुरमा फर्के । उनले यथावत् आफ्नो राज्यको बागडोर सम्हाले ।

नैमिषरण्यमा बाह्र वर्षमा पूरा हुने यज्ञमा घुम्दै आइपुगेका सूतकुलका सपूत रोमहर्षणपुत्र उग्रश्रवा सौतिले यो पवित्र महाभारत कथा शौनकादि अठ्ठासी हजार ऋषिहरूलाई विस्तारपूर्वक सुनाए । उनले आफ्ना पिताहरूबाट पाएको सम्पूर्ण ज्ञान समेत यहीं घोप्ट्याएको बताए ।

महर्षि उग्रश्रवा भन्छन् -

महाविद्वान् योगी तप निरत पाराशर मुनि
उनैले सिर्जेको रसमय महाभारत सुनी
पखालिन्छन् सारा कलुष-दिलका, मानव पनि
सुखी होला ठूला ऋषि र मुनिले पूजित बनी ।१।
एकाग्रचित्त भै सुन्छ जसले कार्ष्ण वेद यो
त्यो कोटि ब्रह्महत्यादि पापबाट विमुक्त भो ।२।
महाभारतका केही कहानी श्राद्धमा सुने
सहजै श्राद्धकर्ताको पितृ मुक्ति गराउने ।३।
दिनको पाप संध्यामा रातको पाप प्रातमा
महाभारत पढ्नाले पखालिन्छन् निमेषमा ।४।
कथा भरत वंशीको त्यसैले नाम भारत
यो महान् छ त्यसैले नै महाभारत नाम छ ।५।
यसको अर्थ जानेर पढ्नुपर्छ सधैँभरि
सुन्तला नचुसेसम्म रस जानिन्न क्यै गरी ।६।
उता पुराण अट्ठार शास्त्र छन् साङ्ग वेद छन्
यता महाभारत छ जोखिंदा बल्ल ठिक्क छन् ।७।
जय नामक यो काव्य भक्तिले युक्त भै सुने
विद्या हुने कीर्ति हुने सम्पत्ति पनि वैरिने ।८।
धर्मार्थ काम वा मोक्ष बारेमा छ भनाइ यो
यहाँ जे छ, छ त्यो अन्त, जे छैन, छैन अन्त त्यो ।९।

यस महाभारत नामक इतिहास ग्रन्थको अर्को नाम 'जय' ग्रन्थ हो । यसको अध्ययन सबै वर्णका व्यक्तिका लागि अति उपयोगी छ । भनिन्छ, यो पहिले साठी लाख श्लोक संख्या भएको विशाल ग्रन्थ थियो । हाल धर्तीमा यसको श्लोक संख्या एक लाख छ । शौनकादि अट्ठासी हज्जार ऋषिलाई उग्रश्रवा सौति भन्छन्-


व्यास-प्रणीत इतिहास नितान्त रम्य
यो वेद तुल्य अति सार्थक भाव गम्य
जानी मनुष्य उति पाउँछ सोच्छ जत्ति
हे बन्धुवर्ग ! बुझ संशय छैन कत्ति ।१०।

यो महाभारत ग्रन्थ महर्षि व्यासले पुत्र शुकदेवलाई पढाएथे । उनै महामना भगवत्स्वरूप वेदव्यास भन्छन्-

आमा बाबु भए कैयौं पुत्रपत्नी-शयौं भए
हुन्छन् वियोग संयोग यस्तैमा जेलिंदै रहे ।११।
हर्षका ठाउँ हज्जारौं डरका पनि छन् कति
मूर्खकै तुल्य तिनमा जेलिन्न मतिमान् रति ।१२।
दुवै हात उचालेर कराउँछु घरीघरी
सुन्दैन मूर्खले मेरो अनुरोध कसै गरी ।१३।
धर्मले मोक्ष सिद्धै छ कामार्थ पनि मिल्दछ
यतापट्टि नआएर मूर्ख बाहिर डुल्दछ ।१४।
कामना, भय र लोभले कि वा
प्राणनिम्ति न त धर्म छोडिद्यौ
धर्म नित्य सुखःदुःख अस्थिर
जीव नित्य छ अनित्य वासना ।१५।
यो हो भारत-सावित्री, बिहानै जुन पढ्दछ
पूरा महाभारतको पाठको फल पाउँछ ।१६।
श्रीव्यासको वदन पङ्कजबाट झर्दो
यो अप्रमेय शुभकारक पाप हर्दो
सुन्दै कथामृत मनुष्य पवित्र गर्छ
त्यो पुष्करादि जलमा किन डुब्नु पर्छ ! ।१७।
मोडेर सींङ सुनले सय धेनुलाई
सुम्पी महापठित वैदिक साधुलमाई
जे पुण्यले सुखकमाउँछ व्यक्ति सस्तै
यो ग्रन्थ अध्ययनले पनि हुन्छ उस्तै ।१८।
समुद्रमा ओर्ल, हिरा बहन्छ
हिमालमा उक्ल, हिरै रहन्छ
अहो ! महाभारतको कहानी
हिरैहिराको अनमोल खानी ।१९।

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती


पुस्तक चर्चा – **सूब सेन**



# त्यसैले यो नाटक लेख्नुपऱ्यो

मातृभूमि नेपाल आमाको सुरक्षा र नेपाली जनताको न्याय, हक, अधिकार-प्रजातन्त्र प्राप्तिको उद्देश्य लिएर वि.सं. १९९३ जेष्ठ २० गते नेपाल प्रजापरिषद् राजनीतिक दलको गठन भयो । यसका अध्यक्ष टङ्कप्रसाद आचार्य, उपाध्यक्ष दशरथ चन्द ठकुरी, महासचिव रामहरि शर्मा, सदस्य धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, जीवराज, गोविन्दप्रसाद, बलबहादुर पाण्डे, पुष्करनाथ उपाध्याय, चित्रबहादुर के.सी., गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ आदि आदि थिए । सो उद्देश्य प्राप्तिका लागि विभिन्न शैलीमा क्रान्तिकारी क्रियाकलाप गर्दै आएका क्रान्तिकारी वीर योद्धाहरूमा राणाशासक श्री ३ जुद्धको वि.सं. १९९७ माघ ७ गतेको फैसला बमोजिम टङ्कप्रसाद, रामहरिलाई मुडी आजीवन काराबासको सजाय दिइयो भने नागरिक अधिकार समितिका अध्यक्ष शुक्रराज शास्त्री र प्रजापरिषद्का सदस्य धर्मभक्तलाई फाँसी दिइयो, गङ्गालाल, दशरथलाई छातीमा गोली हानेर ज्यान सजाय दिइयो र वहाँहरू महान् एवं अमर शहीद भएर जानु भयो ।

त्यसपछि समय समयमा विभिन्न आन्दोलन, क्रान्ति, विद्रोहहरू भए । सत्ता शासकीय नेतृत्वमा विभिन्न दल र नेताहरू आए । नयाँ-नयाँ अनुहार आए । मिठो जिब्रो र फस्टिने भुँडी लिएर आए । देश चुस्दै आए, जनता खाँदै आए, खाए, मोटाए / मोटाउँदै छन् । विदेशी पाउँचा (पञ्जा), अन्तर्राष्ट्रिय सङ्घ, सङ्गठन संस्थाहरूलाई भित्र्याएर शहरबजार टोल-टोलमा, गाउँघरका, कुनाकुनासम्म पसाएर नेपाली परिचय, पहिचान र चिनारीहरू ख्वाए । ख्वाउँदै छन् । सोझो अर्थमा भन्दा यी पाउँचारूपी संस्थाहरूले स्थानीय स्तरमा आफूखुसी, आफ्नो अनुसार सत्ता चलाइरहेका छन् । राज्य सञ्चालन केन्द्रमा, राजनीतिमा, नेतृत्वमा, राष्ट्रको साधन, स्रोत र बजेटमा सीमित छ । यो सीमितता भित्रैबाट पनि राष्ट्र चुसिरहेका छन् । बाँकीटाँकीमा पनि अरू प्रहार गराउँदै छन् तर नेपाल आमा र नेपाली जनताले ती महान् शहीदहरूको उद्देश्यअनुसार अहिलेसम्म पनि सहीरूपमा आफ्नो सुरक्षा, न्याय-प्रजातन्त्र (जनताको तन्त्र) को




प्राप्ति र उपयोग गर्न पाएका छैनन् ।

यो देखेर ती महान् आत्माहरू जति दुःखी छन्, सिङ्गो नेपाल राष्ट्र त्यत्तिकै दुःखी छ तापनि सत्ता नेतृत्व ती महान् क्रान्तिकारी योद्धाहरूले भोगेको जेल, नेल, त्याग, तपस्या र बलिदानबाट प्रेरित भएन, उनीहरूले देखाएको मार्ग अवलम्बन गरेन । वास्तवमा उनीहरू नेपाल राष्ट्रका गुरु थिए/छन्, पथ प्रदर्शक थिए/छन् । नेपाल र नेपालीका लागि उनीहरूको बलिदानरूपी सिद्धान्त-नेपालवादको सट्टा विभिन्न वाद, अपवादहरू भित्र्याएर नेपाल आमालाई नै बेचिखाऔं जस्तो गरी चुस्दा-चुस्दा कमजोर पारे । जनतालाई दमन गरेर, भ्रष्टाचार, शोषण, वैदेशिक बल, षड्यन्त्ररूपी 'तातो भुङ्ग्रो' मा हात लगाइदिए । लगभग पचास/पचपन्न लाख युवा जनशक्तिलाई वैदेशिक रोजगारीमा धपाए । बाँकी युवालाई पनि देशभक्ति र जनताप्रति न ज्ञान, न प्रोत्साहन ! न काम, न दाम, न मामका बनाएर निराश पारे/पारिरहेका छन् । यस्ता क्रियाकलापहरू उल्लिखित महापुरुष- टङ्कप्रसाद, रामहरिहरू र महान् शहीद दशरथ, शुक्रराज, धर्मभक्त, गङ्गालालहरूको अपमान र षड्यन्त्रका रूपमा प्रस्तुत छन् । यस्ता षड्यन्त्र र प्रहारहरू अन्त्यमा नेपाल राष्ट्रकै लागि क्षति पुऱ्याउने उद्देश्यतिर लक्षित छन् कि भन्नेमा देशभक्त, जनसेवी, नेपालीहरू आपसमा सोच, विचार र विश्लेषणरत हुन लागिरहेको अनुभव भएको छ । नेपाल र नेपाली जनताकै लागि लडेर कष्ट भोगेका महापुरुषहरू तथा आफ्नो जीउ ज्यान फालेका महान् शहीदहरूको इतिहासबाट नेपाल राष्ट्रलाई सूर्यको जस्तो तेज र प्रकाश, सिंहको जस्तो आँट र महान् शहीदहरूको जस्तो वीरत्व प्राप्त होस् ताकि, नेपाली जनता विशेष गरी आजका देशभक्त युवा तथा सधैँ जन्मिरहने, हुर्किरहने भावी युवाहरू यो विश्वमानव समुदायमा आफ्नो शिर ठाडो पारेर नेपालीत्वको पहिचानका साथ उभिन सकून्, ती महापुरुष र शहीदहरूको सम्मान गर्न सकून्, उनीहरूको उद्देश्यअनुसार सही अर्थमा प्रजातन्त्र (लोकतन्त्र) प्राप्ति र सही अर्थमै जनउपयोगमा ल्याउन 'नेपालवाद' सिद्धान्त र व्यवहारमा प्रयोग र उपयोग होस् भन्ने लागेर 'शहीदको रगत' नाटक लेखी नेपाली जनसमाज- पाठक समक्ष प्रस्तुत गरेको छु ।

नाटककार, नाट्यकर्मी कलाकारहरूको सद्भाव रह्यो भने, यसलाई शहरबजार, टोलटोल, गाउँघर कुनाकुनामा मञ्चन (प्रदर्शन) हुन सक्छ । हाम्रा महापुरुषहरू तथा शहीदहरूबारे सबैले देख्न, जान्न पाउँछन् । उनीहरू हाम्रा गर्वका विषय हुन्, प्रेरणाका स्रोत हुन्, पथप्रदर्शक हुन्, राष्ट्रप्रति त्याग, तपस्या, वीरत्व र बलिदानका शुद्ध मूल हुन्, मूलको पानीबाट जीवन बाँचे झैं नेपाल राष्ट्रलाई 'सृष्टिमा सूर्यचन्द्र रहेसम्म (यस मन्त्रको प्रतीक-राष्ट्रिय झण्डा) बाँच्ने, बाँचिरहने पक्षतर्फ नेपाली जनमनमा जागरण आउनेछ र यसतर्फ आफ्नो कर्तव्य पालनमा बलवान् भएर उठ्न सक्नेछन् भन्नेमा ढुक्क छु । नाटक विधा तथा नाट्यक्षेत्रका राष्ट्रसेवी, देशभक्त पाठक महानुभावहरूको जो विचार !

यो नाटक तयार गर्ने सिलसिलामा नेपालका चर्चित विद्वान्, इतिहासविद् राष्ट्रिय व्यक्तित्व स्व. भुवनलाल प्रधानलाई उहाँको जीवनको उत्तरार्द्धतिर भेटी उहाँबाट इतिहासका विभिन्न घटना, दुर्घटना, परिघटना तथा लेखपढतर्फ मूल्यवान् प्रेरणा र प्रोत्साहन पाएको थिएँ । उहाँका 'नेपालको जनक्रान्ति-२००७' पढेर हुकुमी राणा शासन भोगेका नेपाली जनताको अवस्था, वि.सं. १९९७ सालमा उल्लिखित महापुरुषहरू तथा महान् शहीदहरूले गरेको त्याग र बलिदान कहालीलाग्दो र दुर्भाग्यपूर्ण

घटनाबारे पढ्दै रहेको छु, जानकारी लिइरहेको छु । लिँदै रहेको छु । यस्ता व्यक्तित्वशाली स्व. प्रधानप्रति धन्यवादरूपी श्रद्धाञ्जली अर्पण गर्दछु ।

नाटकसम्बन्धी कतिपय घटनाका चश्मदीद साक्षी, नाटकको समय, घटना, त्यस बेलाको भाषा, लवज आदिका जानकार इतिहासविद्, संस्कृत, नेपाली, नेवारी, हिन्दी, उर्दु, अङ्ग्रेजी भाषाहरूका ज्ञाता, इतिहास तथा जीवनी लेखनमा चर्चित साहित्यकार, जेम्स् एफ फिसरद्वारा रचित 'लिभिङ मार्टियर्स' अङ्ग्रेजी किताबलाई नेपाली भाषामा अनुवाद गर्नुभएका देशभक्ति र जनसेवाका लागि धेरै समय लगाइसकेका पूर्व राजनीतिकर्मी, विद्वान्, राष्ट्रिय व्यक्तित्व अरविन्द रिमालले यो नाटक पढेर 'यो नाटक 'प्रशंसनीय, प्रेरणादायक एवम् जाज्वल्यमान छ, सम्भव भएसम्म चाँडै प्रकाशमा आओस्' भन्दै मन्तव्यसमेत लेखिदिएर प्रोत्साहित गर्नुभएकोमा उहाँप्रति आदरपूर्वक कृतज्ञता एवं धन्यवाद टक्र्याउँछु ।

नाटक लेखन, मञ्चन तथा दुवै क्षेत्रमा ख्यातिप्राप्त सडक नाटक परम्पराका संस्थापक 'हामी वसन्त खोजी रहेका छौं', 'अतिरिक्त आकाश' आदि दर्जनौं नाटकका लेखक तथा साहित्यका अन्य विधाहरूमा पनि प्रतिष्ठित लेखक, विचारक, प्रवाहकका रूपमा परिचित अशेष मल्लले यो नाटक पढी मञ्चनका लागि पनि महत्त्वपूर्ण होस् भन्ने विचार दिँदै आफ्नो तर्फबाट 'जीवन्त इतिहास– जीवन्त प्रस्तुति' शीर्षकमा मन्तव्य लेखिदिएर गुन लगाउनुभएको छ । यसमा उहाँलाई कृतज्ञता र हार्दिकतापूर्वक धन्यवाद टक्र्याउँछु ।

यस्तै, स्व. भुवनलाल प्रधानका सुपुत्र भिक्टर प्रधान ! स्वयं लेखक र साहित्यकार हुनुहुन्छ । इतिहास र नेपाली राष्ट्रिय संस्कृतिजस्ता गहन विषयमा अध्ययन, अनुसन्धान र लेखनमा समर्पित हुनुहुन्छ । विश्वकै महान् साहित्यकार तथा लेखकका कृतिहरूको नेपाली भाषामा अनुवाद गर्ने कार्य पनि गर्दै आउनुभएको छ । उहाँले यो नाटक सम्भवसम्म चाडो भन्दा चाडो जनसमाजका अगाडि आओस् भन्दै यस लेखकलाई प्रोत्साहन गरिरहनु भएको छ । यो सबका लागि उहाँप्रति कृतज्ञतापूर्वक धन्यवाद टक्र्याउँछु ।

नाटकको छपाइको पूर्वरूप आद्योपान्त हेरी 'शहीदको रगत : आधुनिक नेपाली नाट्ययात्रामा अग्रगामी पाइला' शीर्षकमा आफ्नो विचार लेखिदिएर प्रोत्साहित गर्दै 'वि.सं. १९९७ सालको घटना, यस अधिका र पछिका घटनाहरूबारे पनि यस्तै नाटकहरू लेख्ने र मञ्चन (प्रदर्शन) गर्ने गराउने कार्य गर्न सके नेपाली जनसमाजले आफ्नो इतिहास, पहिचानप्रति र राष्ट्रप्रति महान् शहीदहरूले देखाएको बाटो समातेर राष्ट्रप्रति आफ्नो कर्तव्य पालन गर्न सक्छ ....।' जस्ता सल्लाह र सुझावका साथै प्रोत्साहन दिनु भएका लम्जुङ्ग सिमपानी, हाल बालाजु बोहराटार निवासी डा. देवी सुवेदी जसले नेपालका महान् नाटककार बालकृष्ण समको सुखान्त नाट्यकारितामा विद्यावारिधि गर्नुभएको छ, रामायण र महाभारतको तुलनात्मक अध्ययनजस्ता अत्यन्त महत्त्वपूर्ण किताबसहित समालोचना, कथा, नियात्रा, भाषाव्याकरण आदिमा थुप्रै किताबहरू लेखी राष्ट्रलाई दिइसक्नुभएको छ । नाटक विधाका विशेषज्ञ हुनुहुन्छ । उहाँमा (डा. सुवेदी) कृतज्ञतापूर्वक धन्यवाद टक्र्याउँछु ।

यो नाटकको लेखनपूर्व र लेखन समयमा अध्ययन गरेका किताबहरूजस्तै – शुक्रराज शास्त्रीको 'स्वर्गको दरबार' – दोस्रो संस्करण– प्रकाशक जनमत प्रकाशन काभ्रे २०६६, 'टङ्कप्रसाद आचार्य स्मृति ग्रन्थ'– प्रकाशक– टङ्कप्रसाद आचार्य स्मृति प्रतिष्ठान–२०५४, जेम्स एफ फिसरको 'लिभिङ मार्टियर्स' को अनुवादित 'जिउँदा शहीदहरू' का अनुवादक अरविन्द रिमाल– प्रकाशक टङ्कप्रसाद आचार्यको स्मृति प्रतिष्ठान–२०५७, नेपाल प्रजापरिषद्को स्वर्णजयन्ती स्मारिका–२०४३, 'रामहरि शर्माको आत्मवृत्तान्त' प्रकाशक आत्मवृत्तान्त अभिलेखन सेवा, काठमाडौं–२०५९, स्व. भुवनलाल प्रधानको 'नेपालको जनक्रान्ति–२००७', प्रकाशक रुमु प्रकाशन–२०४७, उहाँकै 'शहीद गङ्गा–दशरथ'–प्रकाशक रुमु प्रकाशन–२०४९, २०६४, स्व. गणेशमान सिंहको – 'मेरा कथाका पानाहरू' – खण्ड–१ प्रस्तुतकर्ता माथवरसिंह बस्नेत– प्रकाशक आयाम प्रकाशन प्रा.लि.–२०५८, कवि तथा विद्वान् लेखन श्री आनन्ददेव भट्टको– १९९७ साल शीर्षकको काव्य, युग कवि स्व. सिद्धिचरण श्रेष्ठको 'कारागारको सम्झना'– सम्पादक सरुभक्त– प्रकाशिका सारु श्रेष्ठ–२०५२, युगकवि सिद्धिचरण श्रेष्ठ– 'शताब्दी स्मृतिग्रन्थ'–प्रधान सम्पादक डा. मोदनाथ प्रश्रित– प्रकाशक युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठान–२०७१, सूब सेनको 'युग प्रवर्तक महागुरु युगकवि सिद्धिचरण श्रेष्ठ–प्रकाशक युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठान–२०६९, लेखवीर सिंह बस्न्यातको ऐतिहासिक झलक– साहित्य भवन विराटनगर–२०२८, सरदार भिमबहादुर पाडेका त्यस बखतको नेपाल भाग– १, २, ३ – नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. काठमाडौं–२०३९ र वहाँकै त्यसबखतको नेपाल राणाकालीन आखिरी तीन दशक भाग १ र २ – एशियन तथा अनुसन्धान केन्द्र–२०४४, प्रा. पिताम्बरलाल यादवको नेपालको राजनैतिक इतिहास– महन्थी यादव–२०४०, २०४२, २०४३, धर्मरत्न यमिको नेपालका कुरा– डा. कयोदेवी समेत–२०१४, २०२८, प्रो. ढुण्डीराज भण्डारीको नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास– प्रकाश प्रकाशन, डा. श्रीरामप्रसाद उपाध्यायको नेपालको समीक्षायात्मक इतिहास– साझा प्रकाशन–२०५५, पुरूषोत्तम शमसेर जबराको श्री ३ हरूको तथ्य वृत्तान्त १ र २ – विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी– २०६२, सूब सेनको 'नेपालवाद' प्रकाशक मणि मुकुन्द सेन– अध्ययन प्रतिष्ठान– २०७१ ।

सूब सेनको 'ठकुरी जाति परिचय र पहिचान' – प्रकाशक वैभव सेन मल्ल, सुमेरप्रताप सेन, सौर्यप्रताप सेन–२०६७ वैशाख, सूब सेनको 'आह्वान युवालाई'–२०७२, सूब सेनको 'फेरि आह्वान युवालाई'–२०७२, सूब सेनको 'मेरा कथाहरूको कथा' प्रकाशक सुयशप्रताप सेन–२०६१, सूब सेनको–'देशभक्ति र जनमुक्तिको लागि युवा'– प्रकाशक वैभव सेन मल्ल, सुमेरप्रताप सेन, सौर्यप्रताप सेन–२०६७, सम्मरबहादुर सिंह ठकुरीको 'जातीय पहिचानमा ठकुरी'– प्रकाशक ठकुरी सेवा समाज गोंगबु–२०६७ भदौ, स्व. ग्रीष्मबहादुर देवकोटाको 'राजनीतिक दर्पण' प्रकाशक ध्रुवबहादुर देवकोटा– २०१६, २०३६, 'श्री ५ त्रिभुवन स्मृतिग्रन्थ'– प्रकाशक त्रिभुवन स्मारक समिति–२०२७ आदि किताबहरू जति पढ्न सकैँ, जे जति बुझ्न सकैँ, यही पढाइ, बुझाइ र सुनाइमार्फत सधैँका लागि मेरो मनमा बास बसेका जानकारीहरू फुलेर लागेको फलको रूपमा यो नाटक तयार हुन पुगेको छ ।

तसर्थ, यी किताबसम्बन्धी लेखक तथा प्रकाशकहरूलाई र मलाई आफूमा रहेको अनुभव, अध्ययन तथा जानकारीको भकारी खोल्नुपर्दछ, लेख्नुपर्छ, लेखेको लेख्यै गर्नुपर्छ भनी घच्घच्याउने मेरो जिल्लाबासी भाइहरू चर्चित आख्यानकार रामप्रसाद पन्त, चर्चित छन्दकवि ठाकुर शर्मा भण्डारी, लेखक एवम् समालोचक डा. भागवत ढकाल तथा प्राध्यापनरत साहित्यकार यादव भट्टराईलाई हार्दिकतापूर्वक धन्यवाद दिन्छु ।



*Article* – **Ram Chandra Rupakheti**

# Foreign Dependency:A Big Barrier for Sustainable Economic Development

In public finance, foreign aid plays crucial role in economic development, which consists of foreign grants and foreign loan. Foreign aid is very important to many less-developed countries (LDCs) around the globe, like Nepal. It can have a substantial effect on their improvement by providing much-needed programs that provide jobs, healthcare and sustainability to the regions of the globe that need it most. Providing aid to LDCs can also promote positive outcomes for the country giving aid. However, it sounds somewhat crazy to say that foreign aid often hurts, rather than helps, poor people in poor countries.


As per economic survey 2016/17 by ministry of finance, in Nepal, international finance among the public finance plays a key role in socioeconomic development. Foreign direct investment, remittance and official development assistance (ODA) fall under international finance. International economic cooperation is mobilized in the form of development finance. In the past, major source of development expenditure used to be foreign aid, which currently occupies nearly 20 percent of the national budget. The share of foreign grants and debts is likely to grow in upcoming years due to necessity for post-earthquake reconstruction and rehabilitation works. Total ODA increased by 5.22 percent to USD 1074.06 million in FY 2015/16 as compared to USD 1020.75 million of the preceding year. Total foreign aid mobilization hovered around USD 1.0 billion to USD 1.1 billion in last six years. Of the total ODA in FY 2015/16, the shares of grants, loan and technical assistance accounted for 49.64 percent, 34.89 percent and 15.47 percent respectively. Similarly, the shares of multilateral and bilateral assistance in total ODA stood at 58 percent and 42 percent respectively.

The contribution of World Bank group to the total ODA has been the highest in FY 2015/16 with 22.69 percent followed by Asian Development Bank with 20.27 percent, United States Agency for International Development (USAID) with 11.07 percent, United Nation with 10.57 percent, UK with 8.33 percent, Japan with 4.27 percent, Switzerland with 3.44 percent, India with 3.33 percent, Norway with 3.31 percent, China with 3.29 percent and others with 9.43 percent. In FY 2015/16, USD 678.65 million (63 percent) ODA was mobilized under the budgeted projects and USD 395.41 million (37 percent) under the non-budgeted projects. Such ratios stood at 65 percent and 35 percent respectively in FY 2014/15. Foreign grants of Rs. 42.20 billion was utilized in FY 2014/15 against the utilization of such grants of Rs.39.54 billion in FY 2015/16.

The table show status of Nepal's dependency on foreign aid. It is thankful to the great professor, sociologist and politician, former Brazilian President Fernando Henrique Cardoso (in office 1995–2002) wrote extensively on dependency theory while in political exile during the 1960s, arguing that it was an approach to studying the economic disparities between the centre and periphery. Cardoso argue that there is a financial and technological penetration by the developed capitalist centers of the countries of the periphery and semi-periphery. This produces an unbalanced economic structure both within the peripheral societies and between them and the centers that leads to limitations on self-sustained growth in the periphery. This favors the appearance of specific patterns of class relations. These require modifications in the role of the state to guarantee both the functioning of the economy and the political articulation of a society, which contains, within itself, foci of inarticulateness and structural imbalance. In the context of Nepal, reducing dependency on foreign aid for country's development finance by enhancing the development capacity and utilizing foreign aid for national benefit has been becoming a major challenge.

As there shall be three-tier of governments in federalism, investments on socio-economic infrastructure need to be guaranteed through proper distribution of means and resources. It has been a major challenge to justify the utilization of public resources by assuring the prioritization of expenditure and revenue distribution among federal, provincial and local levels in the management of federal system. Moreover, enhancing fiscal utilization capacity of three-tier governments for optimum utilization of means and resources remains a challenge. Economic growth, employment opportunities, and poverty reduction initiatives have been affected for failing to boost public expenditure on productive sectors. Mobilizing public expenditure for economic expansion and building the national economy is a daunting challenge. With possibility of rise in recurrent expenditure in the initial stage of federalism, a balance between recurrent and capital expenditures requires to be maintained to ensure the means and resources for development. It is a challenging task to enhance federal finance by developing the revenue system as per the federal structure and increasing the ratio of tax revenue to GDP through the development of a neutral and transparent tax system as well as voluntary compliance of tax.

The loan and grants are needed for startup economic development. Nevertheless, they should be for the short term. The long-term sources are internal capital formation, economic growth and prosperity, employment of all sectors. The domestic economy in terms of exports, remittances and enormous growth of leading sectors. Nepal is rich in natural beauty, water resources, forestry and other natural resources. This can helps to accumulate the foreign currency reserve. Since Nepal is a less developed countries requires foreign




aid but should depend on long-term perspective. This loan should be utilized in social overhead, human, and non-human capital formation that makes easier for sustainable economic activities in the nation. However, the total outstanding debt to GDP ratio of Nepal is the lowest among South Asian countries. There remains a challenge of mobilizing public debt in productive sectors through proper utilization of fiscal space to meet the growing development needs. In addition, developing methods and systems for executing constitutional provision of acquiring loan from both provincial and local levels is a challenging task. The foreign aid in terms of technical knowhow, machinery, equipment, and technology may be old fashioned or outdated. In this scenario, it is suggested that government should take loan internally with proper participation of people who are the actual stakeholders, make investment in social overhead, human capital, infrastructures and advance technology for rapid growth, for efficient utilization of resources, which may direct social, economic and political sustainability and stable development.

*expertrcr@gmail.com*





आठ वर्ष अघिको 'अग्निचक्र' (२०६७ जेठ अंक) बाट

# हर्निया रोग र उपचार

परिभाषा : धेरै जसो हर्निया पेटको तल्लो भागमा हुन्छ । अस्पतालमा हर्निया भइ आउने रोगीको संख्या प्रसस्त पाईन्छन् । कम्प्लीकेशन नभइ नदुख्ने भएकोले रोगीहरू सुरुको अवस्थामा जाँच गराउन आउँदैनन् तर एकपल्ट दुख्ने भएमा वा आद्रा नै च्यापिन गएमा (INTESTINAL OBSTRUCTION) मात्र रोगी डाक्टरी सल्लाह लिन आउँछन् । अबेर गरेर उपचार गराउन आएमा हर्नियाबाट पनि व्यक्तिको ज्यान जान सक्छ तर समयमै सचेत भइ COM PLICATION हुनु अघि नै उपचार गराएमा सधैंको लागि निको हुन सक्छन् । पेटको माथिल्लो भाग (EPIGASTRIC HERNIA) वा नाइटोको प्वालद्वारा निस्किने हर्नियालाई (UMBILICAL HERNIA) भनिन्छ । पेटको मांसपेशीमा कमजोरी भए र पेटको भित्री प्रेसर बढी भए पेटभित्र भएको आन्द्रा वा आन्द्राको हिस्सा वा बोसो त्यस्ता कमजोर प्वालबाट बाहिर निस्कनुलाई हर्निया भनिन्छ ।

**हर्निया निस्कने ठाउँ अनुसार निम्न प्रकारका हुन्छन्**

१. ईग्युनल    २. फ्युमोरल
३. अम्वाइलिकल    ४. एपिग्यास्ट्रीक
५. अब्टुरेटर    ६. डायफ्रगमेटिक
७. इन्सीसनल

**हर्नियाँ हुने कारणहरू :-**

पेटको झिल्ली (PERITONEUM) को तल्लो भागमा एउटा थैली जस्तोमा अण्डकोष वा भल्भमा झर्छ । यो थैली पेटको झिल्लीको भाग भै निकलिन्छ । पेटको प्रेसर बढेमा (दिसा, पिसाब गर्दा वा खोक्दा) पेटभित्रको आन्द्रा त्यस थैलीमा जान्छ र प्रेसर कम भएमा पेटभित्र फर्किन्छ । निम्न कारणहरूले गर्दा पेटको प्रेसर बढी रहन्छ र हर्निया झरिरहन्छ ।

१. खोकी लागी रहनु, दम आइरहनु
२. पिसाब फेर्नमा बल गर्नु परेमा
३. कब्जियत भइ रहेमा
४. मोटोपन भइ रहेमा, शारिरीक कमजोरी भएमा
५. अपरेसन पछि घाउ पाकेमा

**हर्नियाको हिस्सा - Parts**

पेटको झिल्लीबाट एउटा थैली जस्तो निक्लिन्छ । यसलाई स्याक भन्दछन -जो सेतो रंगको हुन्छ र आसपासको अंगसँग टासिएको हुन्छ । यस स्याक भित्र पेटभित्र आन्द्राहरू हुन्छन् ।

**हर्नियाका लक्षणहरू**

१. हर्निया भएको ठाउँमा सुन्निएको वा फुलेको हुन्छ । खोक्दा वा बल गर्दा हर्निया निकलिन्छ । सुन्निएको देखिन्छ । पछि आफै सामान्य हुन्छ । बल गर्दा पेटको आन्द्रा वा बोसो बाहिर निस्किन्छ पछि फेरि भित्र जान्छ ।
२. हर्निया भएको ठाउँमा असजिलो हुनु पछि कम्प्लिकेसन भएमा धेरै दुख्नु ।
३. हर्निया ठूलो वा सानो हुने गर्दछ ।
४. खोक्दा वा पेटको प्रेसर बढेमा हर्निया निकलिने पछि भित्र जाने (IMPULSE ON COUGHING)
५. हर्निया निक्लिने प्वाल पत्ता लगाउन सकिन्छ
६. हर्निया भएका व्यक्ति कमजोर भएका हुन्छन् वा खोक्ने वा पिसाव दिसा गर्ने बेलामा बल गर्नु पर्ने हुन्छन् ।

**हर्नियाको कम्प्लीकेशन :-** साधारणतया हर्नियाले कष्ट दिई काम गर्न असजीलो पार्छ । धेरै दिनसम्म हर्निया भइ रहेमा निम्न complications देखिन्छन् :-

१. हर्निया ठूलो भइ रहने निस्कीरहने र काम गर्न नदिने (IRREDUCIBLE)
२. आन्द्रा च्यापी दिसा वायु निस्कनमा रोक लगाउने (OBSTRUCTED HERNIA)
३. हर्निया भित्र झरेको आन्द्राको रक्त संचालनमा रोकावट आई आन्द्रा सड्ने (STRANGULATED HERNIA)
४. हर्निया भित्र झरेको आन्द्रा पाक्ने (APPENDICITIS DIVERTICULITIS)

तल्लो अवस्थामा अति जटिल COMPLICATION भएकाले तुरुन्तै शल्यक्रियाद्वारा उपचार गर्नु जरुरी छ । ढिलो भएमा रोगीको ज्यानै लिन सक्छ ।

**हर्नियाको उपचार**


१. पेटीको प्रयोगद्वारा (Hernial truss) कतिपय हर्निया निको पनि पार्न सकिन्छ । नाभीबाट निक्लिने हर्नियालाई पेटी लगाई बन्द राखेमा निको पनि हुन सक्छ । केटाकेटीको हर्नियालाई पेटी लगाई राखेमा अपरेशनक्रिया अलिक दिनलाई रोक्न सकिन्छ । बूढाबूढीहरूको दम, खोकी, हुने रोगीको हर्नियाको प्वालमा पेटीले बन्द गरि राखी केही दिन रोक्न सकिन्छ तर निको पार्न शल्यक्रिया गर्नु जरुरी छ ।
२. हर्नियोटोमी (HERNIOTOMY) वा हर्नियाको स्याक काटी फ्याँकेमा निको पारिन्छ - केटाकेटीको मांसपेशी बलियो भएका तथा हर्निया निक्लिने प्वाल सानो भएमा हर्नियोटोमी गरी निको पार्न सकिन्छ ।
३. हर्नियोप्लास्टी (HERNIOPLASTY) यसमा हर्नियाको स्याक काटी फेक्नुको साथै कमजोर मांसपेशीलाई बलियो पार्ने पद्धति अपनाइन्छ । नगल्ने खालको सिलाई गर्ने धागो व्यवहार गरी प्वाललाई साँघुराउने तथा मांशपेशी बलियो पार्ने पद्धति अपनाईन्छ (HERNIOPLASTY) प्वाल ठूलो भएमा मेसद्वारा मांसपेशीलाई बलियो बनाइन्छ ।
४. OBSTRUCTED वा STRANGULATED हर्निया भएमा आन्द्राको उचित व्यवस्था मिलाई हर्नियोप्लास्टी गरिन्छ ।
५. हालै MINIMAL ACCESS शल्यक्रियाद्वारा स्यानो प्वाल बनाई स्याक झिकी prolene mesh राखी निको पारिन्छ ।

हर्निया भइ उपचार गराउन आउनेको संख्या प्रसस्त छन् । समयमै उचित उपचार गराएमा भविष्यमा हुने दुःख कष्टबाट जोगिन सकिन्छ । नीच मारी रोग पाली राखेमा कहिलेकाहीँ COM PLICATION भइ साधारण रोगले उग्ररूप लिई ज्यानै लिन सक्छ । ००

 **-सुश्री भद्रकुमारी घले**



# यसकारण वेद लेखें




**स्व. ठूँ टेक्न प्हैमू तमूँ**

**क–** सर्वप्रथम स्वर्गीय ठूँ-टेक्न प्हैमू तमूँ गुरूप्रति सत्सत् बार प्रणाम चढाउँदछु । यस धर्तीमा टेक्न प्हैमू तमूँगुरूजस्ता या उहाँभन्दा पनि क्षमतावान्, योग्य, बुद्धिमान् गुरूहरू भए । तर, भएर मात्र भएन, समाज, वर्ग, जातिका लागि आफूलाई उपयोगी काम आउने कार्य गर्न सक्नुपर्छ । परम आदरणीय स्व. ठूँ टेक्न प्हैमु तमूँगुरूले हामी तमूँ मात्र होइन, पूरै जनजातिहरूका लागि एउटा मूलढोका खोलेर उपकार गरेर जानुभएको छ । हामीमा प्रशस्त हाम्रो 'के' (वेद) धर्म, संस्कृत भएर पनि केही नभएजस्तो गरी हामी बसिरहेका थियौं । यस्तो अवस्थामा परम आदरणीय गुरूले आदिवासी/जनजातिहरूको सृष्टि कसरी भएर फैलेको हो, यो हाम्रो अमूल्य निधि, धर्म, संस्कृति, इतिहासको, भण्डार लेखेर गुरूले हामी आदिवासी/जनजातिहरूको उद्धार गर्नुभएको छ । ठूलो अमूल्य धर्म, संस्कृतिको वेद "क्येर्लो" दिएर हाम्रो उद्धार गरी हामीलाई ऋण लगाएर जानुभएको छ । यस्ता परमकृपालु, परमदयालु, परमप्राज्ञ, ज्ञानी, दूरदर्शी गुरूका चरणमा परम बन्दना गर्दै श्रद्धासुमन चढाउँदछु ।

**ख–** त्यस्तै श्री खड्ड क्होला तमूँगुरू र ख-श्री लासु तमूँगुरूको पनि हामी ऋणी छौं । कारण हामी खड्ड क्होला तमूँ र श्री लासू तमूँगुरूद्वयले परमगुरू श्री ठूँ टेक्न प्हैमू तमूँगुरूलाई "क्येर्लो" लेख्दा सहयोग पुऱ्याई हामी आदिवासी/जनजाति तमूँहरूको ठूलो उद्धार गर्नुभएको छ । हाम्रो "क्येर्लो" हाम्रो त्रय तमूँगुरूहरूको दया गरेर हामी आदिवासी/जनजाति र तमूँहरूको लागि अमृत अमरत्व नै दिएर हाम्रो उद्धार गरिएको छ ।

यो लेखनीले 'ठूँ टेक्न प्हैमु तमूँगुरूले कण्ठस्थ तमूँगुरूहरूले युगौंदेखि आत्मामा राखेको वेदलाई किताबको रूप दिएकोमा तमूँगुरू श्री खड्ड क्होला तमूँगुरू र श्री लासु तमूँगुरूले सुनमा सुगन्ध थपेर यस "क्येर्लो" हाम्रो सृष्टिको धर्मग्रन्थलाई अमूल्य बनाइदिनुभएको छ । गुरूद्वयले सहयोग गरी हाम्रो सृष्टिको वेदलाई आगोमा तताएर शुद्ध पार्नुभएको छ । हामी आदिवासी/जनजाति र तमूँहरू त्रयगुरूहरूप्रति सदा ऋणी र आभारी छौं ।

त्यस्तै हाम्रा परमआदरणीय समाजसेवी तमूँसमाजप्रति समर्पित तमूँहरू क-श्री बालनरसिंह गुरूङ तमूँ, रूपन्देही

**ख–** श्री डिकबहादुर गुरूङ तमूँ, रूपन्देही

**ग–** श्री डमरबहादुर गुरूङ तमूँ रूपन्देहीप्रति पनि आभार प्रकट गर्दछु । हाम्रा परम आदरणीय श्री गुरू ठूँ टेक्न प्हैमू तमूँगुरू, श्री खड्ड क्होला तमूँगुरू र श्री लासु तमूँगुरूहरूले हजारौं वर्षदेखि कण्ठस्थ राखिएको हाम्रो सृष्टिसम्बन्धी 'के' वेदलाई 'क्येर्लो' नाम दिएर निकालिँदा हाम्रा परम आदरणीय त्रयगुरूहरूलाई छपाउन शुद्धाशुद्धिका लागि र कम्प्युटर प्रेसमा छपाउन सहयोग पुऱ्याउनुभएको थाहा पाइएको छ । आज हामी जनजातिहरू संस्कार र संस्कृतिमा साह्रै सम्पन्न र धनी रहँदारहँदै पनि लिखित रूपमा हामीसँग हाम्रो सम्पन्नताको प्रमाण केही नरहेको बेलामा हाम्रा त्रयगुरूहरूले "क्येर्लो" लेखेर हाम्रो त्रय समाजसेवी सहयोगीले त्रयगुरूहरूलाई सहयोग पुऱ्याई सम्पूर्ण आदिवासी/जनजाति र हामी तमूँसमाजका लागि ठूलो गुण लगाएर सहयोग पुऱ्याएकोमा हामी आदिवासी/जनजाति र तमूँसमाजलाई उन्नतिप्रगतिमा र आफ्नो चिनारीमा सहयोग पुऱ्याइरहेकोमा धन्यवाद छ ।

घ- त्यस्तै "तमूँ छौँज" गुरूङ समाज सुधार समिति रूपन्देही, बुटवलले त्रय गुरूहरूद्वारा "क्येर्लो" लेखाइ छपाइमा सम्पूर्ण प्रेस खर्चमा सघाउ पुऱ्याई नेपाल जनजाति आदिवासीका साथै हामी तमाम तमूँसमाजको उन्नतिप्रगतिका साथै ठूलो ज्ञानभण्डार हामी सम्पूर्णलाई आफ्नो सृष्टि र सिर्जनाको ज्ञान दिने ज्ञानबर्द्धक 'के' (वेद) पुस्तक छपाइदिनुभएकोमा हामी आदिवासी/जनजाति र तमाम तमूँसमाज "तमूँ छौँज" गुरूङसमाज सुधारसमिति, रूपन्देही, बुटवलप्रति पनि धन्यवाद दिँदै आभार प्रकट गर्दछौं ।

हाम्रा गुरूत्रय

क - श्री ठूँ टेक्न प्हैमू तमूँगुरू

ख - श्री खड्ड क्होला तमूँगुरू

ग - श्री लासु तमूँगुरूहरूले साह्रै अपूर्व किताब "क्येर्लो" हाम्रो आदीवासी/जनजातिहरू र हामी तमूँहरूको के (वेद) लेखी हामीलाई धन्यधन्य बनाएका छन् । यस्ता सृष्टिका वेद धर्मग्रन्थ हामीमा हुँदाहुँदै पनि हामी आदिवासी/जनजाति र तमूँसमाज रित्तो थियौं, खोक्रो भएर बसेका थियौं । तर, हाम्रा त्रयगुरूले धार्मिक क्षेत्रमा हामी कुनैमा कम छैनौं भन्ने यस "क्येर्लो" ले देखाएको छ ।

कस्तो प्रकारले सृष्टि गरी आजका हाम्रा आदिवासी/जनजाति र त्यसैमध्ये तमूँसमाजको एउटा गहकिलो धार्मिक आधार "क्येर्लो" भएको छ । "क्येर्लो" ले हाम्रो धार्मिक क्षेत्र ऐतिहासिक क्षेत्र र सरकार र संस्कृतिको लागि गहकिलो मूल खम्बाको काम यस "क्येर्लो" ले गरिरहेको छ । 'क्येर्लो' ले हाम्रो राम्रो चिनारी गराउन सफल भएको छ । यसका लागि हाम्रा

दूरदर्शी समाजसेवी त्रय श्री बालनरसिं तमूँ (गुरूङ), श्री डिकबहादुर तमूँ (गुरूङ) र श्री अमरबहादुर तमूँ (गुरूङ) को सहयोग र बुद्धिमत्तापूर्ण कार्य गरी हामी आदिवासी/जनजाति र तमूँसमाजको लागि जो सेवा पुऱ्याउनुभएको छ । हामी आदिवासी/जनजाति र तमूँसमाजको लागि 'क्येर्लो' ले ठूलो चिनारी गराएको छ । चिनारीमात्र होइन, हाम्रो इज्जत बढाएको छ । हामीले एउटा भर लाग्दो धुरी खम्बा गाडी एउटा इज्जतको छत्रछाया पाएका छौं । अरूले क्येर्लोलाई कुन दृष्टिले हेरेका छन् ? त्यो त म भन्न सक्दिनँ, तर म भद्रकुमारी घलेले अमूल्य निधि भेट्टाएकी छु । त्यो भानुमतिको पीठारीबाट त्यो मन्दराचल पर्वत मन्थनबाट, त्यो कामधेनु गाईबाट केके चाहिन्छ, त्यही निकाले हुन्छ । विशाल हाम्रो धर्म, हाम्रो इतिहासको भण्डारबाट जति निकाले पनि कत्ति नघट्ने झन् नयाँनयाँ प्रेरणाको स्रोतहरू जन्मदै जाने जस्तो अजर-अमर सदासदाका लागि आफू बाँची, हाम्रो गर्वलाई सगरमाथा बनाउने, हाम्रो पहिचान, हाम्रो चिनारी, हाम्रो सृष्टि, हाम्रो सिर्जना, हाम्रो शृङ्गार त्यो 'क्येर्लो' हो । यसप्रकारले मैले मूल्याङ्कन गरेकी छु । जति दुहे पनि झन्झन् बढ्ने, यस्तो हामी आदिवासी/जनजातिको अमूल्य धर्म, संस्कृति, इतिहासको भण्डार "क्येर्लो" हामीलाई दिएर हामी हाम्रा गुरूत्रय सामाजिक कार्यकर्ता सहयोगीत्रयको साथै "तमूँ छौँज" गुरूङ समाज सुधारसमिति, रूपन्देही, बुटवलको गुणको लेखाजोखा लाएर साध्य नै छैन ।

ठिक समयमा "तमूँ छौँज" गुरूङ समाज सुधारसमिति, रूपन्देही, बुटवलले आर्थिक सहयोग पुऱ्याई हामी आदिवासी/जनजाति र तमूँसमाजलाई अति नै अमूल्य गुण लाउनुभएको छ । काम गऱ्यो भनेर मात्र हुँदैन । सानो कामले आज लाखौंकरोडौंलाई ठूलो मानसिक शान्ति पुऱ्याएको छ । यस कामले म बारम्बार गुरूत्रय सहयोगी तमूँहरू र तमूँ छौँज, बुटवलले लाएको गुणको मूल्य नै छैन । जति सोच्दछु उति अमूल्य भएर गौरवान्वित हुन्छु, छात्ती गर्वले फुलेर आउँछ, आत्मैदेखि धन्यवाद दिएर ऋणी भएकी छु ।

यस्ता हामी आदिबासी/जनजाति र तमूँसमाजको लागि जो कार्य गरी हाम्रो धर्मको सगरमाथा उभ्याएको छ, हाम्रो संस्कृतिको भण्डारको ढोका खोलिदिएको छ । हाम्रो पहिचान र चिनारीको सागर लहराएको छ, हाम्रा इतिहासको खम्बा उभ्याएर सदा-सदाका लागि हामीलाई अजर-अमर पारी जून र घामजस्तो सदा अमरत्व प्रदान गरिएको छ । यस्तो हामीले गर्व गर्नुपर्ने इज्जतिलो कार्य गरी जो देन हामीलाई दिनुभएको छ । यसमा हामी ऋणी छौं, गर्व गर्छौं ।

"क्येर्लो" जस्तो पवित्रता बोकेको 'के' (वेद) धर्म ग्रन्थ ऐतिहासिक धरोहरलाई सहारा बनाई इमान्दारीपूर्वक एउटा ग्रन्थ तयार पारेकी छु । क्येर्लोलाई कहीँ कतै नछोडी 'क्येर्लो' पवित्र ग्रन्थलाई जस्ताको तस्तै राखी आफूलाई लागेको त्यसको पुच्छरमा लेखेकी छु । "क्येर्लो" हामी आदिवासी/जनजातिको मूलग्रन्थ हो । यसबाट नै हाँगा फुटेर हामी नेप्टा-चेप्टा, चिम्साका शाखासन्तान विश्वभरि फैलिएका छौं भनी हाम्रो "क्येर्लो" के (वेद) को दाबा छ । "क्येर्लो" मा स्पष्ट यो कुराहरू लेखिएको छ । कुनबेला दल छुटेर कुन दिशामा गएर कुन जाति वर्तमानमा कहाँ बनेको छ भनी क्येर्लोले स्पष्ट भनेको छ । त्यसैले त्रयगुरूहरूको विचार जस्ताको तस्तै राखी आफूलाई लागेको कुरो लेख्ने हिम्मत गरेकी छु । हाम्रा त्रय तमूँगुरूहरूको उल्लेखनीय विचार अमृत हो, सदा अजरअमर रहनेछ । त्यस्तै त्रयगुरूहरूले लेखेको दर्शन वेद मन्दराचल पर्वत हो । जति मथे पनि नयाँनयाँ विचार, नयाँ प्रकाश, नयाँ प्रेरणा हामीलाई दिइरहन्छ । त्यसैले त्रयगुरूहरू :-

क - ठूँ टेक्न फ्हैमू तमूँगुरू

ख - खड्ु क्होला तमूँगुरू

ग - लासु तमूँगुरू

-हरूको आत्मादेखि निक्लेको क्येर्लोलाई र गुरूहरूको विचार सूत्रहरू मैले मेरो किताबमा जस्ताको त्यस्तै राखी त्यसले मलाई के प्रेरणा दिएको छ, प्रत्येक अध्यायमा लेखेकी छु । गुरूहरूका महान् वाणी वेदका सूत्रहरूबाट जतिचोटि हामी अध्ययन गर्छौं, त्यति नै पटक मैले चाहिँ नयाँनयाँ प्रेरणा, नयाँ विचार, नयाँ तर्क पाएकी छु । मैले पाएजस्तो अरू पाठकले पनि त्यसको लाभ उठाउन सक्नुहुन्छ भनी त्यो "क्येर्लो" जस्तोको त्यस्तै मेरो बासुकी नागको डोरी पारी समुद्र मन्थन गरी सृष्टिको सिर्जना गरेको कथा आउँछ । तर, हाम्रो मैले जो "क्येर्लो" बाट पाएकी छु त्यो आत्मा साक्षी राखी पढ्नेले पाउँछ भन्ने मेरो धारणा छ । जति पढ्छु, उति नयाँ सोचाइ, नयाँ प्रकाश र नयाँ प्रेरणा पाएकीले आत्मसात गरी प्रत्येक अध्ययनरत पाठकले पाउनेछ भन्ने आशा गरेकी छु । त्यसैले "क्येर्लो" जस्ताको त्यस्तै राखी त्यो अध्यायबाट मैले के प्रेरणा पाएकी छु, सो लेखेकी छु । त्यसै त मलाई तमूँ भाषा आउँदैन । जो तमूँ भाषाको कुरोलाई खस भाषामा उल्था गरी पाठकलाई सम्झन सरल होस् भनेर लेखेकी छु । कतै विषय गहन भएको हुनाले त्यसलाई सरल पारी सबैले सम्झन सक्ने ढङ्गले आफ्नो विचार पोखेकी छु ।

यस पुस्तकमा बुद्ध जन्मनुभन्दा हजारौंहजार वर्षपहिलेको कुरा लेखिएको छ । त्यसबेला जन्मेको मान्छेलाई नै पहिलो सम्बोधन बौद्ध भनी गरेको बौद्ध शब्द हाम्रो आदिवासी/जनजातिको वेदको आदि शब्द हो । हाम्रो धर्म अहिंस्रक धर्म हो । सुरूदेखि नै अहिंसालाई प्राथमिकता दिएको छ । यस्तो अहिंस्रक धर्म हुँदाहुँदै पनि आजकाल हिंसा कसरी आयो ? भन्ने प्रश्न अवश्य आउँछ । जीवनमा अनेक समस्या आउँछन् । 'क्होला स्वौँथारा गाउँ बसाएर बसेपछि त्यहाँ मान्छे खाने भूतले धेरै मान्छे खाए । तान्त्रिक गुरूहरूले मन्त्र विद्याबाट त्यो मान्छे खाने भूतलाई बसमा पार्न अहिंसा भए तापनि ज्यादा बाँच्नेको आधार खाद्यतामा मासुकै प्रयोग धेरै हुने कारण लेक भेगमा बसोबास गर्ने सालभरमा एक बाली मात्र अन्न फल्ने आदि ।' त्यसैले त्यस बेलाका मान्छेहरू अन्न कम कन्दमूल, जंगली फलफूल, साग, सिस्नु र माछामासु धेरै खाने गरेको व्यवहारमा हामी भेट्दछौं ।

मान्छे खाने भूत तह लगाउनलाई तान्त्रिक विद्याको उपयोग गरी भूतलाई माछा, मासु र अन्डाको लालचमा फसाई मन्त्रको बलले ल्याएर त्यो मान्छे खाने भूतलाई ल्याई मार्छन् । मान्छे मारेर प्रेत भएको मामा माइजू रिसाएर त्यसको मृतकर्म गर्दा तान्त्रिक गुरूले बलि चढाउने परम्परा चलाएपछि वर्तमान मृतकर्मकाण्डमा क्होला सम्पदादेखि मृतकर्ममा बलि चढाउने प्रथा तमूँहरूले चलाइआएको हामी पाउँदछौं ।

त्यसबेलाका तान्त्रिक गुरूहरूमा ठूलो शक्ति थियो । क्होलाका तान्त्रिक गुरूले भेडाको पाठामा प्रेतात्मा बसालेपछि भेडा मान्छेजस्तो बोलाएर चिनारी गराएर अब म स्वर्ग जान्छु । तपाईहरूलाई दुःख दिन्न भनी कुरा गराएको थियो ।

**प्राचीन तमूँ भाषाबाट खस भाषामा अनुवाद**

यो तमूँ 'के' यो वेद तमूँ भाषा तमूँ लिपिमै हुनुपर्दथ्यो । तर वर्तमान परिप्रेक्ष्यमा तमूँ लिपि छाप्ने छापाखानाको अभाव तमूँ भाषा बुझ्नेको अभाव आदिले गर्दा "क्येर्लो" हाम्रा बटुवलका तमूँसमाजले खस भाषामा छपाउन बाध्य हुनुपऱ्यो ।

हाम्रा स्वर्गीय ठूँ टेक्न फ्हैमु तमूँ गुरूले प्रजातन्त्र आएपछि अब त हाम्रो वेद छपाउन सकिन्छ होला भनी धेरै दिनदेखि मेहनत गरी राखेको आदिवासी/जनजाति के (वेद) छपाउने इच्छा राखेको 'तमूँ छौँज' गुरूङ समाज सुधारसमिति, रूपन्देही, बुटवलले थाहा पाएपछि लगानी गरी

छपाइदिनुभएको रहेछ । २०४७/९/१५ पुषमा छपाएर यस तमूँ के (वेद) को विमोचन गरिएको रहेछ । यो तमूँहरूको के (वेद) छपाएर बुटवल समाज सुधार तमूँसमाजप्रति हामी धेरैधेरै आभारी छौं ।

यसप्रकारले तमूँहरूको साह्रै प्राचीन शास्त्र तमूँ "क्येर्लो" वेद छापेर हामी हाम्रो तमूँसमाजको लागि हाम्रा बुटवलका तमूँसमाजले ठूलो सहयोग सेवा पुऱ्याएको छ । म आत्मादेखि बुटवलको तमूँसमाजलाई धेरै-धेरै धन्यवाद दिइरहेकी छु । यो "क्येर्लो" छपाएर तमूँहरू के-कस्ता थिए, हामी धर्मसंस्कृतिमा कति र कस्ता थियौं, हाम्रो चिनारी हाम्रो परिचय यस "क्येर्लो" ले गर्दा छ । म बारबार आत्मैदेखि तमूँ छौंज धीँ बुटवललाई धन्यवाद दिइरहेकी छु ।

सबभन्दा ठूलो कुरो हाम्रा गुरूहरूले हामी के हौं ? को हौं ? मान्छे नै पिच्छेको मनगढन्ते वंशावली पेस गरेर हामी तमूँहरूलाई, हामी आदिवासी/जनजातिलाई लाजै नमानी दासीपुत्र बनाई दक्षिणपन्थीहरूले हाम्रो वंशावली लेखिरहेका थिए ।

कैयौं हाम्रा तमूँहरूले पनि त्यस्तै गलत कलम चलाएका थिए । हाम्रा त्रयगुरूहरूले "क्येर्लो" लेखी हाम्रा रजिस्ट्रेसन संस्था "तमूँ छौंज धीँ" गुरूङ समाज सुधारसमिति, रूपन्देही, बुटवलले "क्येर्लो" छपाएपछि हामी के हौं ? हाम्रो धर्मसंस्कृति कस्तो उचाइमा थियो, हाम्रो इतिहास कस्तो छ ? यस "क्येर्लो" ले छर्लङ्ग पारेर सबैको मुखमा बुजो लगाइदिएको छ । सही मानेमा यस राष्ट्रका सही आदिवासी जनजाति कस्ता थिए, कसरी उनीहरूको विकास भयो । यस "क्येर्लो" ले छर्लङ्ग्याइदिएको छ । अब आदिवासी/जनजातिको उत्पत्ति र उत्थान विकासको इतिहास धर्म, संस्कृति नै स्पष्ट हुँदै आएपछि कसैले यसोउसो भनेर तर्क र शंका गर्नुपर्ने कुरो म देख्दिनँ ।

नेपालका आदिवासी/जनजातिहरूले कसरी कति कठिनाइसँग संघर्ष गरेर पनि यत्रो उचाइको सभ्यता, संस्कृति, धर्म, इतिहास बोकेको हामी आदिवासी/जनजातिहरू आफ्नै राष्ट्रमा पिछडिएको पछौटे भएर पछि हमला गरिआएका दक्षिण हमलाबारेको शोषण र चेपुवामा बसी दोस्रोतेस्रो नागरिक भएर बसेका छौं । धन्य हामी सहन सक्छौं, धैर्य लिन सक्छौं ।

बन्दुकको नाल हामीलाई बोकाई हामी जनजातिको काँधमा बन्दुक तेर्स्याएर रक्तक्रान्ति गर्ने माओवादीले आज आफूले बोलेको कुरा बिर्सिएर पद, पैसा र पावरमा भूलेको त होइन ? भन्ने महसुस गरिरहेका छौं । अब समयले हामीलाई पनि धेरै चेतना जगाइसकेको छ । धेरै जागरण ल्याएको छ । हामीले हाम्रो ठाउँको पहिचान गर्न लागिरहेका छौं ।

हामीले हाम्रो मूल्य आँकेका छौं । यसप्रकारले दक्षिणपन्थीहरूको हेपाई चेपाईमा हामी बस्नु परे तापनि तब हामीले हाम्रो स्थान हाम्रो मूल्य र मान्यता बुझिसकेका छौं । अब हामीलाई कसैले भूलभुलैयामा भूलाई बाटोबाट कुबाटो लगाउन सक्नेछैन ।

आदिबासी जनजाति र तमूँहरूलाई आफ्नै चिनारी गराउने आफ्नो इतिहास बताउने, हाम्रो उचाइ देखाउने किताबको आवश्यक थियो "तमूँ छौंज धीँ" गुरूङ समाज सुधारसमिति, रूपन्देही, बुटवलले त्यो आवश्यकता र खाँचोको परपूर्ति "क्येर्लो" छपाएर गराएको छ । यसका लागि बार-बार आत्मैदेखि धन्यवाद दिइरहेको छु । म साह्रै आत्मैदेखि आभारी र ऋणी पनि छु ।

"क्येर्लो" ले हामी आदिवासी/जनजातिहरूका साथै तमूँहरूमा एउटा नयाँ प्रकाश फैलाइ नयाँ चेतना ल्याएको छ । म साह्रै-साह्रै खुस भएकी छु र आत्मा मेरो प्रफुल्ल भएको छ । यस "क्येर्लो" ले हाम्रो सही पहिचान गराएको छ । हामी त्यो केही नभएका आदिवासी/जनजाति होइनौं । हाम्रो धर्म छ, हाम्रो संस्कृति छ, हाम्रो संस्कृति छ, हाम्रो सभ्यता कसैको भन्दा कम छैन । हामी प्राचीनतम इतिहास बोकेका आदिवासी/जनजाति हौँ । हाम्रो 'के' (वेद) हाम्रो "क्येर्लो" ले हाम्रो पहिचान गराएको छ, हाम्रो चिनारी बढाएको छ । यस संसारमा अब हामीलाई हेप्ने, चेप्ने र शोषण गर्ने वर्गले एकफेर अवश्य सोच्नुपर्नेछ ।

**हाम्रो धर्म संस्कृतिको मूल चुरो र जरो :**

पहिले नै हामीले भनी आएका छौं । यो हाम्रो जनजाति/आदिवासीहरू 'के' (वेद) हो । यो 'के' हजारौंहजार बुद्ध जन्मनुभन्दा पहिलेको कुरा हो । यो 'के' (वेद) मा वास्तविक मूल जरा र चुरो सारांशमा म यहाँ राख्न चाहन्छु ।

१. आकाश
२. पृथ्वी
३. वायुमण्डल
४. प्रकाश
५. जल

माथिका पाँच प्राकृतिक शक्तिलाई मानी ५ बौद्ध गुरूहरू मानी आएका छन् ।

१. आः गुरू बौद्ध - सत्यको पालन गर्ने ।
२. ज्याहेन : गुरू बौद्ध - ज्ञानको पालन गर्ने ।
३. उर्ग्यान : गुरू बौद्ध - शक्तिको पालन गर्ने ।
४. केतम : गुरू बौद्ध - सृष्टिको पालन गर्ने ।
५. च्यितम : गुरू बौद्ध - वैज्ञानिक सोध-अनुसन्धान गर्ने ।

यसप्रकारले प्रथम पञ्चमशक्तिलाई मानी पञ्चमशक्तिद्वारा नै बौद्धधर्मको मूलमन्त्र उच्चारण गर्दछन् ।

मूल मन्त्र :- ओम-मनि-प्है-म्हा-ह्या-हे ईश्वर बाबाआमा उठ ।

१. वोम, ऊँ, ओम-सुरू गर्न, उठ्न ।
२. फाइन फाएत, फाट-निको होइजा ।
३. स्हो स्वाहा - बाँचिरहोस् ।

यस्ता प्रकारले पाँच प्रकृतिक शक्ति पाँच महाबौद्ध गुरूहरूको पछि र मूल मन्त्रपछि ।

**गुरू-प्लि-क्येपा = चार गुरूको अवतार**

१. स्या-द्वो-ग्यालबू-योक्वो-वो = गुरू = पूर्वदिशाको दिवग्याल गुरू ।
२. ल्यों-द्वो-ग्यालबू-फायेम्बो गुरू = दक्षिण दिशाको दिवग्याल गुरू ।
३. न्यहो-द्वो-ग्यालबू-च्येमीस्वो गुरू = पश्चिम दिशाको दिवग्याल गुरू ।
४. ज्यहो-द्वो-ग्यालबू-न्याद्वो-यें गुरू = उत्तर दिशाको दिवग्याल गुरू ।

माथिका पाँच शक्ति र चार शक्ति मिली जम्मा नौ गुरूहरूलाई हामी आदिवासी/जनजातिहरूले मानिआएका छौं । यसप्रकारले नौ गुरूहरू र मूलमन्त्र मानेका छौं ।

यसपछि नौ गुरूहरूको कर्तव्य, नौ गुरूहरूको कर्म र नौ गुरूहरू तपस्यामा लीन भएर प्रकृतिमा समाहित हुन्छन् ।

त्यसपछि सृष्टिको सिर्जनाको लागि पृथ्वीबाट बाह्र महाबौद्ध गुरूहरू उत्पन्न हुन्छन्, पाँच मुलुकबाट ।

**महाबौद्धहरूको अवतार ठाउँ, नाम, काम, उपाधि**

साँ.फूँ. ति ग्यालसा ङहारू ह्यूलसा हो ।

१. क्हौसि करूरी :- आः गुरूको अङ्ग, शक्ति, ज्ञान, गुण र तत्व पाएर उत्पन्न भए ।
२. प्लाँहुरूरी :- उर्ग्यान गुरूको अङ्ग, शक्ति, ज्ञान गुण र तत्व पाएर उत्पन्न भए ।

३. ब्हे काचिरी :- क्येतम गुरूको अङ्ग शक्ति, ज्ञान, गुण र तत्व पाएर उत्पन्न भए ।
४. ठूँ ज्याबर लह्यें (सरस्वती) ल्ह्येँ रैं महा पण्डित ज्ञान बुद्धिको गुरू
५. ठूँ म्हेबार ग्रो सत्य ग्रोइचा (राज्यमन्त्री) ग्रो के गुरु राजनीतिज्ञ शास्त्री ।
६. ठूँ येतैं ध्यौं : मार्गदर्शक, मार्गशास्त्री ।
७. ठूँ सिराँ ब्हैइमू - रक्षा गर्ने, रक्षकशास्त्री ।
८. वि-स्णों-म्है, ङो-औषधी मन्त्र आयुर्वेदिक शास्त्री ।
९. तडेंमनि क्ह्यौंकारी - सम्पत्तिको शास्त्री ।
१०. च्योडेंमनि ह्योंकारी - सम्पत्तिको शास्त्री ।
११. तडेंमनि ह्योंकारी - बलशक्ति शास्त्री ।
१२. च्योंडेमनि क्वोकारी - बलशक्ति शस्त्री ।

**क-** नौ परम परमात्मा प्रकृतिमै लीन ईश्वर ।

**ख-** बाह्र सृष्टि र सिर्जनाका लागि उत्पन्न भएका बौद्ध गुरूहरूले पालन गर्ने ।

**बौद्ध धर्मको मूल सिद्धान्त :**

१. सत्य    २. अहिंसा
३. मानवता    ४. शान्ति
५. संघ

**यी बाह्र बौद्धहरूको कुल र कुटुम्बरी**

१. ग्याल फैलु राजकुल    २. ल्ह्यें - फैलु ज्ञानकुल
३. ह्यौं - ङो फैलु    ४. ह्यौं - फैलु
५. क्ह्यौं फेलुहरू

उपरोक्त ढङ्गले आदिवासी/जनजाति र तमूँहरूको वेदको मूल मन्त्र मूल सिद्धान्त र मूल आधार लिएर समाजलाई अघि बढाएको पाउँदछौं । सबै प्राणीहरूमा राग, द्वेष र मोह हुन्छ । मान्छेमा आउने तीव्र लालचा रोग हो । राग पूरा भएमा स्मृति गुमाउँछ । राग पूरा नभएमा दोष उत्पन्न हुन्छ । राग र दोष अविद्या हुन्, विद्वान् व्यक्ति रोग र दोषबाट अलग रहन्छन् । यसरी बुद्धत्व प्राप्त गर्नुपर्छ । जन्म र मृत्युबाट मुक्त हुने बाटो देखाउनुपर्छ । सत्य प्रमाणित गरेपछि आफूसँग कुनै तृष्णा नभएको अनुभव गर्नुपर्दछ । अनि आफू बुद्ध भएको अनुभव गर्न पाइन्छ । यसरी बुद्धत्व प्राप्त गरेपछि अवबोध प्राप्त गर्न सकिन्छ । अनित्यता, दु:ख र अनात्माभाव सबैमा विद्यामान भए पनि बुझ्न् नसक्ने कारणले सबैलाई सम्झाई दु:खबाट मुक्त गर्न सकिन्छ ।

बहुजन हिताय बहुजन सुखायको धर्मचक्रलाई बुद्धले धेरै वर्ष मानव समाजमा उद्धारका लागि चलाएको थियो । बुद्धले हिन्दू वेद मानेका छैनन् । आफूले पनि वेद रचेका छैनन् । बोद्ध धर्म अँगालेपछि बौद्ध वेद मानिएको थियो भन्न हामी सक्छौं । प्राचीन महाबौद्धहरूदेखि भगवान् बुद्धसमेतले अहिंसा बौद्ध धर्म घोषित गरेका छन् । बौद्ध धर्ममा साम्प्रदायिक भावना देखिँदैन, जातीय भेदभाव छैन । लिङ्गको भेदभाव राख्दैन, अर्थात् पुरूष र स्त्रीलाई समान अधिकार छ । अमिर र गरिबको भिन्नता छैन । यस धर्ममा राजादेखि प्रजासम्म समानहरू दिएको छ । ब्राह्मणदेखि लिएर शुद्रसम्मलाई एउटै पंक्तिमा उभ्याएको छ । धनी र गरिबलाई एउटै ढोकाबाट भित्र्याइएको छ । अरू अहंकार अभिमानी, विक्षिप्त र अलपत्र परेकालाई समेत उचित उपदेश दिई शान्तिको बाटो अग्रसर गराएको छ । अतः यो धर्म मानव धर्म हो । मानवकल्याण बौद्ध सिद्धान्तमा निहीत छ भन्दा फरक पर्दैन । आदिवासी/जनजातिहरू सबैलाई समेट्ने धर्म नै बौद्ध हो भनी हामी दाबाको साथ भन्न सक्दछौं । आदिवासी/जनजातिहरूको साझा नेपाली धर्म बौद्ध धर्म हो । बौद्ध धर्म, संस्कृति र इतिहासका अंग्रप्रत्यांग हुन् । बृहत् नेपालीको धर्म बौद्ध हो । संस्कृति र इतिहासलाई परिपूर्ति भएको मान्न हुँदैन किनभने कुनै जात र प्रान्तको इतिहास र संस्कृति नै नेपालको धर्म, संस्कृति र इतिहास होइन । जसरी चार पाङ्ग्रा भएको एक मोटरगाडीले सामानहरू ओसार्न मद्दत दिन्छ । त्यस्तै विभिन्न जातिहरू र रीतिरिवाजको संयोजनाद्वारा साझा नेपालीको धर्म, संस्कृति र इतिहासको प्रादुर्भाव भएको छ । यसको हामीले सोध गर्न सक्नुपर्छ ।

हामी तमूँहरूलाई र अध्ययन गरी नेपाल आदिवासी/जनजातिहरूले पाली आएको, मानी आएको धर्मको सुधारेको रूप नै आजको बौद्ध धर्म हो । प्राचीन नेपालका आदिवासी/जनजातिहरूले जो धर्म मान्थे त्यसलाई बौद्ध धर्म भन्थे, त्यस बेलाका मान्छेलाई बुद्ध भन्थे ।

त्यस आदिवासी/जनजातिहरूले मानी आएको धर्म सिद्धार्थ गौतम बुद्ध जन्मनुभन्दा हजारौंहजार वर्ष पहिलेको हो । त्यसबेला आदिवासी/जनजातिहरूले आफूलाई बुद्ध भन्थे । आफूले मानेको धर्मलाई बुद्ध धर्म भन्थे । त्यस प्राचीन आदिवासी/जनजातिले मानेको धर्म र गौतम बुद्ध प्रतिपादित धर्म धेरै मिल्छ । त्यसैले गौतम बुद्धले त्यस बेलाका आदिवासी/जनजातिले पालेको या अपनाई आएको धर्मलाई नै गौतम बुद्धले अपनाई आत्मासाथ गर्नुभएको म मान्दछु । यसकारण गौतम बुद्धले आफ्नो धर्ममा प्रवचनहरू गर्दा हिन्दूधर्मको पाउँदैनौं । हालको हिन्दूधर्म गौतम बुद्धभन्दा धेरै पहिलेको हो । तर, गौतम बुद्धको दर्शनमा लेस मात्र पनि हिन्दू धर्म उल्लेख हामी भेट्दैनौं । विशुद्ध गौतम बुद्धको आफ्नै पाराको विचार, सोच र दर्शन उहाँले दिनुभएको छ ।

बुद्ध भगवान् स्वर्गारोहण भएका चार सय पाँच सय वर्षपछि पाली भाषामा बुद्धदर्शन, बुद्धवचन लेखिएको हो भन्दछन् । हाम्रो तमूँको यो के ( वेद) गुरू पुरोहितले कण्ठस्थ राखेको वेदलाई श्री ठूँ टेक्न प्हैमू तमूँगुरूले खस भाषामा लेख्नुभएको क्येर्लोबाट आज हामीले पाएका छौं । यो लगभग तीन सय पेजको वेदमा हिन्दूधर्मको विशाल भण्डारबाट कहीँकतै रत्तिभर पनि कुरा उल्लेख भएको छैन । अहिले मैले लेखेकोमा कहीँकतै उद्धरण गरेकी छु । त्यो गल्ती पो भयो कि भनी मलाई लागिरहेको छ । यसले पनि यो तमूँको वेद साह्रै पौराणिक हो भन्ने दर्साउँछ ।

मैले पढ्न पाएको यो हाम्रो तमूँको वेद आफ्नै पाराको आफ्नै ढङ्ग र ढाँचाको पाएकी छु । यस शास्त्रमा कुनै अरू शास्त्रको अरू व्यक्तिको उल्लेख गरेको भेटिँदैनौं । यो नै सबभन्दा प्राचीनतम भएकाले यसमा अरू पुराण र किताबको कुरा कसरी पर्न सक्छ । तमूँ के (वेद) मा केवल हामीले हाम्रो कुरा मात्र लेखेको भेट्दछौं । यसले पनि आफ्नो प्राचीनतम परिचय दिएको छ । यो हाम्रो तमूँको के (वेद) आफ्नै पाराको छ । आफ्नै पाराले यहाँ कुराहरू लेखेको छ । खैर ढिलो गरी प्राप्त भए पनि यो वेदले हामी तमूँ संस्कृति, हाम्रो रहनसहन परम्पराका साथै हाम्रो विकास कसरी त्यस बेलादेखि आजसम्म भयो भन्ने हाम्रो कसैलाई कसैले पार्न सक्दैन । हाम्रा गुरूको पासमा यस्तो ठोस प्रमाण हुँदाहुँदै पनि हामी अर्काको होहोरे मा हिँडेका थियौं । हाम्रो "क्येर्लो" ले हामीलाई हाम्रो सही चिनारी गराएको छ ।

हाम्रा तमूँका गुरूपुरोहितहरूलाई आज पनि हामी सोध गर्न गएमा हाम्रा पूर्खा उत्पन्न भएको थलो  पाउनेछौं भन्ने विश्वास छ । "अवतार स्थलको चिनारी हाम्रो 'के' (वेद) मा यसप्रकारले गरिएको छ ।

बौद्धहरूको पूर्खा र बौद्धजगत् नौ महागुरूहरू अवतार भएको स्थल पृथ्वीको उत्तर भागमा पर्छ । वर्तमान मानसरोवरको आसपास हुनसक्छ । कारण हाम्रो 'के' वेद "क्येर्लो" मा स्पष्ट रेकूताल भनेको वर्तमान मानसरोवर भनी लेखेको छ । हाम्रा बाह्र महाबौद्ध गुरूहरू सृष्टि र सिर्जनाका समयमा

बारबार शक्ति प्राप्त गर्न त्यही मानसरोवर आसपास गएर तपस्या गरेका छन् । त्यसैले उत्पन्न थलो पनि त्यतै रहनु पर्छ ।

२०६३ को अन्तिम २०६४ विक्रम सम्वत्को आसपास अखबारमा मुस्ताङ्को कुन गाउँ हो मलाई याद छैन । एउटा गुफा भेटिएको छ । त्यो गुफामा प्राचीन चित्रहरू भेटिएका छन् भनी अन्नपूर्णमा विस्तृत जानकारी चित्रसहित लेखेको थियो । त्यस गाउँका मान्छेले यो हाम्रो देवताहरूको चित्र हो । यस गुफामा हामी कसैलाई जान दिँदैनौ भनी भनेका थिए, कलिको सर्वशक्तिमान पैसा दिएर ती विदेशी सोधकर्ता त्यो गुफामा गएर सम्पूर्ण हेरेर फोटोहरू पनि छपाएका थिए । सो कटिङ् भेट्टाएमा राख्छु, न भेट्टाए भविष्यमा सोध गर्न छाड्छु । पछि सोध गर्नेहरूका लागि यो कुरा लेखेकी हुँ ।

वोन धर्मको धर्मशास्त्रहरूमा बौद्ध 'के' (वेद) मा उल्लेख गरेको यस्तो छ । वरिपरि उच्च हिमाल, माँझमा केही समथर भूमिमा निम्न लेखेको ठाउँहरू तथा आकारहरूको भग्नावशेषहरू हुनुपर्छ ।

१. धेरै टाढा पश्चिमतिर ठूलो सरोवर (न्यैं.कूं ताल) हुनुपर्छ ।
२. केही टाडा पश्चिममा रक्तचकोर (बलबिचे) हुनुपर्छ (जसको भूमि ढुङ्गापानी रातो रंगको हुनु पर्छ ।
३. उत्तरमा अग्लो हिमालयको चुचुरामा तपस्या आसन र स्वर्णमन्जुषको आकारहरू हुनु पर्छ ।
४. उत्तर-पूर्व दिशामा क्वो.ङ्यो (रातो, रक्त तलाउ) हुनु पर्छ ।
५. दक्षिण-पूर्व दिशामा म्वोम्वो ङ्यूईये-ग्यूँ (बादलले छाएको अँध्यारो गंगा) हुनु पर्छ ।
६. नौ परम परमात्मा महागुरूहरूको त्हैंरल (आकार या मूर्ति) हुनु पर्छ ।
७. बाह्र महाबौद्ध गुरूहरूको त्हैंरल (आकार या मूर्ति) हुनु पर्छ ।
८. सात महाबौद्ध स्योहरूको (स्त्री) त्हैंरल (मूर्ति) हुनु पर्छ ।
९. त्यहाँ हाम्रा राज्यले निर्माण गरेको क्होहिवू ल्हैंरैं मरस्वाँ-बौद्ध-कूख्यिले तयार पारेको भग्नावेश क्होहिबू (मन्दिर) हुनु पर्छ ।
१०. साँ.फूँ.ति. ग्यालसा ह्यूलाको फूँ.ताँ.स्वौं त्हेरल भगनावेश आकार हुनु नै पर्छ ।
११. ह्यैंरैं-त्हैंरल (आकार)
१२. छ्बोबू कारा-त्हैंरल (आकार)
१३. मूँ-ब्हे-त्हैंरल (आकार)
१४. साँ-ब्हे त्हेरल (आकार) ।
१५. च्वोस्यूरू-क्रोस्यूरू-त्हैंरल (आकार)

माथिका सम्पूर्ण मूर्तिका आकारको भग्नावशेष पाउनुपर्छ भन्ने हाम्रो गुरूहरूको दाबा छ । कारण त्यो साँ.फूँ.ति. ग्यालमा ह्यूलामा दक्षिण हमलाबाट आर्यनहरू आजसम्म त्यस ठाउँमा पुगेका छैनन् होला । त्यो साह्रै विकट हिमाली क्षेत्रमा पर्छ ।

जुन बेलामा हाम्रा पूर्खाहरूलाई खानको आवश्यकता पर्दैनथ्यो । हावापानी, पोषण तत्व रूखलाई जस्तो वातावरणले आपसेआप प्राप्त हुन्थ्यो । इच्छाशक्तिबाट कार्य हुन्थ्यो । उड्न मन लागे उड्ने, बस्न मन लागे बस्ने, यस्ता सत्ययुगमा निर्माण गरेको राज्य साँ.फूँ.ति. ग्यालसमा ह्यूला र त्यसमा धेरै युगसम्म सञ्चालन गरेको धार्मिक क्होहिबू (मन्दिर) त्यसभित्र तयार पारेका त्हेरल (मूर्तिहरू) अवश्य पनि आजसम्म विद्यमान रहनु पर्छ भन्ने धारणा हाम्रा बुद्धदर्शनमा विश्वास राख्ने मान्छे र गुरूहरूको छ ।

यो सम्पूर्ण "क्येर्लो" हाम्रो 'के' वेद पढेपछि मलाई लाग्छ । आवश्य पनि साँ.फूँ.ति. ग्यालसमा ह्यूलाको र त्यसबखतको राजधानी र त्यसबेलाको सभागृह धर्ममन्दिरको भग्नावशेष अवश्य हुनु नै पर्छ । तप गर्न त्यस बेलाका बाह्र गुरूहरू न्ये.कूं.- ताल कै कुरा गर्छन् (न्ये.कूँ. ताल) भनेकै मानसरोवर मलाई लाग्छ । मनसरोवरलाई केद्रबिन्दु मानी सोध गरेमा हामी आजका मान्छे सफल हुन्छौं होला भने जस्तो मलाई लागेको छ । (भविष्यमा आउने भविष्यरत्नहरूलाई सोध गर्ने आग्रह छ ।)

**मैले बुझेको कुराहरू ।।क।। - १**

सबभन्दा पहिले परमकृपालु, परोपकारी, परमदयालु, मानवमुखी, समाजसेवा हामी तमूँहरूको बाज्या स्वोर्गीय श्री ठू टेक्न प्हैमू तमूँगुरूप्रति श्रद्धा अर्पण गरी श्रद्धाञ्जलि चढाउँदछु । जसको सुझबुझ र बुद्धिमत्ताले गर्दा आज तमूँले आफ्नो सृष्टिकालीन परमपरमेश्वर गुरूहरूबाट रचित वेद पाएका छौं । इतिहास पाएका छौं, धर्म, संस्कृति, सभ्यता पाएका छौं साथै आफ्नो पहिचान आफ्नो चिनारी पाएका छौं । गुरूमा भएभरको श्रद्धा ओइन्याउँदा पनि, आफूमा भएको सम्पूर्ण भक्ति रित्याउँदा पनि कमी नै लागेको छ । हे ! ठूँ टेक्न प्हैमू तमूँगुरू सत्सत् प्रणाम गर्दछु ।

त्यस्तै परम आदरणीय श्री खड्ु क्होला तमूँगुरू सत्सत् प्रणाम गर्दछु । यो साह्रै कठिन विकट शास्त्रलाई समाजमा ल्याउन मानव समाजलाई दिन जो सहयोग श्री गुरू ठूँ टेक्न प्हैमू तमूँगुरूलाई पुऱ्याई हामीलाई "क्येर्लो" जस्ता 'के' (वेद) दिनमा सघाउ पुऱ्याउनुभयो । परमपूजनीय गुरूवरको चरणमा श्रद्धासुमन चढाउँदछु ।

त्यस्तै सहयोगी श्री बालनरसिंह तमूँ भाइ, श्री डिकबहादुर तमूँ ज्यू र श्री डमरबहादुर तमूँज्यूहरूमा म श्री ठूँ टेक्न ब्हैमु तमूँगुरूहरूलाई "क्येर्लो" छपाउँदा जो सहयोग पुऱ्याई हामी सम्पूर्ण तमूँसमाजप्रति ठूलो कृपा गर्नुभएकाले सम्पूर्ण तमूँसमाजबाट मुरी-मुरी धन्यवाद तथा आभार प्रकट गर्दछु ।

त्यस्तै "तमूँ छौंज" गुरूङ समाजप्रति आभारी छौं । "क्येर्लो" लाई आफ्नो कोषको पैसा खर्च गरी हाम्रो के (वेद) छपाएर हामी तमाम तमूँहरूलाई आफ्नो चिनारी आफ्नो पहिचान गराउनमा सफल भएको छ । म सम्पूर्ण तमूँहरूको तर्फबाट तपाईंले साह्रै महत्वपूर्ण कार्य गरी जुन प्रकारको सहयोग हामी तमूँसमाजलाई पुऱ्याउनुभएको छ, त्यसप्रति आभार प्रकट गर्दछौं ।

ख- हामी सदा सोधशील हुनुपर्छ, राम्रो विचारका किताबहरू अध्ययनबाट हामीलाई आत्मा विकास गराई राम्रो व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँदछ । मेरो यही अध्ययनशील प्रवृत्तिका कारण मैले आज अमूल्य नीधि "क्येर्लो" पुराण प्राचीन पुस्तक हात पारी जानी नजानी मैले कलम चलाई आफ्नो तमूँसभा, आदिवासी/जनजातिलाई केही दिन पाएँ भनी आत्मा सन्तोष पाएकी छु ।

"क्येर्लो" को अध्ययनबाट के पाए त्यो विभिन्न अध्यायमा लेखेकी छु । तापनि आत्माज्ञान, आत्मचेतना, शरीर र आत्माको भिन्नता, शरीर र आत्माको अन्तरलाई सम्झने तरिका माध्यम विभिन्न आचार्यले आफ्ना भावना व्यक्त गरेकोबाट मेरो क्षमताले भ्याएसम्म ग्रहण गर्ने सौभाग्य पाऊँ । यससम्बन्धमा शरीर र आत्माको सम्बन्ध हामीले शरीर र आत्माको मूल्यांकन गरी व्यावहारिक जीवनमा उतार्नुपर्ने कुरा बुझ्ने र सम्झने सौभाग्य पाऊँ । साथै यस "क्येर्लो" को अध्ययनले हाम्रो यो पञ्चतत्वले बनेको शरीर :-

१. पृथ्वी २. जल
३. वायु ४. अग्नि
५. प्रकृति (जो सबै व्याप्त छ) आकाश ।

यसको योगले बनेको हाम्रो यो शरीर (माथिका तत्वलाई मिलाई) बनाउने प्रत्येक प्रकारको सृष्टि सिर्जना गर्न सक्ने प्राकृतिक शक्ति । जसलाई हामी परमात्मा, ईश्वर आदि अनेक नामले पुकार्छौं । हामी प्रकृतिले गरेको कार्य जीवनमा गरिराखेका छौ । तर, त्यसको ज्ञान हामीमा नभएकाले हामीलाई थाहा हुन्न । त्यही आत्मबोध नहुँदा हामीले जन्म लिएर जीवन त्यसै फ्याँकेका छौं । जीवनलाई बुझ्ने क्षमता राख्ने प्राणीमा हामी मान्छे एक नम्बरमा आउँछौ तर हामी मान्छेले आफ्नो मूल्य आफैंले सम्झन नसक्दा हामी मान्छेले मान्छे भएर जन्मेको जीवन त्यसै खेर फ्याँकेका छौं ।

आजका वैज्ञानिकका खोज देखेर आश्चर्य पर्दछौं । यति मात्र हो, रिसर्च गर्न सक्नुपर्छ । प्रकृतिमा असम्भव केही पनि छैन । जो चाहे पनि हामी सृष्टि र सिर्जना गर्न सक्छौं । "हिन्दूधर्ममा सृष्टिकर्ता ब्रह्मा भन्छन्" त्यसै आदिवासी/जनजातिको "क्येर्लो" (वेद) मा हाम्रा नौ परमगुरूहरू र बाह्र महाबौद्ध र सात तमूँस्योहरूबाट सम्पूर्ण सृष्टिको सिर्जना गरेको हामी भेट्दछौं । पृथ्वी पूर्ण हिउँको गोला भएको बेलामा पृथ्वी फुटाएर पाँच ठाउँबाट बाह्र महाबौद्ध तमूँगुरुहरू उत्पन्न भएको र त्यो हिउँले ढाकेको पृथ्वीलाई प्राणी मात्रको लागि उपयुक्त प्राकृतिक अवस्था या वातावरण बनाउन नौ सूर्य सृष्टि गरी सम्पूर्ण पृथ्वी ढाकेको हिउँ पगाली प्राणी पालन हुने वातावरण बनाएपछि एउटा सूर्य, एउटा चन्द्र राखी सृष्टि सिर्जना गरेको विवरण हामीले "क्येर्लो" मा अध्ययन गर्न पाएका छौं ।

जस्तै विभिन्न चिज मिसावट गरी रोज खाने खाद्यन्नमा विभिन्न स्वादको हामी बनाउँछौं । यो मिलावटबाट विभिन्न स्वाद एक रूपबाट अर्को रूप, अर्को स्वाद बनाउनु पनि सोध हो, रिसर्च हो । केवल हामीले यसको गहिराई मात्र अध्ययन गर्न सक्नुपर्छ । बुद्धि हुनेले अनेकौं रिसर्च गर्छ । नयाँ-नयाँ आयाममा पुग्छ । हालै एउटा बालक, स्कुले बच्चाले हेलिकोप्टर बनाई उडाई देखाए भनी धेर-थोर भएपछि त्यही मिलावटको आधारमा हाम्रो क्षमताको विकास भएर हामी व्यवहारमा उतार्दछौं । यो कुराको ज्ञान भयो ।

यो भवमा सृष्टि कसरी हाम्रो माध्यमबाट गराएको छ, बुझ्ने ढङ्गले मैले माथि उल्लेखित गरेको छु । अब शरीर जस्ताको त्यस्तै रहँदारहँदै पनि हामीलाई सञ्चालन गर्ने हाम्रो आत्मा कहिलेकाहीँ बाटो निस्केर यो शरीरलाई छोडी भाग्छ, त्यो हामी प्राणीहरूलाई थाहा हुन्न । त्यो आत्माको हातमा पनि छ जस्तो लाग्दैन । शरीर र आत्मालाई बुझ्न धेरै गाह्रो छ । बुझेपछि पूर्ण रूपमा समस्या समाधान हुन्छ । आजसम्म हामी प्राणीमा बुद्धिमान मान्छेले नै शरीर आत्माको सम्बन्ध र रूपको राम्रो पहिचान गर्न सकेका छैनौं । जब पहिचान नै छैन, चिनारी हुने कुरै भएन । जब चिनारी नै छैन भने एक आपसमा जानकारी रहने कुरै भएन । जब जानकारी नै छैन भने आत्माका सम्बन्धमा कुनै ज्ञान हामीमा रहँदैन ।

हामी र हामीभित्र राखेको प्राकृतिक शक्ति सम्बन्धमा जति बुझे पनि बुझ्न गाह्रो नै छ । हामीलाई सञ्चालन गर्ने शक्ति शरीरमा भएता पनि हामी मुर्दा जस्तो रहन्छौं । यस्तो स्थितिको या मनस्थितिका मान्छे देखेपछि म छक्क पर्छु । आत्मा छैन भनौं भने जिउँदो छ, सबै काम गर्छ । छ भनौं भने त्यसले आफैंलाई चिन्दैन । यो आगो हो, यसले पोल्छ भन्ने ज्ञान पनि हराएको हुन्छ । यस्तो विचित्र प्रकारको स्थितिमा पुगेपछि मलाई आत्मा र परमात्माको पहिचान गर्न गाह्रो पर्छ ।

मिठो, राम्रो, नराम्रो गन्ध, स्पर्श आदिको ज्ञान अलग-अलग इन्द्रियले हामीलाई ज्ञान गराउँदछ । शरीर, इन्द्रिय, मन रहँदारहँदै पनि कहिले हामी अचेत, केही होस् नरहेको अवस्थामा पनि पुग्दछौं । यस्तो अवस्थामा आत्मा, मन शरीरको सम्बन्ध ध्यान गर्न हामी अल्मलिनेछौं । छैन भनेको त सबै छ । छ भनौँ भने सबै शून्य छ । यस्तो स्थितिले आत्माको पहिचान गराउन कठिनाइ पर्छ । सम्पूर्ण हाँक्ने मन भन्दछौं तर यो मन रहँदारहँदै पनि अरू नै शक्तिले शरीर सञ्चालित भएको हामी पाउँछौं ।

अब मान्छे जन्मेपछि हामी मान्छे बन्न कोसिस गर्नुपर्छ । मान्छे बन्ने कोसिस गर्नु भनेको दया गर्नु, दान गर्नु, उपकार गर्नु, शुद्ध चरित्र र व्यवहार गर्नु, अर्काको हानीनोक्सानी केही नगरी वचनले पनि कसैलाई नबिझाई दयामाया, प्रेममय व्यवहार गरेर सदा आफू अर्काको भलाइ गर्ने सहयोग पुऱ्याउने भएर जीवनलाई उपयोग गर्ने मान्छेले मान्छे जस्तो काम गरी मान्छे बन्दै छ भन्न सक्दछौं । यस्तै मान्छेहरूले मात्र आत्मालाई चिन्न सक्दछ ।

हामीले एक पीडित व्यक्तिलाई आवश्यकताले व्यवस्थितलाई हामीले हाम्रो क्षमताले भ्याएसम्म सहयोग पुऱ्याउँदा सहयोग प्राप्त गर्ने व्यक्तिको चेहरामा समस्याबाट सबैको खुसीको आभास हामीले देखेपछि हामीलाई जो आत्मा शान्ति जो तृप्ति प्राप्त हुन्छ, त्यसको हामी शब्दमा वर्णन गर्न सक्दैनौं । त्यो स्वर्गीय सुखको अनुभव त्यो उपकार गर्ने व्यक्ति त्यो सहयोग गर्ने व्यक्तिले आत्मानुभूति प्राप्त गर्दछ । जसरी भएता पनि हामीले आत्मसुख अनुभव गर्नु हो ।

हामीसँग दुई बाटो छ । एक व्यावहारिक बाटो जो समाजसेवा, मानवसेवा, परोपकार, दया, धर्म, शुद्ध चरित्रमा रहेर समाज र मानवको सेवा गर्ने । दोस्रो आध्यात्मवाद तर हाम्रो प्राकृतिक बुद्धदर्शनमा व्यवहारमै आध्यात्मक जोडिएको छ । उदाहरणका लागि प्रत्येक परिवारबाट माइला छोरा र माइली छोरी विवाह नगरी पञ्चम वेदको अध्ययन गरी धर्म परम्परालाई थाम्ने एउटा संस्कार नै बनाएको पाउँदछौं । मानवताको दृष्टिले यो उचित या अनुचित आफ्नै ठाउँमा छ । तर धर्मसंस्कृतिलाई जोगाउने दिगो आधार हाम्रो प्राकृतिक संस्कारमा यसप्रकारले पालन गरिएको हामी पाउँदछौं ।

म भद्रकुमारी घलेचाहिँ व्यावहारिक आध्यात्मवादलाई मान्छु । ध्यान गरेर एकाग्र रहेर रातदिन तपस्यामा लीन हुनु राम्रो हो । तर हामी मान्छे भएर यस संसारमा आएको केही गर्नका लागि हो । आफूमुखी आफ्नो आत्मविकासमा मात्र नलागि जीवनमा राष्ट्र, समाज र मानवताप्रति पनि त कर्तव्य निभाउनु आवश्यक पर्दछ । **आफ्ना लागि त सबैले गर्छ, परायाका लागि हामीले केही गर्न सक्नुपर्छ ।** आफ्नो मात्र ध्यान गरेर एउटा व्यक्ति शक्तिशाली हुनसक्ला तर अरूका लागि केही गरी मर्नु राम्रो हो । **बहुजन हिताय बहुजन सुखाय** नै उत्तम हो जस्तो लाग्छ ।

सेवाको काम पनि देखावटी हुनुहुन्न भन्ने मेरो धारणा छ । भोकोको भोग मेट्न सक्नु, नांगोको नग्न ढाक्न सक्नुका साथै आवश्यकता र खाँचोको भारले चेप्टाएकाहरूलाई सहयोग पुऱ्याउन सकेमा ठूलो दान, ठूलो सेवा, ठूलो सहयोग ठहर्दछ जस्तो मलाई लाग्छ । खासगरी छोराको स्कुल फिस तिर्न नसकेका, वयस्क छोरीको विवाह गर्न नसकेका जस्ता आदि समस्यामा डुबेकाहरूलाई हामीले सहयोग गरी केही समस्या टार्न सके त्यो सेवा हो जस्तो लाग्छ ।

मैले माथि नै या यस किताबमा लेखेकी छु । यहाँ लोग्ने मान्छे र आइमाई दुई थरी छन् । यहाँ तँ धनी म गरिब, त्यो ठूलो म सानो छैन, हाम्रो वेदमा हाम्रो संस्कारमा जाति नै छैन । त्यसपछि छुवाछुत हुने कुरै छैन । **हामी मान्छे हौं, मान्छेले मान्छे भई काम गरी सहयोग पुऱ्याइ सेवा, परोपकार गरेर तृप्त भई मर्न सक्नुपर्दछ ।** हाम्रो 'के' (वेद) मा यस्तै कुराहरू हामी पाउँदछौं ।◆◆



संस्मरण - विमल अधिकारी

# कोलोराडोस्थित ग्यास स्टेसनमा आगो लाग्दा...

सन् २०१७ को डीभी प्रक्रिया पूरा भयो - २०७३ मङ्सिर २७ मा त्यस दिन हामीलाई भिसा लागेको थियो । त्यसपछि हामीले कतार एयरलाइन्सको टिकट तय गर्‍यौँ - फेब्रुअरी ९, २०१७ सोमबारका दिन । अमेरिका यात्रा पहिलो पटक थियो भने प्लेन चढेको दोस्रो पटक । हामी अमेरिकी माटोमा १० तारिखमा पाइला टेक्यौं । कतारको चार घन्टे ट्रान्जिटपछि लस एन्जलस पुग्न २० घण्टा जति लाग्यो । लस एन्जल्सको आठ घन्टे ट्रान्जिटपछि हामी २ घण्टा ३० मिनेटको अमेरिकन एयरलाइन्सबाट डेनवर पुग्यौँ । हाम्रो हिसाबमा ११ तारिखमा अमेरिका पुगे पनि त्यहाँ त १० तारिख भएको देख्दा अचम्म लागेको थियो । हामीलाई एयरपोर्टमा रिसिभ गर्न दिदी भिनाजु (पत्नीको) आउनुभएको थियो ।

सुरूमा अमेरिका देख्नेबित्तिकै घर एकनासको देख्दा समानताको नमुना पाएँ । बिजुलीबत्ती गाडी, बत्ती र बाटोघाटो देख्दा म निकै प्रभावित भएको थिएँ । काठैकाठका एकनासे घर, पार्किङ र कारैकार देख्दा साँच्चै अनौठो ठाउँमा आएको महसुस भयो । डेनवर एयरपोर्टबाट स्मोकी हिल पुग्न ४५ मिनेट लाग्दो रहेछ । दिदी भिनाजुको घरले घडासहित स्वागत गरेको थियो रातको बाह्र बजे । सुरूका दिनमा चकमन्न लाग्थ्यो - त्यो ठाउँ । गाडी गाडी बाटोमा चरोमुसो समेत नहिँडेको देख्दा झन् अचम्म लागेको थियो । विकसित, समृद्ध एवं सिस्टममा चल्ने उक्त ठाउँ समयनिष्ठ भएको पाएँ । नागरिक मात्र समयनि... नभएर बस, रेल र प्रकृति पनि समयनिष्ठ रहेको पाउँदा म निकै प्रभावित भएको थिएँ । नवआगन्तुक पाहुनाको रूपमा हामी त्यस घरमा रह्यौँ । कागजपत्र मिलाउन करिब तीन महिना लाग्यो । ग्रिनकार्ड र सामाजिक सुरक्षा त नभई जागिरको प्रक्रिया अघि बढ्दो रहेनछ । SSN नं. आएपछि जागिर अर्थात् काम मिल्यो - ग्यास स्टेसनमा । SSN पछि प्रान्तको ID बनाउनुपर्ने रहेछ । त्यो पनि बनायौँ । अप्रिल १ तारिख २०१७ मा दुबै ठाउँमा काम मिल्यो । त्यो संयोग नै मान्नुपर्छ कम्प्युटरमा लिखित परीक्षा उत्तीर्ण गरेपछि तालिम पूरा गर्नुपर्ने रहेछ । पूर्णकालीन जागिर (काम) पाँच दिन दिउँसो र अल्पकालीन काम राती अप्रिल १ तारिख, २०१७ बाट सुरू भयो । सुरूमा बस-रेलको भेउ नपाउँदा निकै कठिन भएको थियो ।

कारमा पुऱ्याउन-ल्याउन पनि कहाँ सबैसँग समय हुन्थ्यो र । जे होस् बिस्तारै यहाँको जनजीवनसँग अन्तरघुलन हुन थालें । नवआगन्तुक पाहुनालाई पर... को ठाउँमा बाटो देखाउनु ठूलो हो, अन्तरमनले गरेको सहयोगलाई मनमनै धन्यवाद दिँदै, कृतज्ञता प्रकट गर्दै करिब आठ/नौ महिनापछि नजिकैको अपार्टमेन्टमा सर्‍यौँ । परनिरभर भएर बाँच्नु हुन्न भन्ने मान्यता बोक्ने यो ठाउँमा You should do yourself, work schedule लाई महत्व दिइँदो रहेछ । गाडी, कडा जागिर एवं हिउँको हाँउगुजी देखाइएकोले बढी चिन्तित बन्थ्यौं - हामी दुवै काम गर्ने भएपछि पाहुनाको रूपमा बस्नु नैतिक रूपमा सुहाउदैन थियो । गएको दिनदेखि नै मेरो मस्तिष्कमा एकएक संस्मरणका कथानक बनि रहेका थिए । कामको सिलसिलामा एउटा महत्वपूर्ण घटना घटेको थियो । उक्त घटनाको वर्णन संस्मरणात्मक शैलीमा व्यक्त गर्न चाहन्छु ।

अक्टोबर १०, सोमबार २०१७ का दिन दिउँसो २:००-१०:०० बजेसम्मको काम सकी बेलिग्यू स्टेसनबाट 'ई' लाइन रेल चढी कोलोराडो रेल स्टेसन पुग्छु । १०:४५ तिर । फुल टाइमको काम सकेर जाँदा राति ढिलै हुने गर्दथ्यो । छरिएर आउँछ भन्ने थाहा पाएर मलाई पालो दिनेले सहने गर्थे । घण्टाको हिसाबले काम गर्ने हुनाले त्यस्तो आपत्ति हुँदैनथ्यो । पार्ट टाइमको कामको पोसाक लगाई पालो दिनेबाट जिम्मेवारी लिइसकेपछि नियमित गर्नुपर्ने काम र कम्प्युटरमा क्यासियरको काम गर्दागर्दै बिहानको ३:०० बजि सकेको हुन्छ । बाहिर १६ ओटा पम्प र भित्र ठूलो कोल्ड स्टोर भएको उक्त ठाउँमा रजिस्टर भएको ठाउँमा बुलेट प्रुफ कोठा छ । त्यो कोठाभित्र म बसिरहेको अवस्थामा एक्कासि एउटा ग्राहक आएर भन्छ -Hello... Hello... See the out side pump .. pump! यसो हेर्छु पम्प ३।४ लमतन्न सुतेको छ ।

मेरो सातो जान्छ । होस गुमेको जस्तो हुन्छ । कसरी पम्प सुत्यो होला भनी सोच्नै पाउँदिन । कम्प्युटर बेस्सरी कराउँछ 'अल स्टोप' गर भन्ने सङ्केत गर्छ । 'All stop' भन्ने थिचेपछि मात्र कहाँ कराउन छोड्थ्यो मुस्लोको साथ । मलाई आपतविपत पर्छ । इमरजेन्सी ग्यास स्टोपलाई 'पुस' गर्नुपर्ने नजानेर तान्न पुग्छु । तालिममा त्यस्तो अवस्थामा इमरजेन्सी बटनलाई पुस गर्नू भनी सिकाइएको थियो । आत्तिएर अलमलमा पर्छु । आगोको मुस्लो 'पुस' बटन थिचेपछि मात्र कम हुन्छ । आगोको लप्का धूवाँको मूस्लो आकाशतिर दन्किएको देख्दा अब ठूलो क्षति होला भन्दै आत्तिएको अवस्थामा पुग्छु । भित्तोमा राखिएको 'इमरजेन्सी ग्यास बटन' थिचेर मात्र चित्त बुझ्दैन बाहिर जान्छु । अरूहरू पनि निकै गम्भीर भएर सहयोग गर्छन् । त्यस ठाउँको परिवेश प्लास्टिक फ्याक्ट्रीमा आगो लागेझैँ बन्न पुग्छ । त्यस्तो बेला स्टोरमा क्यासियर चूप लागेर बस्न मिल्दैन । धूवाँको कालो मूस्लो देखेर ग्राहकहरू समेत निकै आत्तिन्छन् । मद्दत गर्न जुट्छन् ।

सुरक्षा तालिममा लिइएका सम्पूर्ण विधि पूरा गर्नुपर्ने हुन्छ । म त्यो पूरा गर्दै अघि आफ्नो भूमिकातर्फ लाग्छु । केही घटना भयो भने ९११ (प्रहरी नं.) मा फोन गर्नुपर्ने हुन्छ । म फोन लगाउँछु-

This is gas station ... fire... fire
Evans... Colorado... gas station
Fire... fire... Fire

एक महिला प्रहरीले फोन उठाउँछिन् । म Fire... Fire... Evans... इभान्स कोलोराडो ग्यास स्टेसन भन्छु । उनले मेरो उच्चारण नबुझेको बताउँछिन् र कम्प्युटरले भन्छ - For translation dial ... number voice mail मलाई झन् आपत पर्छ । दिक्क बन्छु । ग्यास स्टेसन दन्किएर विष्फोट हुने अवस्थामा पुगेको महसुस गर्छु । छेवैमा रहेको फास्ट फुड सेन्टर (२४ घण्टा) को ढोका ढकढक्याउँदै आगो दन्किएको देखाउँछु । आफूले ९११ मा फोन गर्दा नबुझेको बताउँदै सहयोगको लागि याचना गर्दछु । उनीहरू निकै गम्भीर भएर फोन लगाइदिन्छन् । उक्त क्षेत्र म्यागडोनाल्स (फास्टफुड सेन्टर) को हो । सँगै टाँसिएको भएकाले सबैलाई सुरक्षाका हिसाबले गम्भीर बनाउँछ । फोन गरेको तीन मिनेट भित्र 'डेनवर फायर डिपार्टमेन्ट' को दमकल साइरन दिँदै आइपुग्छ । एकपछि अर्को दमकल । फायर डिपार्ट प्रमुखको आकस्मिक गाडी, आकस्मिक बत्ती बाल्दै, साइरन बजाउँदै आइपुग्छ । नआत्तीकन आफ्नो काममा फायर म्यान लाग्छ । चारैतिर सुन्तले/पहेँलो रङको फित्ता र प्लास्टिक कोनले घेरिन्छ । एभान्स सडक चकमन्न बन्छ । चारैतिर दमकल, चारैतिर प्रहरी गाडी आकस्मिक

बत्ती बालेर बसेको छ । सुरक्षा निकायका मान्छे र फायरका मान्छे स्ट्यान्ड बाई... ।

एउटा दमकल पानीको फोहराका साथ तयारी छ । जनशक्ति धेरै भए पनि चार-पाँच जना मात्र अग्र भागमा बस्छन् । फायर डिपार्ट प्रमुख आएर क्यासियरले सुरक्षा उपाय अपनाए/नअपनाए बारे यकिन हुँदा रहेछन् । त्यसपछि ढुक्क भएर आफ्नो कार्य गर्दा रहेछन् । इमरजेन्सी ग्यास र 'अल स्टोप' मा यकिन हुँदा रहेछन् । दमकलले गर्ने कार्य गरिरहन्छ । चारपाँच जना फायर म्यान मात्र सक्रिय हुँदा रहेछन् । अरू दमकल र फायर म्यान स्ट्यान्ड बाई तैनाथ भए पनि विवेक र सुझबुझका साथ काम गर्दा रहेछन् । आवश्यक जनशक्ति मात्र प्रयोग गर्दा काममा बाधा नहुने मान्यता रहेको पाउँछु । फिँजै फिँज (सायद साबुपानी/केमिकल मिसाएको पानी) भएको पानीको फोहोरले १६ ओटा (टाँसिएर आठ ओटा) पम्प भएको ग्यास स्टेसन जोगिन्छ । डेनवर फायर डिपार्टको कामकर्तव्य, जिम्मेवारी, समयनिष्ठता देखेर दङ्ग पर्छु । विभाग अनुसारको जिम्मेवारी र भूमिका हुँदा काममा चुस्त र दुरूस्त हुने रहेछ ।

दमकल आई कार्य गर्ने लाग्दा आफ्नो स्टोर म्यानेजरलाई फोन गरी जानकारी दिई मैले पनि आफ्नो कर्तव्य पूरा गरिसकेको हुन्छु । पम्प नं. ३।४ पूरै क्षतविक्षत भए पनि ठूलो दुर्घटनाबाट हामी जोगिन्छौं । फायर डिपार्टको प्रमुखलाई भेट्न प्यारामेडिक डेनवर लेखेको गाडी आइपुग्छ । प्यारामेडिक टिमको प्रमुख (स्वास्थ्य सम्बन्धी) आएर फायर डिपार्ट प्रमुखलाई भन्छिन् -Are you fine? म अचम्ममा पर्छु । कस्तो गम्भीरता - फायर डिपार्टका मान्छेलाई स्वास्थ्य समस्या भयो कि सहयोग गर्नुपर्छ भन्ने भावनासहित आएको देख्दा अचम्म लाग्छ । प्यारामेडिक टिमलाई फायर प्रमुख भन्छन्-
We are fine. Thank you!
Thank you sir भन्दै प्यारामेडिक टिम जान्छ । मलाई त्यो दृश्य, त्यो गतिविधिले निकै प्रभाव पर्छ । रातदिन नभनी आफ्नो कामकर्तव्य र जिम्मेवारीप्रति दत्तचित्त भएको देख्दा यहाँका डाक्टर, फायर डिपार्टका प्रमुखलाई मनमनै धन्यवाद दिँदै नेपालका जिम्मेवार अधिकारी बीच तुलना गर्छु ।

फायर डिपार्ट प्रमुखले म माथि केरकार र अनुसन्धान सुरू गर्छन् । इतिवृत्तान्त बताइदिन्छु । स्टेसन अर्थात् स्टोर म्यानेजरसँग सम्पर्क गराइदिन्छु- आफ्नै हाते फोन मार्फत



प्रमुखले मेरो विवरण लिइसकेपछि एकैछिनमा म्यानेजर आइपुग्छन् । दुवै जना कुरा गर्छन् । उक्त स्टोर तीन घण्टा जति बन्दै हुन्छ । म मनमनै नेपालका जिम्मेवार प्रमुखहरू यसरी फिल्ड (कार्यक्षेत्र) मा खटिनुपर्ने भन्दै मनमनै गुनासो गर्छु । म्यानेजर आएपछि फायर प्रमुखले यसो भन्छन्- Hello.... Hi See the video outside some heat.. the pump & in out investigation. Pump wire short & fire Any problem call me... I am Denver fire Depart head....

फायर प्रमुखले स्थान, परिवेश, समय, घटना, व्यक्ति, स्टोर प्रमुख आदिको सम्पूर्ण विवरण लिई बिदा हुन्छन् । अमेरिकी संस्कारमा सम्मानका साथ व्यवहार गर्दै Thank you एकापसमा भनिँदो रहेछ । यसले पनि मलाई प्रभावित बनाएको छ ।

पार्ट टाइमको काम भए पनि मलाई घरव्यवहार गर्न ठूलो मद्दत गरेको थियो । सङ्घर्षमा साथ दिएको थियो - पार्ट टाइमको कामले । मलाई जागिर जाने भो भन्ने चिन्ताले तुरुन्त सताउँछ । स्टोर म्यानेजर (नेपालका) ले इतिवृत्तान्त विवरण लिन्छन् - मसँग । बिहानको ६:०० बजिसकेको हुन्छ । चिन्ता र त्रासले डेरा जमाइरहन्छ । फायर डिपार्टले सम्पूर्ण काम पूरा गरिसक्दा म्यानेजर आइपुग्छन् । म्यानेजर आएपछि मात्र रजिस्टर खोलेका हुन्छन् । स्टोर चलिरहेको हुन्छ । मेरो समय ६:०० बजे पूरा हुन्छ । स्टोर म्यानेजर मार्फत जानकारी पाएर एरिया म्यानेजर पनि ६:०० बजे आइपुग्छन् । ६:०० बजे स्टोर म्यानेजर भन्छन्- Do not worry.... I am here.... Company insurance..... I will deal Area manager

म एरिया म्यानेजरलाई देखे पनि नदेखेझैँ गरी ६:३७ को 'H' लाइन रेल चढी नाइन माइल बस स्टोप पुग्छु । १३५ नं. बस चढी बासस्थान जाने क्रममा यात्रा अवधिभर म नेपाल सम्झन्छु । नेपालको शासन व्यवस्था र प्रणाली सम्झन्छु । नेपालमा जिम्मेवार अधिकारीहरू गैरजिम्मेवार बनेको, समयनिष्ठ नभएको, कामकर्तव्यप्रति उदासीन बनेको, चुस्त-दुरूस्त बन्न नसकेको र समय कटाउने मेलोको रूपमा जागिरलाई लिइरहेको भन्दै चिन्तित बन्छु । मनमनै जिम्मेवारी बोध गर्न सल्लाह दिन्छु । सबै जना आफ्नो काम-कर्तव्यप्रति जिम्मेवार नहुने र आदेशको भरमा व्यवस्था चलाउने प्रवृत्तिले नेपाल पछि परिरहेको अनुमान लगाउँछु । रातदिन नभनी ड्युटी गर्नुपर्ने, आकस्मिक सेवा स्ट्यान्ड बाई र चुस्त हुनुपर्ने भन्दै मनमनै गुनासो गर्छु- नेपालको सम्बन्धित निकायमा । इन्फास्ट्रक्चर (आधारभूत संरचना) को विकास सँगै यातायात प्रविधिमा विकास गर्नुपर्छ भन्ने मलाई लागेको छ । सम्बन्धित अधिकारीहरू आफ्नो काम-कर्तव्यप्रति जिम्मेवार बने मात्र समृद्ध नेपाल बन्ला ? **जनताले कर तिरेपछि सेवा-सुविधामा कसर नराख्ने विकसित देशबाट नेपालले धेरै पाठ सिक्नुपर्ने देखिन्छ ।**

उक्त घटना देख्दा/भोग्दा नेपालमा तीन मिनेटभित्र कहिले सेवा होला ? Are you fine? भन्दै कहिले प्यारामेडिकल टिम घटनास्थल (फिल्ड) पुग्ला ? राज्य समयनिष्ठ, जनता कर्मठ र देश विकसित कहिले होला भन्ने चिन्ताले रातदिन सताइरहन्छ । देश समृद्ध हुन तीन/चार तत्व आवश्यक छ भन्ने मेरो ठहर छ - समयनिष्ठ, कर्तव्यबोध, सिस्टम र श्रमको सम्मान. . . . . . . .।

*अरोरा, कोलोराडो, अमेरिका*
*अप्रिल १५, आइतबार, २०१८*

# नेपाल बीमक संघको लघुबीमा तालिम सम्पन्न




नेपाल बीमक संघले मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडका कर्मचारीहरूका लागि २ दिने तालिम सञ्चालन गरेको छ । नेपाल बीमक संघले जेष्ठ १३ र १४ गते सञ्चालन गरेको तालिममा संघका प्रमुख कार्यकारी अधिकृत द्रोण प्रसाद आचार्य, लुम्बिनी जनरल इन्सुरेन्सका प्रमख कार्यकारी अधिकृत नुर प्रकाश प्रधान र मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत **रामहरि दाहाल**को उपस्थिति रहेको थियो । चितवनको सौराहामा सम्पन्न उक्त तालिममा मेरो माइक्रोफाइनान्सका कर्पोरेट, ईलाका र शाखा कार्यालयका करीब १०० कर्मचारीहरूको सहभागिता रहेको थियो ।

तालिममा नेपाल बीमक संघका दिनेश पन्त, शिखर इन्सुरेन्स कं. लि. का सहायक महाप्रबन्धक उदित काफ्ले, प्रुडेन्सियल इन्सुरेन्स कं. लि. बीरगञ्जका क्षेत्रीय प्रबन्धक अमर गौतम, लुम्बिनी जनरल इन्सुरेन्स कं. लि. नारायणगढका क्षेत्रीय प्रबन्धक नवराज तिमिल्सिना, सिद्धार्थ इन्सुरेन्स कं. लि. नारायणगढका क्षेत्रीय प्रबन्धक माधव रेग्मी लगायत लघुवित्त र बीमा क्षेत्रका विज्ञहरूले सहजीकरण भूमिका गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत **रामहरि दाहाल**ले तालिमको औचित्य र आवश्यकताको बारेमा प्रष्ट पार्नुभएको थियो । सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी समापन भएको उक्त तालिममा लुम्बिनी जनरल इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रधानले लघुबीमाको अपरिहार्यता बारे प्रकाश पार्नुभएको थियो । नेपाल बीमक संघका प्रमुख कार्यकारी अधिकृत आचार्यले लघुवित्त संस्थाहरूको चौतर्फी नेटवर्क रहेको बताउँदै ती संस्थाहरू मार्फत जनस्तरमा सजिलै सेवा पुग्ने आशा व्यक्त गर्नुभएको थियो ।


मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत दाहालले उपस्थित सम्पूर्ण सहभागीहरू मार्फत लक्षित वर्गमा बीमा कार्यक्रमबारे जनचेतना फैलाउँदै सेवा दिनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

४६ जिल्लामा ७६ शाखा कार्यालयहरू मार्फत ७२ हजार विपन्न परिवारमा लघुवित्तीय सेवा दिइरहेको मेरो माइक्रोफाइनान्सले प्राथमिकताका आधारमा योजना बनाई लघुबीमाको सेवा दिन सम्पूर्ण सहभागीहरूलाई निर्देशन दिनुभएको थियो ।

लघुवित्तीय सेवा लिइरहेका बिपन्न परिवार र लघुउद्यमीहरूका जीवन तथा व्यवसायमा आइपर्ने जोखिम न्यूनीकरणका लागि बीमा कार्यक्रम अपरिहार्य रहेको नेपाल लघुवित्त बैंकर्स संघको निष्कर्ष र निर्णय बमोजिम नेपाल बीमक संघले नेपाल सरकार, सक्षम र युके एडको सहकार्यमा उक्त बीमा सेवा दिन शुरू गरेको हो ।

संघले सुलभ लागतमा ग्रहस्थ बीमा, व्यक्तिगत दुर्घटना बीमा, स्वास्थ्य बीमा, लघु व्यवसाय बीमा, गम्भीर प्रकृतिका रोग बीमा, पशु बीमा र बाली बीमा गरी चौतर्फी सेवा दिने योजना अघि सारेको छ ।

◆◆



# मेरो माइक्रोफाइनान्सको आ. व. २०७५/७६ को योजना तर्जुमा गोष्ठी सम्पन्न





नुवाकोट जिल्लाको बट्टारमा केन्द्रीय कार्यालय रहेको मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको आ. व. २०७४/७५ को कार्यक्रम समीक्षा तथा आगामी वर्षको योजना तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न भएको छ । २०७५ जेष्ठ ११ गतेदेखि चितवनको सौराहामा शुरू भएको उक्त गोष्ठीको समुद्घाटन संस्थाका प्रमुख कार्यकारी अधिकृत **रामहरि दाहाल**ले गर्नुभएको थियो । उमेशमान डङ्गोलले सञ्चालन गरेको उक्त कार्यक्रममा संस्थाका निमित्त नायव प्रमुख कार्यकारी अधिकृत नवराज दाहाल, योजना विभाग प्रमुख राजु प्रसाद पुडासैनी, वित्त विभाग प्रमुख बद्री प्रसाद अधिकारी, कर्जा विभाग प्रमुख सेर बहादुर गुरूङ्ग, मानव संसाधन विभाग प्रमुख बिजेन्द्र चौधरी लगायत कर्पोरेट कार्यालयका कर्मचारीहरू, अनुगमन कार्यालय र शाखा कार्यालयका प्रमुखहरू गरी करीब १०० जनाको उपस्थिति रहेको थियो । ४ दिनसम्म चलेको उक्त गोष्ठीमा दुई दिनसम्म चालु आ. व. को प्रगति समीक्षा तथा आगामी आ. व. को कार्यक्रम योजना तथा बजेट तर्जुमा कार्यक्रम सम्पन्न भएको थियो । जेष्ठ १३ र १४ गते नेपाल बीमक संघको सहकार्यमा सम्पूर्ण सहभागीहरूलाई लघुबीमा सम्बन्धी पुनर्ताजगी तालिम तथा रिलायबल इन्सुरेन्सको बीमा तालिम कार्यक्रम सञ्चालन गरिएको थियो ।

संस्थाले हालसम्म देशमा विभिन्न ४६ जिल्लाहरूमा ७६ वटा शाखा कार्यालयहरू मार्फत ७२ हजार बिपन्न परिवारहरूलाई लघुवित्तीय सेवा प्रदान गरिरहेकोमा आगामी वर्ष थप ५ जिल्लामा कार्यक्षेत्र बिस्तार गर्ने र नयाँ १० शाखा थप गरी जम्मा १ लाख सदस्यहरूलाई सेवा दिने लक्ष्य लिएको छ । ग्राहकमुखी सेवा र कर्मचारी–मैत्री प्रशासनको नीति अनुरूप आगामी वर्षमा संस्थाले ने. रा. बैंकको निर्देशन बमोजिम देशका वित्तीय पहुँच नपुगेका क्षेत्रहरूमा शाखाहरू खोली सेवा दिने, सेवाग्राहीहरूका लागि लघुबीमा सहितको पूर्ण लघुवित्तीय सेवा प्रदान गर्ने, भाखा नाघेको कर्जा शून्य गर्ने र सो को लागि कर्मचारी क्षमता अभिबृद्धिका थप कार्यक्रमहरू समेत गर्ने योजना रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत दाहालले बताउनुभएको छ ।



# राजनीतिक कारणले पलायन भएका विश्वनाथ ठाकुर अहिले कहाँ छन् ?






पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका संस्थापक नेता जननायक स्व. बी.पी. कोइरालाको विचारबाट प्रभावित भएर कलिलो उमेर देखि नै नेपाली कांग्रेससँग नजिकिएर नेपाल विद्यार्थी संघको सदस्य बनी एक इमान्दार कांग्रेसी युवाको रूपमा चिनिएका विश्वनाथ ठाकुर माओवादीबाट अलग रहेर तराई-मधेशमा वितण्डा मच्चाउँने भूमिगत समुहहरूको टारगेट बनेपछि नेपाल छाडेर भारतका विभिन्न शहरहरूमा बस्दै आएका थिए । नेपालमा राष्ट्रियताको संरक्षण र सम्बर्धन गर्दै प्रजातान्त्रिक समाजवाद स्थापना गर्ने सिंगो आन्दोलनको अर्को नाम नेपाली कांग्रेस हो ।

नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघको होनाहार कार्यकर्ता भएका कारण जनकपुर, धनुषा स्थित सिनुरजोडा-४ स्थायी घर भएका विश्वनाथ ठाकुरलाई भूमिगत सशस्त्र समुहले गोली ठोकी मार्ने धम्की दिएपछि उनी भारतको मुम्बई तर्फ भागे । त्यो रात नभागेको भए विश्वनाथ आज जिउँदो हुदैन थिए । भारतमा समेत विश्वनाथलाई त्यो समुहले पछ्याउने धम्की दिएपछि उनी मलेसिया र दुबईतर्फ भाँसिए ।

हेयरड्रेसर ब्युटी सैलुन सम्बन्धि सिनियर लेभलको काम गर्न जानेका उनी एक हेयरड्रेसर ब्युटी कलाकार तथा मोडल समेत थिए । हातमा सीप भएकाले उनी परदेशमा भएपनि खान लाउन चाहिँ पाइरहेको छु भन्थे रे । चिठीपत्र र इमेलद्वारा परिवारको सम्पर्कमा बस्दै आएका विश्वनाथ हाल अमेरिका पुगेको खबर उनका सहोदर भाइ जयनाथ ठाकुर बताउँछन् । राजनीतिक खिचातानी भएर माओवादीबाट छुट्टीएको विप्लव समुह र तराइका अन्य भूमिगत गिरोहका कारण पिडित भएर विदेश पलायन भएका युवाहरू मध्ये विश्वनाथ ठाकुर पनि एक हुन् ।



राजनीतिक अराजकताबाट धेरै युवा पिल्सिएर ज्यान बचाउँन विदेश पलायन भइरहेका खबर नेपालमा नौलो हा`इन । राजनीतिको फाइदा उठाउदै विभिन्न अलग समुह निर्माण गर्ने गिरीह तराई- मधेशमा दर्जनौं थिए । विश्वनाथको घर तराई-मधेश मै पर्ने भएकाले र उनी नेपाली कांग्रेसको चिनिएको जिल्ला तहको युवानेता भएका कारण भूमिगत समुहले उनलाई ज्यान मार्ने धम्की दिएको रहेछ । विश्वनाथ जस्ता सयौं युवा ज्यान बचाउँन विदेश पलायन हुनु पर्‍यो । जनकपुरका एक कांग्रेसी नेताका अनुसार विश्वनाथ नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता एवं नेपाल विद्यार्थी संघको एक होनाहार प्रजातान्त्रिक योद्धा भएका देशभक्त युवा भएकैले विद्रोहीहरूले उनलाई भाग्न बाध्य पारे ।

नेपाली कांग्रेस र उसको भातृ संगठन नेपाल विद्यार्थी संघका धेरै जसो नेता एवं कार्यकर्ताले आज विश्वनाथ ठाकुरलाई सम्झिरहेका छन् । समाजसेवी विश्वनाथ ठाकुरले आफ्ना कांग्रेसी साथीभाईसंग निम्न कुरा गरेको याद जनकपुरका ने.वि. संघका युवा नेता प्रकाश यादव यसरी सम्झन्छन्- 'विश्वनाथ दाइ भन्ने गर्नुहुन्थ्यो :- "वर्तमान सन्दर्भमा राष्ट्रियता, लोकतन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप गणतन्त्रात्मक राज्य, बहुलवादमा आधारित बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण गतिशील र शान्तिपूर्ण समाजको निर्माण गरी सामाजिक, राजनैतिक तथा आर्थिक विकास गर्ने उद्देश्य बोकेको नेपाली जनताको अगाढ श्रद्धा र सम्मान पाएको नेपाली कांग्रेस पार्टी नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी हो ।"

वि.सं. २०३१-०७-१० गते सिनुरजोडा-४, धनुषामा जन्मिएका विश्वनाथ ठाकुर ०४६ सालको जनआन्दोलन र ०६२।०६३ को आन्दोलनमा पनि प्रजातन्त्रका लागि लड्नु भएको थियो । नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्रीहरू स्व. कृष्ण प्रसाद भट्टराई र गिरिजा प्रसाद कोइरालाका प्रिय विश्वास पात्र विश्वनाथ ठाकुर पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति स्वर्गीय सुशील कोइरालाको समेत विश्वासपात्र हुनुहुन्थ्यो । नेपाल र नेपालीको हितका लागि सधैं मरि मेट्ने विश्वनाथ ठाकुर अमेरिकामा सकुशल बस्न पाउँन्, हाम्रो हार्दिक मंगलमय शुभकामना छ । गणतन्त्र दिवस २०७५ को उपलक्षमा यही छ हाम्रो शुभेच्छा ॥ जय नेपाल ॥

# नेपालमा लगानीका लागि विश्वका लगानीकर्ताहरूलाई ढकालको आग्रह




नेपालका एकजना उद्योगपति तथा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष **चन्द्रप्रसाद ढकाल**ले नेपालमा हाल स्थिर सरकार बनेको र लगानीको लागि सुरक्षित वातावरण निर्माण भएकोले नेपालका कैयौँ नयाँ क्षेत्रहरूमा लगानी गर्न विश्वका लगानीकर्ताहरूलाई आग्रह गर्नुभएको छ । स्वीट्जरल्याण्डको जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम संगठनको १०७ औँ सत्रलाई बिहीबार सम्बोधन गर्दै उहाँले नेपालमा लामो राजनीतिक संक्रमण र अस्थिरता पछि स्पष्ट बहुमतको सरकार निर्माण भई राजनीतिक स्थायित्व प्राप्त भएको भन्दै लगानीका नयाँ र कैयौँ सम्भावनाहरू तर्फ विश्वका लगानीकर्ताहरूको ध्यानाकर्षण गराउनुभएको हो ।

नेपाल रोजगारदाता परिषद्को अध्यक्ष समेत रहनुभएका ढकालले नेपाली उद्योगीका हैसियतमा सम्बोधन गर्दै नेपालले श्रमसम्बन्धी कानुनमा हालै सुधार गरेको र यसबाट श्रमिकका हकअधिकारहरूको सुनिश्चितामा उल्लेख्य व्यवस्था गरिएकाले औद्योगिक उत्पादन र रोजगारी सृजनाका क्षेत्रमा नेपालले अब उल्लेख्य उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको पनि स्पष्ट गर्नुभयो । श्रमिकहरूको सामाजिक सुरक्षासहितका विषयलाई समेत समेटेर श्रम कानुनमा गरिएको पछिल्लो यस सुधारले औद्योगिक सम्बन्धको विकास र प्रवर्द्धनका साथै श्रमिकहरूका लागि कार्यक्षेत्रमा हुने सहयोगमा ठूलो सघाउ पुऱ्याउने अपेक्षा नेपालका उद्यमीहरूले गरेको ढकालले बताउनुभयो ।

नेपालमा हालैका दिनमा विकसित राजनीतिक स्थीरताका कारण देशमा रोजगारीका थप सम्भावनाहरूको वृद्धि, औद्योगिक उत्पादन तथा सम्बन्धमा विकास र विस्तार तथा उत्पादकत्व र आर्थिक वृद्धिका क्षेत्रमा पनि उल्लेख्य प्रगति हुने अपेक्षा मुलुकको निजी क्षेत्रले गरेको धारणा पनि सो सम्बोधनमा राख्नुभएको छ । यसरी गरिने औद्योगिक विकासले नेपालमा समावेशी आर्थिक विकास, रोजगारीका प्रवर्द्धन र नयाँनयाँ क्षेत्रमा आर्थिक लगानीका अवसरहरू सृजना हुने र यसले नेपालमा दिगो आर्थिक विकासमा सघाउ पुग्ने अपेक्षा नेपाल सरकार र नेपालको निजी क्षेत्रले गरेको पनि ढकालले बताउनुभयो ।

आर्थिक वृद्धिले मात्र पनि सामाजिक न्याय हुन नसक्ने भन्दै ढकालले आर्थिक विकासको प्रतिफल देशको तल्लो तहसम्म तथा निम्नवर्गका नागरिकसम्म पुग्न सक्नुपर्नेमा जोड दिँदै यसका लागि उद्यमशीलताको दिगो विकास र उचित नीतिको ठूलो महत्व रहने र यसले नै कुनै पनि देशको सामाजिक रूपान्तरणका लागि सघाउ पुऱ्याउने धारणा पनि उहाँले राख्नुभयो । कुनै पनि देशमा र नेपालमा पनि श्रमिक र उनीहरूका संघ संगठनहरूको क्षमता अभिवृद्धि एक महत्वपूर्ण कार्य हो भन्दै औद्योगिक विकास, उत्पादकत्व वृद्धि, श्रमिकको हकअधिकारको संरक्षण र रोजगारीको सृजनामा यसले सहयोग पुऱ्याउने भन्दै यस्तो क्षमता अभिवृद्धिमा सबैको साझाचासो र अग्रसरताको अपेक्षा गरिएको पनि उहाँले बताउनुभयो ।

यस क्षेत्रमा आइएलओको आर्थिक तथा प्राविधिक सहयोगको नेपालले अपेक्षा गर्ने धारणा पनि उहाँले सो सम्बोधनका क्रममा राख्नुभयो । उक्त सत्रमा आइएलओका सदस्य रहेका विश्वका १८० भन्दा बढी देशका सरकार तथा राज्यप्रमुख, श्रममन्त्री, उद्यमी तथा औद्योगिक क्षेत्रका अगुवा र प्रतिनिधि तथा श्रमिक र श्रमिक नेताहरू गरी ४ हजार भन्दा बढीको सहभागिता रहेको ढकालले जानकारी दिनुभएको छ । जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम संगठनको १०७ औँ सत्र यही मे २८ देखि जुन ८ सम्म सञ्चालन हुनेछ । ◆◆


**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
**सामाजिक सुरक्षा कोष**
**बबरमहल, काठमाडौं**
(फोन : ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**सामाजिक सुरक्षा कोष - एक जानकारी :** नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने कुराको सुनिश्चिता गरेको छ ।
"सामाजिक सुरक्षा जीवनको साहारा" भन्ने अवधारण अनुरूप लक्षित कार्यक्रम मार्फत वि.सं. २०५१ सालबाट राज्यले सामाजिक सहायताका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामाजिक सहायताका कार्यक्रमहरू विभिन्न १ दर्जन भन्दा बढी निकायबाट संचालन भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाका लागि पनि सञ्चय कोष, कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोष लगायतका निकायहरू स्थापना गरिएको अवस्था छ ।
आर्थिक तथा सामाजिक रूपमा जोखिममा रहेका नागरिकहरूको मर्यादाको रक्षाको लागि सामाजिक सुरक्षाको अवधारणा विकसित भएको हो । सामाजिक सुरक्षा अर्न्तगतको सहायता कार्यक्रमले बेरोजगारी, आयआर्जनको कमि वृद्धावस्था वा द्वन्द्वका कारण जीवन निर्वाहमा कठिनाइ परेको अवस्थामा सहयोग प्रदान गर्ने कार्यलाई जनाउछ ।
हाल सरकारबाट प्रदान गरिदै आएका वृद्धा भत्ता, एकल महिला भत्ता, विधवा भत्ता वितरण जस्ता कार्य सामाजिक सहायताका कार्यक्रमहरू हुन भने सञ्चय कोष तथा कल्याणकारी कोषबाट प्रदान गरिने सेवाहरू योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम हुन् ।
सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा सम्बन्धी एकिकृत कानूनको मस्यौदा तयारी गरी श्रम तथा रोजगार मन्त्रालय मार्फत व्यवस्थापिक संसदमा पेश भएको अवस्था छ ।
उक्त कानुन पारित भएपछि सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षाका बीमा योजनाहरू क्रमशः लागू गर्ने र क्रमशः अन्य कार्यक्रमहरू एकीकृत गर्दै लगि सबै नागरिकलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गरी सर्वव्यापी सामाजिक सुरक्षा सञ्जालको स्थापना गर्ने लक्ष्यमा अगाडि बढिरहेको छ ।
यस कोष सामाजिक सुरक्षाको कार्यक्रम तयारीको चरणमा रहेको र यस कार्यमा सरकारी गैरसरकारी निकाय, निजी क्षेत्र, नागरिक समाजबाट सहयोग आशा गरिएको छ । धन्यवाद ।





# कुण्डिकोपनिषत् – ३१

*कुण्डिकोपनिषत्ख्यातपरिव्राजकसंततिः ।*
*यत्र विश्रान्तिमगमत्तद्रामपदमाश्रये ।१।*
*ॐ आप्यायन्त्विति शान्तिः ।*

*हरिः ॐ । ब्रह्मचर्याश्रमे क्षीणे गुरुशुश्रूषणे रतः । वेदानधीत्यानुज्ञात उच्यते गुरूणाश्रमी ।१। दारमाहृत्य सदृशमग्निमाधाय शक्तितः । ब्राह्मीमिष्टिं यजेत्तासामहोरात्रेण निर्वपेत् ।२। संविभज्य सुतानर्थे ग्राम्यकामान्विसृज्य च । संचरन्वनमार्गेण शुचौ देशे परिभ्रमन् ।३। वायुभक्षोऽम्बुभक्षो वा विहितैः कन्दमूलकैः । स्वशरीरे समाप्याथ पृथिव्यां नाश्रु पातयेत् ।४। सह तेनैव पुरुषः कथं सन्न्यस्त उच्यते । सनामधेयो यस्मिंस्तु कथं सन्न्यस्त उच्यते ।५। तस्मात्फलविशुद्धाङ्गी सन्न्यासं संहितात्मनाम् । अग्निवर्णं विनिष्क्रम्य वानप्रस्थं प्रपद्यते ।६। लोक-वद्भार्ययाऽऽसक्तो वनं गच्छति संयतः । सन्त्यक्त्वा संसृतिसुखमनुतिष्ठति किं मुधा ।७। किं वा दुःखमनुस्मृत्य भोगांस्त्यजति चोच्छ्रितान् । गर्भवासभयाद्भीतः शीतोष्णाभ्यां तथैव च ।८। गुह्यं प्रवेष्टुमिच्छामि परम पदमनामयमिति । सन्न्यास्याग्निमपुनरावर्तनं यन्मृत्युर्जाय मावहमिति ! अथाध्यात्ममन्त्राञ्जपेत् । दीक्षामुपेयात्काषाय वासाः । कक्षोपस्थलोमानि वर्जयेत् । ऊर्ध्वबाहुर्विमुक्तमार्गो भवति । अनिकेतश्चरेद्भिक्षाशी । निदिध्यासनं दध्यात् । पवित्रं धारयेज्जन्तु-संरक्षणार्थम् । तदपि श्लोका भवन्ति । कुण्डिकां चमसं शिक्यं त्रिविष्टपमुपानहौ । शीतोपघातिनी कन्थां कौपीनाच्छादनं तथा ।९। पवित्रं स्नानशाटीं च उत्तरासङ्गमेव च । अतोऽतिरिक्तं यत्किंचित्सर्वं तद्वर्जयेद्यतिः ।१०। नदीपुलिनशायी स्याद्देवागारेषु बाह्यतः । नात्यर्थं सुखदुःखाभ्यां शरीरमुपतापयेत् ।११। स्नानं पानं तथा शौचमद्भिः पूताभिराचरेत् । स्तूयमानो न तुष्येत निन्दितो न शपेत्परान् ।१२। भिक्षादिवैदलं पात्रं स्नानद्रव्यमवारितम् । एवंवृत्तिमुपासीनो यतेन्द्रियो जपेत्सदा ।१३। विश्वासमनुसंयोगं मनसा भावयेत्सुधीः । आकाशाद्वायुर्वायोर्ज्योतिर्ज्योतिष आपोऽद्भ्यः पृथिवी । एषां भूतानां ब्रह्म प्रपद्ये । अजरममरमक्षरमव्ययं प्रपद्ये । मय्यखण्डसुखाम्भोधौ बहुधा विश्व-वीचयः । उत्पद्यन्ते विलीयन्ते मायामारुतविभ्रमात् ।१४। न मे देहेन संबन्धो मेघेनेव विहायसः । अतः कुतो मे तद्धर्मा जाग्रत्स्वप्नसुषुप्तिषु ।१५। आकाश-वत्कल्पविदूरगोऽहमादित्यवद्भास्यविलक्षणोऽहम् । अहार्यबन्नि-त्यविनिश्चलोऽहमम्भोधिवत्पारविवर्जितोऽहम् ।१६। नारायणोऽहं नरकान्तकोऽहं पुरान्तकोऽहं पुरुषोऽ हमीशः । अखण्डबोधोऽहमशेषसाक्षी निरीश्वरोऽहं निरहं च निर्ममः ।१७। तदभ्यासेन प्राणापानौ संयम्य तत्र श्लोका भवन्ति । वृषणापानयोर्मध्ये पाणी आस्थाय संश्रयेत् । सन्दश्य शनकैर्जिह्वां यवमात्रे विनिर्गताम् ।१८। माषमात्रां तथा दृष्टिं श्रोत्रे स्थाप्य तथा भुवि । श्रवणे नासिके गन्धा यतः स्वं न च संश्रयेत् ।१९। अथ शैवपदं यत्र तद्ब्रह्म ब्रह्म तत्परम् । तदभ्यासेन लभ्येत पूर्वजन्मार्जितात्मनाम् ।२०। संभूतैर्वायु-संश्रावैर्हृदयं तप उच्यते । ऊर्ध्वं प्रपद्यते देहाद्भित्त्वा मूर्धानमव्ययम् ।२१। स्वदेहस्य तु मूर्धानं ये प्राप्य परमां गतिम् । भूयस्तेन निवर्तन्ते परावरविदो जनाः ।२२। न साक्षिणं साक्ष्यधर्माः संस्पृशन्ति विलक्षणम् । अविकारमुदासीनं गृहधर्माःप्रदीपवत् ।२३। जले वापि स्थले वापि लुठत्वेष जडात्मकः । नाहं विलिप्ये तद्धर्मैर्घटधर्मैर्नभो यथा ।२४। निष्क्रियोऽस्म्यविकारोऽस्मि निष्कलोऽस्मि निराकृतिः । निर्विकल्पोऽस्मि नित्योऽस्मि निरालम्बोऽस्मि निर्द्वयः ।२५। सर्वात्मकोऽहं सर्वोऽहं सर्वातीतोऽहमद्वयः । केवलाखण्ड-बोधोऽहं स्वानन्दोऽहं निरन्तरः ।२६। स्वमेव सर्वतः पश्यन्मन्यमानः स्वमद्वयम् । स्वानन्दमनुभुञ्जानो निर्विकल्पो भवाम्यहम् ।२७। गच्छंस्तिष्ठन्नुपविशञ्छयानो वाऽन्यथापि वा । यथेच्छया वसेद्विद्वानात्मारामः सदा मुनिः ।२८। हरिः ॐ तत्सत् ।*

*कुण्डिकोपनिषत् नामी परिव्राजकवर्गमा !*
*जहाँ पुगेर विश्रान्ति मिल्छ, त्यै पद भज्छु म ! ।*

ॐ आप्यायन्तु, शान्तिः ! शान्तिः !! हरि ॐ ब्रह्मचर्याश्रममा रहेर त्यो आश्रम समाप्त भएपछि गुरुसेवामा लागेको व्यक्ति वेदहरू पढिसकेर गुरुले स्वीकृति दिएपछि आश्रमी हुन्छ । आफू सुहाउँदी पत्नी लिएर गृहस्थाश्रमी बनी अग्निहोत्रादि यज्ञहरू ब्रह्मयज्ञहरू शक्तिअनुसार रातदिन हवन गरोस् । त्यसपछि सम्पत्ति जति संतानलाई भाग लगाइदिएर भोगविलास सबै त्यागेर वनवन घुम्दै, पवित्रस्थलहरू घुम्दै हावा खाने पानी खाने वा कन्दमूल-फल खाने बनी आफ्नो भनिने शरीर नै समापन गरोस् र यही पृथिवीमा आँसु चाहिँ नचुहाओस् ! किनभने पूर्वोक्त यी सबै काम त सबै नै गरिरहेकै छन्, गरिसकेर गए, गरिरहने पनि छन् ! त्यही त्यही व्यवहार वा व्यवसाय लिएर, त्यसैसँग सम्बन्धित रहेर, खुसी वा अपशोच लिएर, पछ्तो सँगालेर त कसरी सन्यस्त (सन्न्यासी) भनिन्छ र ? यताको नामैसमेत साथमा गाँस्दै हिँडेर त सन्यस्त कहाँ गनिन्छ त ?

त्यसैले फलफूलले विशुद्ध शरीरवाला भई आफूमा सन्न्यास भर्न सक्नुपर्छ । अग्निवर्ण (पञ्चयज्ञ) गरिने गृहस्थको रूप) बाट निस्केर (पर सरेर) मात्र वानप्रस्थमा पुगिन्छ । त्यस बेला संसारी भौँ पत्नीसमेत लिई संयमित तवरले वनतिर लाग्दछ । संसृतिसुख (सांसारिक सुखैश्वर्य र सम्बन्ध आदि सब थोक) बहिष्कारै गरेर हिँडोस् ! व्यर्थका कुरै किन र ? अथवा पुराना पहिलेका दुःखहरू संझेरै के काम र ? कठोर भोगहरू छोडिदिन्छ वानप्रस्थ त । गर्भवासको दुःखबाट भयभीत र चीसो-तातो-मीठो-नमीठोबाट भयभीत भई गुह्य र परमपदमा अनामय भै प्रवेश गर्न चाहन्छु भन्ने अठोट गरोस् वा ऊ यस्तो निश्चय गर्छ कि 'यस्ता अगणित दुःखबाट मुक्त हुन मृत्युञ्जयी पुनरावर्तनहीन सन्न्यासरूप अग्निले मलाई धारणा गरोस् !' बस् ।

त्यसपछि मात्र अध्यात्म मन्त्रहरू जपोस् ! दीक्षा पाएर, गेरुवस्त्र लगाएर, शरीरभरका रौँहरू मुडेर, उपल्लातिर लाग्ने, विमुक्ति-मार्गमा बढ्ने हुन्छ । त्यस स्थितिमा ऊ घरभित्र घुस्दै नघुस्ने र भिक्षा मिलेमात्र खाने, नियम र निदिध्यासन धारण गर्ने हुन्छ । जीवनन्तुको रक्षार्थ पवित्र (पवित्री) लिने गरोस् ! त्यसमा पनि उक्ति श्लोकहरू छन्: यति (वानप्रस्थ) ले कमण्डलु, चमस (काठको भाँडो वा तुम्बो), कुश वा मुँजको वस्तु, त्रिविष्टप (तीनहाते लठ्ठी ?), जुत्ता (खराउ, चट्टी), ठण्डा गर्मी बचाउन मात्रको थाङ्नो, कौपीन, बर्को, पवित्र, नुहाउने धोती, फेर्ने धोती, यस्तै नभई नहुने कुनै कुरोबाहेक अरू सब थोक छोडनु पर्छ । नदी, बगर, देवालयको बाहिरी ठाउँ, सुत्ने बस्ने गरी शरीरलाई अत्यन्त दुःखसुखमा नपारोस् ! नुहाउनु, पानी पिउनु, शौचादि गर्नु, खानु आदिमा पानीमै चोखिने गरोस् ! प्रशंसा पाए खुशी र निन्दा पाए सराप नगरोस् ! भिक्षा आदिमा बेदाना चीज भाँडामा र नुहाउने चीजसम्म लेओस् ! यस्तो वृत्तिमा इन्द्रिय नियंत्रित राखी सधैँ जपमै लागोस् ! त्यो बुद्धिमान् यति विश्व-रचनाका लागि यो सब मनुले संयोग गरेका हुन्

भन्ने मनले सोच्न नछाडोस् ! अकाशबाट वायु, त्यस बायुबाट ज्योति, त्यसबाट पानी, त्यसबाट पृथिवी, यिनैबाट समग्र प्राणीको ब्रह्म बनेको हो र म त्यसलाई भेट्टाउँछु ! अजर-अमर-अव्यय भेट्टाउँछु ! मैभित्र अखण्ड सुखसागर छ, विश्वसमूहहरू प्रशस्त छन्, मायारूपी हावाले हुरेलिँदा कति उदाउँछन् र कति त बिलाउँदै जान्छन् ! मेरो शरीरसँग सम्बन्धै छैन, मेघसित आकाशको नाता जस्तै हो । यसैले मेरा जाग्रत् स्वप्न, सुषुप्तिहरूमा के पो धर्म छ, केको नाता छ र ?

त्यसपछि जहाँ शैव पद हुन्छ, त्यही तद्ब्रह्म हुन्छ र त्यसभन्दा पर परब्रह्म रहन्छ । त्यसको अभ्यास गर्नाले आफ्ना पूर्वजन्मद्वारा आर्जित सब थोक भेट्टाउने छ । त्यसरी उत्पन्न भएका वायुको नाद सुन्नाले हृदयतप कहिन्छ । त्यो वायु मास्तिर चढ्दै शरीर भित्रभित्रैबाट फोर्दै (छेड्दै) अव्यय मूर्द्धामा पुग्दछ । स्वदेहको मूर्धामा जुन जुन वायु पुग्छन्, ती परम गतिमा पुग्छन्, त्यहीँ लीन भइहाल्छन् । ती फेरि फर्केर आउने होइनन् । यसै भन्छन् परावरविद्हरू । साक्ष्यधर्मी विलक्षण साक्षीलाई पनि छुँदैनन्, अविकार उदासीनलाई पनि गृहधर्मीहरू बत्ती भैँ छुँदैनन् । अर्थात् त्यस्ता यतिहरूउपर गृहस्थीहरू हस्तक्षेप र बाधावरोध पार्दैनन् ।

जलमा होस् कि थलमा होस्, यो जडात्मक जीउ लण्ठिने हो लण्ठोस् ! म दैहिक धर्महरूसित घटधर्महरूसँग जसरी आकाश मुछिन्न, म पनि लिप्सिन्नँ । म त निष्क्रिय छु, निष्कल छु, निराकृति छु ! अनि निर्विकल्प छु, नित्य छु, निरालम्ब छु, निर्द्वय छु, ! म त सर्वात्मक हुँ, सर्व हुँ, सर्वातीत हुँ, अद्वय हुँ र केवल अखण्डबोध हुँ, स्वानन्द हुँ र निरन्तर हुँ ! म सबैतिर आफैलाई हेर्दै, आफैलाई अद्वय मान्दै, आफैमा आनन्द-स्वानन्द भोग्दै, निर्विकल्प हुन्छु म त !

यस्तै प्रकारले हिँड्दा, रहँदा, बस्ता, सुत्दा, अरू थोक जे सुकै गर्दा पनि त्यो विद्वान्, आत्माराम, मुनि सदासर्वदा इच्छानुसार बसोस् ! किनभने ऊ सर्वज्ञ छ, अप्रतिबन्धित छ !

आप्यायन्तु, शान्तिः ! शान्तिः !! शान्तिः !!!

हरि ॐ तत्सत् ।


**नागरिक लगानी कोषद्वारा सञ्चालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु. ४० लाखसम्म कर्जा दिन सकिने ।
- बीमा कोष योजनाअन्तर्गत कोषले निजामति बीमा, शिक्षक बीमा, सैनिक बीमा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बीमा कोष योजना संचालन गर्दै आइरहेको छ । कार्यरत अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा मृतकको हकवालाले रु. १ लाखसम्मको बीमा रकम पाउनेछन् ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर / जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैयाँसम्म वार्षिक ९.५ प्रतिशत ब्याजमा लिन पाइने ।
- आफू र आफ्नो परिवारको उच्च शिक्षा हासिल गर्नको लागि घर/जग्गा धितो राखेर शैक्षिक कर्जाको रुपमा बढीमा रु. ३५ लाख रुपैयाँसम्म वार्षिक ९ प्रतिशत ब्याजमा कर्जा पाइने व्यवस्थामा सहभागी होऔं ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

**नागरिक लगानी कोष**

**नयाँ बानेश्वर, काठमाडौं । पोष्ट बक्स नं. ५८२३**

**फोनः ०१-४७८५३१९, ०१-४७८५३२५**

**फ्याक्स : ०१-४७८४९४५**

Email: info@nlk.org.np Web : www.nlk.org.np



